# राष्ट्रिय सूचना आयोग

## वार्षिक प्रतिवेदन

## २०६५–०६६


राष्ट्रिय सूचना आयोग

नयाँ बानेश्वर, थापागाउँ, सीडीओ टोल, बुलबुले मार्ग,
काठमाडौँ, नेपाल
फोन ४४६१६१२, ४४६४८६२
इमेल : nicnepal@wlink.com.np
वेबसाइट : www.nic.gov.np

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

मिति : २०६६ भदौ २६ गते

११ सेप्टेम्बर, २००९

विषय : पहिलो वार्षिक प्रतिवेदन ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ अनुसार राष्ट्रिय सूचना आयोगले आयोग गठन भएदेखि आर्थिक वर्ष २०६५-६६ को असार मसान्तसम्म सम्पादन गरेका काम तथा संविधानमा नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरिएको सूचनाको हक कार्यान्वयन गर्न गराउनका लागि गर्नु पर्ने कामका बारेमा आवश्यक सुझावहरू सहित यो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरेका छौं । साथै सर्वसाधारणको जानकारीको लागि यो प्रतिवेदन आयोगको वेबसाइट www.nic.gov.np मा पनि राखेका छौं ।

| | | |
|---|---|---|
| (सबिता भण्डारी बराल) | (श्रीआचार्य) | (विनयकुमार कसजू) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

# विषयसूची

भूमिका

१. प्रतिवेदनको सार

खण्ड : क

२. सूचनाको हकको कानुनी परिवेशको विकास

३. सार्वजनिक निकायको दायित्व

सार्वजनिक निकायको परिभाषा

सार्वजनिक निकायको सूचना प्रवाह गर्ने दायित्व

सूचना प्राप्त गर्ने कार्यविधि

सूचना बापत लाग्ने दस्तुर

४. पुनरावेदनसम्बन्धी व्यवस्था

पुनरावेदन दिन सक्ने अवस्था

पुनरावेदनमाथि कारवाही र निर्णय गर्ने कार्यविधि तथा अवधि

सजायसम्बन्धी व्यवस्था

क्षतिपूर्तिको व्यवस्था

सजायमाथि पुनरावेदनको व्यवस्था

५. राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको नियुक्ति प्रक्रिया

राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको योग्यता

राष्ट्रिय सूचना आयोगको गठन र नियुक्ति

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको कार्यकाल

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको सेवासर्त

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको शपथ

कार्यालयको स्वरुप

कर्मचारीहरूको व्यवस्था

बजेटको व्यवस्था

खण्ड : ख

६. आयोगका गतिविधिहरू

- क) पुनरावेदन/उजुरीमाथि निर्णय/कारवाही
- ख) प्रवर्द्धनात्मक कार्य
- ग) अनुगमन, अध्ययन

खण्ड : ग

७. आयोगको सुझाव

खण्ड : घ

८. परिशिष्ट

- क) पुनरावेदन/उजुरीमाथि निर्णय/कारवाही
- ख) प्रवर्द्धन कार्य
- ग) अनुगमन
- घ) आ.व.२०६५-६६ को खर्च
- ङ) प्राप्त सुझाव

# भूमिका

'नजाने गाउँको बाटै नसोध्नु' भन्ने उखान अधिनायकवादी शासन व्यवस्थाका लागि अनुकूल होला, किनकि यसले मानिसलाई आफूसँग सरोकार नभएका विषयमा चासो नराख्नु भन्ने सन्देश दिन्छ । तर लोकतान्त्रिक व्यवस्थामा जनताले सरकार र सार्वजनिक निकायका हरेक काम कारवाहीप्रति चासो राखेनन् भने ती निकायहरू भ्रष्ट र अलोकतान्त्रिक बन्न बेर लाउँदैनन् । यसैले लोकतान्त्रिक व्यवस्थामा सूचना जनताको अधिकार मात्रै होइन कर्तव्य पनि मानिन्छ ।

लोकतान्त्रिक व्यवस्थामा जनता नै देशको मालिक हुन्छ । तर लोकतान्त्रिक व्यवस्थाको लामो अनुभव भएका देशमा पनि जनताको लोकतान्त्रिक अधिकार प्रायः निर्वाचनमा मतदान गर्ने काममा सीमित हुन पुगेको देखिन्छ । वास्तवमा र व्यवहारमा जनतालाई देशको मालिक बन्ने / बनाउने काम सूचनाको हकले गर्छ । सूचनाको हकको कार्यान्वयनले मात्रै राज्यका कामकार्वाहीहरूमा जनताको प्रत्यक्ष सहभागिता सम्भव बनाउँछ । यसका लागि सूचना दिने र लिने दुबै पक्षको सोचाइ र व्यवहारमा परिवर्तन आउनुपर्छ । दुबै पक्ष यसका लागि तयार र सक्षम हुनुपर्छ ।

वास्तवमा सूचनाको हकसम्बन्धी ऐन पारित गर्नु गोप्यताको संस्कारबाट मुक्त भएर खुलापन र पारदर्शी समाजमा प्रवेश गर्ने संकल्पको संकेत हो । व्यवहारमै लोकतन्त्र अपनाउने दिशामा यो एउटा ठूलो फड्को मार्ने तयारी हो, अँध्यारोबाट उज्यालोतिरको यात्राको थालनी हो । यसै सन्दर्भमा २०६३ सालको जनआन्दोलनको परिणामस्वरूप नेपालले सुरु गरेको लोकतान्त्रिक यात्रा सफल रूपमा सम्पन्न गर्नका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ दरिलो साधनका रूपमा उपलब्ध भएको छ ।

विगतमा नेपाली जनताले सरकार र सत्ताधारीहरूलाई शासक र शोषकको रूपमा देखे । उनीहरूले सत्तालाई कहिल्यै पनि आफ्नो सहयोगी वा मित्रको रूपमा अनुभव गर्न पाएनन् । फलस्वरूप लोकतन्त्रको आगमनपछि पनि नेपाली जनताले सरकारलाई आफ्नो हितैषी र आफूलाई सरकारको अंग वा सहभागीको रूपमा हेर्न सकेका छैनन् । आफैले भोट दिएर बनेका सरकारहरूलाई पनि आफ्नो ठान्ने गरेका छैनन् । सरकार भनेको जनतालाई शोषण दमन गर्ने संयन्त्र हो र कर्मचारी र नेताहरू बेग्लै सुविधाभोगी वर्ग हुन् भन्ने धारणाको जरा अझै पनि चुँडिएको छैन । यो स्थिति रहँदासम्म लोकतन्त्र बलियो र व्यावहारिक हुन सक्तैन ।

सूचनाको हकसम्बन्धी ऐनले जनतामा व्याप्त यो धारणालाई चिर्ने अवसर दिएको छ । यो अवसर जनताको लागि मात्रै नभएर स्वयं सरकार, सरकारी संयन्त्र, राजनीतिक दल र नेताहरूको लागि पनि हो । गोप्यताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्रलाई पारदर्शी, जिम्मेवार र जनताप्रति संवेदनशील बनाउने र जनताको विश्वास आर्जन गर्ने यो ठूलो अवसर र चुनौति पनि हो । त्यसैले जनताको यो अधिकारलाई बाधक वा शत्रुको रूपमा लिइयो भने लोकतान्त्रिक व्यवस्थाका प्रमुख अंगका रूपमा रहेका राजनीतिक दल, सरकार, प्रशासन यन्त्र र सार्वजनिक निकायलाई नै नोक्सान हुनेछ भन्ने कुरा बुझ्नु जरुरी छ ।

सन् १९४६ मा, संयुक्त राष्ट्र संघको साधारण सभाले "सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने कसी हो" भन्ने प्रस्ताव स्वीकार गरेको थियो । त्यसको लगत्तै नागरिक तथा राजनीतिक अधिकारको अन्तरराष्ट्रिय महासन्धिको धारा १९ मा समावेश गरेर सूचनाको हकलाई अन्तरराष्ट्रिय वैधानिक हैसियत दिइयो । त्यस बेलादेखि असीभन्दा धेरै देशले सूचनाको हकको कानुन लागू गरिसकेका छन् । नेपाल पनि सूचनाको हकसबन्धी ऐन लागू गर्ने देशहरूको पंक्तिमा छ ।

लोकतन्त्रको स्थायित्व र सुसंचालनका लागि सूचनाको हक कानुन अपरिहार्य छ, तर कानुन बन्नु मात्रै पर्याप्त हुँदैन । बन्द सरकारी परिवेशलाई खुला लोकतन्त्रमा रूपान्तरित गर्न कानुनले मात्रै केही गर्न सक्तैन । गोप्यताको संस्कृतिमा हुर्केको कर्मचारीतन्त्र, सूचनाको हकसँग नमिल्दो/परस्पर बाझिने कानुन, पुराना प्रक्रियागत र व्यवस्थापनको बाधाअडचन तथा पदाधिकारीहरूको कानुनको बुझाइमा कमीका साथै नेपाली समाज र सरकारभित्र मौलाएका कतिपय बाधाहरू पार नगरी गोपनीयताको संस्कृतिबाट खुलापनतिर लाग्न सकिँदैन ।

व्यावहारिक रूपमा सरकार र सार्वजनिक निकायहरूलाई खुला गर्न प्रचलित सम्पूर्ण ऐन, नियम र निर्देशिकाहरूलाई समीक्षा, संशोधन र समन्वय गरेर कर्मचारीहरूलाई सूचना खुला गर्नु पर्ने दायित्वबारे स्पष्ट/प्रतिवद्ध गराउनु आवश्यक छ । सार्वजनिक निकायका बैठकहरू खुला गर्न, शंखघोषकहरूको संरक्षण गर्न, साथै सूचना सार्वजनिक गर्ने प्रक्रियागत कुराहरूलाई सहज बनाउन थप तथा पूरक कानुनहरू आवश्यक छन् । सूचनाको माग पूरा गर्ने र अनुगमन गर्ने प्रणालीलाई प्रभावकारी बनाउनुका साथै ऐन लागू गर्ने कर्मचारीहरूलाई तालिम र निर्देशन दिने स्रोत साधन र त्यसको व्यवस्था हुनुपर्छ ।

सूचनामा पहुँच हुन नदिने सबै खालका वाधा व्यवधान हटाउनका लागि स्पष्ट र दृढ राजनीतिक प्रतिवद्धता भयो भने मात्रै गोपनीयताको संस्कार र परम्परा फेर्न सकिन्छ । पारदर्शिता, जिम्मेवारी तथा जनसहभागितालाई प्रवर्द्धन गर्न सरकारले सबै कर्मचारीसमक्ष बलियो सन्देश पुर्‍याउनु पर्छ । खास गरी ऐन कार्यान्वयनका प्रारम्भिक अवस्थामा बलियो राजनीतिक संकल्पको आवश्यता धेरै हुन्छ, जुन आयोगले पटक्कै महसुस गर्न पाएको छैन ।

राष्ट्रिय सूचना आयोगको प्रस्तुत वार्षिक प्रतिवेदनले आयोगका वर्षभरिका गतिविधिहरूका साथै सूचनाको हकलाई नेपालमा प्रभावकारी र व्यावहारिक रूपमा कार्यान्वयन गर्दा आइलाग्न सक्ने वाधा व्यवधान र चुनौतिहरूको पहिचान गरी आवश्यक कदम र उपायहरूका बारेमा विस्तृत सुझव दिने प्रयास गरेको छ । यसले भावी कार्यक्रमका लागि पनि बाटो देखाउने आशा र विश्वास छ ।

राष्ट्रिय सूचना आयोग

# १. प्रतिवेदनको सार

नेपालको अन्तरिम संविधानले प्रत्याभूत गरेको नागरिकको सूचनाको हकलाई कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन २०६४ आएको हो । यो ऐन २०६४ साउन ५ गते व्यवस्थापिका संसद्बाट पारित भई भदौ ३ गतेदेखि लागू भयो । ऐन कार्यान्वयनलाई प्रभावकारी र सरल बनाउन २०६५ माघ २७ गते सूचनाको हकसम्बन्धी नियमावली, २०६५ जारी भयो ।

ऐन कार्यान्वयन, प्रवर्द्धन र अनुगमन गर्ने उद्देश्यले २०६५ जेठ २२ गते राष्ट्रिय सूचना आयोगको गठन भयो । यो प्रतिवेदन आयोग गठन भएदेखि गत आर्थिक वर्ष अर्थात् २०६६ असार मसान्तसम्मको आयोगको गतिविधि, अनुभव र सुझावको अभिलेख हो ।

नेपालमा सूचनाको हकलाई संवैधानिक र कानुनी रूपमा स्थापित गर्न तथा सूचनाको हकसम्बन्धी ऐन निर्माण गर्न अन्तरराष्ट्रिय अनुवन्धहरू, अदालतको सक्रियतावादी भूमिका तथा पत्रकार र नागरिकसमाजको आन्दोलनले मुख्य भूमिका खेलेका छन् तापनि यसको मूलमा लोकतान्त्रिक आन्दोलनको सफलता नै रहेको छ ।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको परिभाषालाई व्यापक बनाएर नागरिकसँग सरोकार राख्ने सबैखालका निकाय र सरकारी निकायहरूलाई नागरिकप्रति उत्तरदायी बनाउने उद्देश्य राखेको छ । साथै यस ऐनले सार्वजनिक निकायमा भएका सूचनामा नागरिकको पहुँचको अधिकारलाई सुनिश्चित गरेकोछ ।

यो ऐनअनुसार सार्वजनिक निकायहरूले आफ्ना सबै सूचना नागरिकले नमागेको अवस्थामा पनि तीनतीन महिनामा सार्वजनिक गर्नुपर्छ । साथै यसले नागरिकलाई आफ्नो व्यक्तिगत सूचना सरोकारवाला निकायसँग माग्न पाउने अधिकार पनि दिएको छ । यसरी सूचनाको हकसम्बन्धी ऐनले लोकतान्त्रिक व्यवस्थामा नागरिकले पाउने महत्वपूर्ण हकलाई व्यावहारिक रूपमा उपभोग गर्न सक्ने बाटो खोलिदिएको छ ।

यसले राज्यका सम्पूर्ण अंग र सार्वजनिक निकायहरूलाई जनताप्रति उत्तरदायी, पारदर्शी, संवेदनशील र सक्रिय बनाउन सक्छ; गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्रमा परिवर्तन ल्याउन सक्छ र जनउत्तरदायी, पारदर्शी लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउन सक्छ । यसको सफल कार्यान्वयनले शासक र नेतृत्ववर्गलाई जनउत्तरदायी बन्न बाध्य बनाउँछ । त्यसैले पनि यो ऐनको प्रभावकारी कार्यान्वयन आजको उच्च प्राथमिकता र आवश्यकताको विषय हो ।

कुनै पनि नागरिकले कुनै पनि सार्वजनिक निकायबाट सूचना माग गर्न सक्छ र मागेको सूचना पाएन वा चित्तबुझ्दो भएन भने राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिएर सूचना प्राप्त गर्न सक्छ । आयोगले सूचना नदिने पदाधिकारीलाई दण्ड सजाय गर्न र सूचना मागकर्तालाई क्षतिपूर्ति दिलाउन सक्छ ।

आयोगले गत वर्ष १२ वटा उजुरी/पुनरावेदनमा कारवाही र निर्णय गरेको छ । पाँच विकास क्षेत्र र पन्ध्र जिल्लामा सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचनाको हकसम्बन्धी ऐनका बारेमा तालिम दिएको छ । विभिन्न संचार माध्यम र गोष्ठीहरूबाट नागरिक समाजमा

सूचनाको हकको चेतना फैलाउने प्रयास गरेको छ । यो प्रतिवेदनका आधारमा आयोगको निष्कर्ष छ :

– अझै पनि मन्त्रालय र केन्द्रिय निकायले आफ्नो मातहतका विभाग, शाखा, कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था गरेका छैनन्, यो तत्काल गर्नुपर्छ ।

– सार्वजनिक निकायले आफ्नो बारेमा ऐनअनुसारको सबै विवरण सार्वजनिक गर्ने र तीनतीन महिनामा अद्यावधिक गर्ने काम गरेका छैनन्, यथाशीघ्र यो काम थाल्नुपर्छ ।

– सूचनाको वर्गीकरण सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य, भावना र मर्म अनुसार, पारदर्शी ढंगले गरिनुपर्छ । गोप्य राख्नु पर्ने स्पष्ट आधारहरू खुलाउनु पर्छ । ऐनको दफा ३ (३) भन्दा बाहिरका आधारहरूमा वर्गीकरण गरिनु हुँदैन । हाल गरिएको वर्गीकरणले अपारदर्शितालाई बढाउने संभावना भएको हुँदा यसलाई संशोधन गरिनु आवश्यक छ ।

**सारमा भन्नुपर्दा** प्रतिवेदनको मूल उद्देश्य नै राज्यका विभिन्न अंग, नागरिक समाज र आमनागरिकलाई सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण सुझाव दिनु हो । आयोगले यो प्रतिवेदनमा आफ्नो वर्षदिनको अनुभव, विभिन्न देशमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्दा अबलम्बन गरेका उपायहरू तथा विभिन्न समूहहरूसँग भएको छलफल र अन्तरक्रियाहरूको आधारमा केही सुझावहरू प्रस्तुत गरेको छ । यी सुझवहरूअन्तर्गत सूचनाको हक र यो हकलाई कार्यान्वयन गराउने आयोगलाई नयाँ संविधानमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने, ऐन लागू गर्न गराउनका लागि दरिलो राजनीतिक प्रतिवद्धता हुनुपर्ने, प्रेस र नागरिक समाज सक्रिय हुनुपर्ने, प्रशासनिक संयन्त्रको संरचना, सोच र व्यवहारमा परिवर्तन गर्नुपर्ने, यो ऐनसँग बाझिने ऐनहरू खारेज वा संशोधन हुनुपर्नेजस्ता महत्वपूर्ण सुझावहरू समेटिएका छन् । यी सुझावहरू भविष्यमा नीति र ऐन कानुन बनाउने काममा पनि उपयोगी हुनेछन् भन्ने आयोगको विश्वास छ ।

**राष्ट्रिय सूचना आयोग**

# खण्ड : क

## २. सूचनाको हकको कानुनी परिवेशको विकास

### परिचय

*"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका संसद्ले यो ऐन बनाएको छ।"*

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावना)

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको अधिकार दिएको छ।

यसअघि, सबैभन्दा पहिले नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली नागरिकलाई सूचनाको हक मौलिक हकको रूपमा दिएको थियो। तर यससम्बन्धी ऐनको अभावमा सूचनाको हकको कार्यान्वयन सहज र सरल थिएन।

नेपालको अन्तरिम संविधान, २०६३ मा पनि सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्थित गरिएको छ :

"प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई पनि कर लगाएको मानिने छैन।" (धारा २७)

२०६३ सालको जनआन्दोलनको सफलताको फलस्वरूप पुनर्स्थापित व्यवस्थापिका संसद्ले २०६४ साल साउन २ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गर्‍यो र साउन ५ गते सभामुखबाट प्रमाणित भयो। ऐनको व्यवस्थाअनुसार ऐन प्रमाणित भएको तीस दिनपछि अर्थात् २०६४ साल भदौ ३ गतेदेखि यो ऐन लागू भयो।

नेपाली नागरिकले सूचनाको हक सर्वप्रथम मौलिक हकको रूपमा पाएको सत्र वर्षपछि मात्र सूचनाको हकसम्बन्धी ऐन बन्यो। यसबीच सूचनाको हकको कार्यान्वयन आमनागरिकका लागि सहज थिएन। यसका लागि अदालतको सहारा लिनु आवश्यक हुन्थ्यो।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको परिभाषालाई व्यापक बनाएर नागरिकसँग सरोकार राख्ने सबैखालका निकाय र सरकारी निकायहरूलाई नागरिकप्रति उत्तरदायी बनाएको छ। सार्वजनिक निकायमा भएका सूचनामा नागरिकको पहुँचको अधिकारलाई सुनिश्चित गरेकोछ। सार्वजनिक निकायहरूले आफ्ना सबै सूचना नागरिकले नमागेको अवस्थामा पनि तीनतीन महिनामा सार्वजनिक गर्नुपर्ने दायित्व छ। साथै नागरिकले आफ्नो बारेको सूचना सरोकारवाला निकायसँग माग्न पाउने अधिकार पनि

दिएको छ । यसरी सूचनाको हकसम्बन्धी ऐनले लोकतान्त्रिक व्यवस्थामा नागरिकले पाउने महत्वपूर्ण हकलाई व्यावहारिक रूपमा उपभोग गर्न सक्ने बाटो खोलिदिएको छ ।

**सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन प्रभावकारी रूपमा भयो भने यसले राज्यका सम्पूर्ण अंग र सार्वजनिक निकायहरूलाई जनताप्रति उत्तरदायी, पारदर्शी, संवेदनशील र सक्रिय बनाउन सक्छ; गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्रमा परिवर्तन ल्याउन सक्छ र जनउत्तरदायी, पारदर्शी लोकतान्त्रिक शासन व्यस्थालाई बलियो बनाउन सक्छ । यसको सफल कार्यान्वयनले शासक र नेतृत्ववर्गलाई जनउत्तरदायी बन्न बाध्य बनाउँछ । भ्रष्टाचारको महाजालबाट समाज र राष्ट्रलाई जोगाउँदै लोकतन्त्रलाई बलियो बनाउँछ ।**

वास्तवमा सूचनाको हकबिना जनताका अरु अधिकारहरू अधुरा हुन्छन् । त्यसैले जनतालाई शक्तिसम्पन्न बनाउने सूचनाको हकलाई पूर्णता दिनु अति आवश्यक छ ।

## अन्तरराष्ट्रिय प्रचलन र अनुभव

सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो :

**सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो ।**

सन् १९४८ मा संयुक्त राष्ट्र संघले जारी गरको मानवअधिकारको विश्वव्यापी घोषणाको धारा १९ मा सूचनाको अधिकारलाई यसरी स्पष्ट पारिएको छ :

**"हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार छ । यो अधिकारभित्र कुनै बाधा बिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।"**

अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध, १९६६ मा पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्था सरह नै सूचनाको हकको व्यवस्था गरिएको छ :

- प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ ।

- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत कुनै बन्देज वा सीमा बिना आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ । (धारा १९)

त्यस्तै, मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५० को धारा १० मा; मानवअधिकारसम्बन्धी अमेरिकी अभिसन्धि १९६९ को धारा १३ मा; मानवअधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र १९८१ को धारा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको व्यवस्था गरिएको छ ।

युरोपका विभिन्न मुलुकमा सूचनाको हक संविधान र कानुनमा व्यवस्था गरिएको लामो इतिहास छ । स्विडेनको संविधानमा १७७६ देखि नै सूचनाको स्वतन्त्रताको प्रत्याभूति गरिएको थियो । कुनै विशेष कानुनले नरोकेसम्म सरकारी निकायका काम कारवाही पारदर्शी हुन्छन् भन्ने मान्यताले त्यहाँको समाजमा, विचार र व्यवहारमा दरोसँग जरा गाडिसकेको छ ।

फिनल्याण्डमा सन् १९५१ मा "सरकारी लिखतहरूको सार्वजनिक स्वरूपका बारेमा कानुन बनेको थियो भने डेनमार्क र नर्वेमा सन् १९७० मा सूचनामा पहुँचसम्बन्धी ऐन लागू भएको थियो ।

संयुक्त राज्य अमेरिकामा सन् १९६६ मा सूचनाको स्वतन्त्रतासम्बन्धी ऐन लागू भएको थियो, जसमा खुलापन/पारदर्शिता अर्थात् सूचना सार्वजनिक गर्ने काम स्वाभाविक र सूचना लुकाउने काम अपवाद मानिन्छ ।

भारतमा सन् २००५ देखि सूचना अधिकार ऐन देशभरि लागू भयो । त्यहाँ सूचनाको हकको लागि चलेको आन्दोलन अरु विकासशील मुलुकहरूका लागि पनि उदाहरणीय छ । भारतमा सूचनाको हक संविधानमा उल्लेख नभएता पनि वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको हिस्साको रूपमा सूचनाको हक रहेको व्याख्या गरेर यसलाई बल दिएको थियो भने गाउँलेहरूको काम गर्न पाउने, उचित ज्याला र काम गरेको अभिलेख हेर्न पाउनका लागि भएको नागरिक आन्दोलनले सूचनाको हकसम्बन्धी कानुन बनाउन सरकारलाई बाध्य पारेको थियो ।

अहिले संसारका असीभन्दा धेरै मुलुकमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको छ ।

### नेपालको प्रयास र अनुभव

नेपालमा सूचनाको हकलाई संवैधानिक र कानुनी रूपमा स्थापित गर्न तथा सूचनाको हकसम्बन्धी ऐन निर्माण गर्न विभिन्न पक्षले भूमिका खेलेका छन् ।

- अन्तरराष्ट्रिय अनुवन्धहरू
- अदालतको सक्रियतावादी भूमिका
- लोकतान्त्रिक आन्दोलन
- पत्रकार र नागरिकसमाजको आन्दोलन

## अन्तरराष्ट्रिय अनुवन्धहरू

नेपालका राष्ट्रिय कानुनहरूले नेपालद्वारा अनुमोदन वा हस्ताक्षर गरिएका अन्तरराष्ट्रिय अनुवन्धहरूलाई संविधान तथा कानुनसरह मान्यता दिने व्यवस्था गरेको कारणले पनि सूचनाको हकलाई नेपालले पालन गर्नु पर्ने वाध्यकारी अवस्था थियो र छ पनि । नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध १९६६ लाई सन् १९९१ को मे १४ मा अनुमोदन गरिसकेको छ । त्यसैगरी, नेपालको सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धिहरू नेपालका कानुन सरह लागु हुन्छन् र त्यस्ता सन्धिहरूको प्रावधान प्रचलित नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म सन्धिकै प्रावधान मान्य हुन्छ । यसप्रकार नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्धमा निहित अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकसम्बन्धी प्रावधान नेपालका लागि राष्ट्रिय कानुनकै एक भाग पनि हो । त्यसैले अन्तरराष्ट्रिय अनुबन्धअनुरूप नेपालले प्रचलित ऐनकानुनहरूलाई समय सापेक्ष रूपमा परिमार्जन र संशोधन गर्दै लग्नु आवश्यक हुन्छ ।

## अदालतको सक्रियतावादी भूमिका

२०४७ सालको संविधानमा सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरिएपछि सर्वोच्च अदालतबाट सूचनाको हकको पक्षमा महत्वपूर्ण र ऐतिहासिक निर्णयहरू भएका छन् । तीमध्ये सर्वोच्च अदालतका दुई फैसला उल्लेखनीय छन् ।

१: टनकपुर बाँध सम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसला । त्यसको अंश यस्तो छ :

“संविधानको धारा १६ ले सार्वजनिक महत्त्वको कुनै विषयमा सूचना माग्ने र पाउने अधिकार देशका प्रत्येक नागरिकलाई प्रदान गरेको छ । सरकारबाट गरिने यस्ता सबै काम कारवाहीहरू जसबाट पूरै राष्ट्रलाई वा सर्वसाधारण जनताको कुनै वर्ग वा समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पर्न सक्तछ, सार्वजनिक महत्त्वका हुन्छन्; यस्ता सार्वजनिक महत्त्वका विषयमा सरकारले अपनाएको नीति र गरेका निर्णय र कामहरूको सम्बन्धमा जानकारी दिने एकातिर सरकारको कर्तव्य हो भने अर्कोतिर त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार पनि हो ।” (सर्वोच्च अदालत बुलेटिन, वर्ष १, अङ्क ११, पृ. १ ।)

२: अरुण तेस्रो मुद्दामा सर्वोच्च अदालतको फैसला । त्यसमा अदालतले सूचनाको हकसम्बन्धी कानुनको आभावलाई हृदयंगम गरी आठ वटा नियम पालन गर्दै सूचना दिने निर्णय गर्‍यो । उक्त नियमहरू ‘आवश्यक नियम कानून नबनेसम्म लागू रहनेछन्’ भनेर त्यस निर्णयले सूचनाको हक ऐन नबनेसम्मका लागि एउटा आधार बनाइ दियो भने ‘लिखतहरूको गोप्यतासम्बन्धी कानून लागू नहुँदा सम्बन्धित सबैलाई कठिनाइ र अनिश्चितताको स्थितिमा अल्मलिई रहनुपर्ने हुँदा उक्त कानूनलाई लागू गर्न’ वा अन्य कानूनी व्यवस्था यथाशक्य चाँडो गर्नको लागि सरकारको ध्यानाकर्षण समेत गर्‍यो । (नेपाल कानून पत्रिका २०५१, अङ्क १, पृ. ५८ ।)

यी दुई मुद्दाका सन्दर्भका साथै योगी नरहरिनाथको मुद्दामा सर्वोच्च अदालतले सामान्यतया के कस्ता विषय गोप्य रहन्छन् भन्ने ६ वटा बुँदामा स्पष्ट पार्‍यो । (योगी नरहरिनाथ वि. श्री ५ को सरकार मन्त्रिपरिषद्समेत, सं २०५४ को रिट नं. ३१९३, आदेश मिति २०६०/३/१२ ।) । त्यसैगरी शाही शासनकालमा एफएम रेडियोहरूले समाचार सङ्कलन गरेर प्रसारण गर्न रोक लगाएको र कार्यक्रमको विषयमा अनुचित निर्देशन दिइएको विरुद्धमा सूचना र अभिव्यक्तिको अधिकारको हनन भएको भनेर परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले सरकारले दिएको निर्देशन बदर गर्दै दिएको निर्णय पनि महत्वपूर्ण छ :

“....... यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्त्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोद्वारा सार्वजनिक महत्त्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अङ्गको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ ।” ( माधबकुमार बस्नेत वि. सूचना तथा सञ्चार मन्त्रालय, नेपाल कानून पत्रिका, २०५८, अङ्क ७ र ८, पृ. ३९२ ।)

सूचनाको हक भनेर उल्लेख नगरिए तापनि अदालतका सूचनाहरू सरोकारवालाहरूले पाउने व्यवस्था सर्वोच्च अदालत नियमावली, २०१३ मा मिहीन रूपमा उल्लेख गरिएको छ । त्यसमा उल्लिखित सूचना दिने प्रवधानका प्रक्रियाहरू हेर्दा त्यो नियमावलीलाई सूचनाको हकसम्बन्धी ऐनको वीजारोपण भन्न सकिन्छ ।

सूचनाको हकलाई वाक् तथा प्रकाशन स्वतन्त्रतामा अन्तर्निहित मान्ने हो भने सूचनाको हकसम्बन्धी संकेत २००४ सालको वैधानिक कानुन (धारा ४) तथा अन्तरिम संविधान २००७ मा ‘राज्यको नीतिका निर्देशक सिद्धान्तहरू’ अन्तर्गत (धारा १६) पनि पाइन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले यसअघिका संविधानहरूमा उल्लिखित वाक् तथा प्रकाशन स्वतन्त्रतालाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता भनी परिवर्तन गर्नुका साथै सूचनाको हकलाई बेग्लै मौलिक हकको रूपमा स्थापित गर्‍यो । त्यसपछि सूचनाको हकलाई कार्यान्वयन र उपचारको व्यवस्थासहित सूचनाको हकसम्बन्धी ऐनको आवश्यकता महसुस गरी यसका लागि प्रयासहरू भए । सर्वोच्च अदालतले यो अधिकारलाई फराकिलो रूपमा व्याख्या गरी ऐन बनाउने पृष्ठभूमि तयार पार्न सघायो । यसरी सूचनाको हकसम्बन्धी ऐन ल्याउनमा अदालतको महत्वपूर्ण भूमिका स्पष्ट देखिन्छ ।

## लोकतान्त्रिक आन्दोलन

लोकतान्त्रिक आन्दोलनले सूचनाको हकको प्रवर्द्धनका लागि सकारात्मक प्रभाव पारेको कुरा नेपाल अधिराज्यको संविधान २०४७ मा स्पष्ट देखिन्छ । सो संविधानले सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा पहिलो पटक स्थापित गर्‍यो ।

त्यसपछि शाही शासनकालमा संचार माध्यमहरूमाथि, खास गरी रेडियोमाथि गर्न खोजिएको दमन र नियन्त्रणका विरुद्ध पत्रकार र रेडियोकर्मीका संस्थाहरूले चलाएको आन्दोलनले सूचनाको हकको पक्षमा ऐतिहासिक महत्वको काम गरेको छ । यसलाई सर्वोच्च अदालतका निर्णयहरूले पनि सघाएका छन् ।

२०६३ को जनआन्दोलनको सफलतापछि पुनर्स्थापित व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी ऐन पारित गरेर जनआन्दोलनको भावनालाई मूर्त रूप दिने काम गरेको छ । त्यसपछि बनेको अन्तरिम संविधानले पनि जनभावनालाई कदर गर्दै सूचनाको हकलाई फराकिलो पार्दै मौलिक हकको रूपमा स्थापित गरेको छ ।

संविधानसभाले बनाउने नयाँ संविधानमा पनि सूचनाको हकलाई अझै दरिलो गरी राख्नेछ र यसको कार्यान्वयनका लागि स्वतन्त्र र संवैधानिक निकाय/आयोगको व्यवस्था गर्ने छ भन्ने कुरामा विश्वास लिन सकिन्छ ।

## पत्रकार र नागरिकसमाजको आन्दोलन

नेपालमा सूचनाको हकसम्बन्धी ऐन मस्यौदा गर्नेदेखि पारित गर्ने चरणसम्म नेपाल पत्रकार महासंघले महत्वपूर्ण भूमिका खेलेको छ । नेपाल प्रेस इन्स्टिच्युट र नेपाल पत्रकार महासंघ मिलेर सूचनाको हकसम्बन्धी पहिलो विधेयक मस्यौदा गरे । तर सूचनाको हकसम्बन्धी त्यो विधेयक, २०५७ त्यस बेलाको संसद्मा पुगेर पनि छलफलमा आउन सकेन ।

हुनत सूचनाको हकको महत्व र यससम्बन्धी ऐनको आवश्यकताबारे जनचेतना फैलाउनका लागि पत्रपत्रिकामा लेख रचना प्रकाशित गर्ने, गोष्ठी र छलफलको आयोजना गर्ने काम २०४७ सालको संविधानपछि नै सुरु भएको थियो, तापनि सूचनाको हक केवल पत्रकारहरूको लागि हो भन्ने सोचाइ पनि सुरुदखि नै देखिन्छ । सूचनाको अधिकार आमनागरिकको अधिकार हो र सुशासन र लोकतन्त्रका लागि यो अपरिहार्य अधिकार हो भन्ने कुराको बुझाइ पर्याप्त नहुनाले सूचनाको हकसम्बन्धी आन्दोलन केवल पत्रकारजगत र केही पत्रकारहरूसँग सम्बन्धित गैरसरकारी संस्थाहरूले मात्रै संचालन गरेको पाइन्छ । भारतमा सूचनाको हकलाई आमनागरिकको आजीविकासँग जोडेर नागरिक समाजले आन्दोलन गरेझैँ नेपालमा भएन । तैपनि पत्रकार महासंघको निरन्तरको प्रयास र दवावले सूचनाको हकसम्बन्धी ऐन ल्याउन महत्वपूर्ण भूमिका खेल्यो ।

यसरी झण्डै साठी वर्षको वैधानिक, अदालती अभ्यास, एक दशकभन्दा लामो पत्रकारहरूको संघर्ष, अन्तरराष्ट्रिय सन्धिसम्झौता र अनुवन्धहरू पालन गर्नु पर्ने वाध्यता तथा ऐतिहासिक जनआन्दोलनहरूको धक्काको फलस्वरूप नेपाली नागरिकले सूचनाको हक उपभोग गर्ने कानुनी परिवेश तयार भएको हो ।

# ३. सार्वजनिक निकायको दायित्व

सूचनाको सबैभन्दा ठूलो र महत्वपूर्ण स्रोत सरकार हो । त्यसैले सूचनाको हकसम्बन्धी ऐन र नियम पालन गर्नु पर्ने सबैभन्दा धेरै र मुख्य दायित्व पनि सरकार र सरकारी निकायहरूको हुन्छ । तर आधुनिक समाजमा नागरिकको सार्वजनिक सेवाको जिम्मेवारी सरकार र सरकारी निकायले मात्रै लिएको हुँदैन । कतिपय गैरसरकारी निकायहरूले नागरिकको सेवा गर्ने जिम्मेवारी लिएका हुन्छन् । यसबापत तिनीहरूले राज्यको कोषबाट मात्रै होइन सोझै जनताबाट र अन्तरराष्ट्रिय निकायहरूबाट पनि सहयोग प्राप्त गरिरहेका छन् । यसैले नेपालको सूचनाको हकसम्बन्धी ऐनको पालन र कार्यान्वयन गर्ने दायित्व सरकारी निकायहरूलाई मात्रै नभएर कानुनद्वारा स्थापित निजी क्षेत्रबाट संचालित संस्थाहरू, राजनीतिक दल तथा स्वदेशी र विदेशी सहयोगबाट चल्ने सबै प्रकारका निकायहरूमा पनि छ ।

## सार्वजनिक निकायको परिभाषा

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ ले सार्वजनिक निकायलाई यसरी परिभाषित गरेको छ :

(१) संविधान अन्तर्गतका निकाय,
(२) ऐनद्वारा स्थापित निकाय,
(३) नेपाल सरकारद्वारा गठित निकाय,
(४) कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,
(५) प्रचलित कानुन बमोजिम दर्ता भएका राजनैतिक दल तथा सङ्गठन,
(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त सङ्गठित संस्था,
(७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,
(८) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तरराष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू,
(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था ।

## सार्वजनिक निकायको सूचना प्रवाह गर्ने दायित्व

ऐनको दफा ३ को उपदफा (१) ले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने र उपदफा (२) ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको अधिकार दिएको छ । यसमा केही अपवाद छन् । जस्तै उपदफा (३) मा निम्नलिखित विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन भनिएको छ :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तरराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने ।

तर त्यसरी  सूचना प्रवाह नगर्नका लागि मनोगत कारण भएर हुँदैन उचित र पर्याप्त कारण हुनुपर्छ । ठोस आधार वा कारण नदेखाई त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन भन्ने कुरा ऐनले स्पष्ट गरेको छ ।

सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्छ । (दफा ३ (४)

## ऐनको दफा ४ अनुसार सार्वजनिक निकायको दायित्व यसप्रकार छ :

(१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुन्छ :-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने,

(घ) आफ्ना कर्मचारीको लागि उपयुक्त तालीम र प्रशिक्षणको व्यवस्था गर्ने ।

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्छ ।

## दफा ५ अनुसार सार्वजनिक निकायको सूचनाको अद्यावधिक र प्रकाशन गर्ने दायित्व यस प्रकार छ :

(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्छ ।

(२) सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा बीस वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना उपदफा (१) बमोजिम अद्यावधिक गर्नु गराउनु पर्छ ।

(३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्छ :-

(क) निकायको स्वरूप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,

(ड) तोकिएबमोजिमका अन्य विवरण ।

**नियमावलीको नियम ३ अनुसार सार्वजनिक निकायले तीनतीन महिनामा सार्वजनिक गर्नुपर्ने सूचना :**

(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,

(ख) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण,

(ग) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्छ ।

दफा ६ (१) अनुसार सबै सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्छ ।

ऐनबमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनुपर्छ ।

सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्छ ।

## सूचना प्राप्त गर्ने कार्यविधि :

१. यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्छ ।

२. त्यस्तो निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनुपर्छ ।

३. सूचना तत्काल उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारण सहितको जानकारी तुरुन्त निवेदकलाई गराउनुपर्छ ।

४. तर सूचना अधिकारीले कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग भएको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनुपर्छ ।

५. सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनुपर्छ ।

६. तर निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्छ ।

७. कुनै व्यक्तिले कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिव समय उपलब्ध गराउनेछ ।

८. सूचना मागको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्छ ।

## सूचना बापत लाग्ने दस्तुर :

सूचनाको हकसम्बन्धी नियमावली, २०६५ अनुसार :

(१) निवेदकले ऐनको दफा ७ बमोजिम सूचना माग गर्दा बुझाउनु पर्ने दस्तुरको सम्बन्धमा प्रचलित कानुनमा छुट्टै व्यवस्था गरेकोमा सोही बमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकोमा देहाय बमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायसमक्ष बुझाउनु पर्छ :-

(क) सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ,

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ,

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ ।

तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठ सम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनुपर्छ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सूचना तयार गर्दा सो उपनियममा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्छ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुर वापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्छ ।

(५) यस नियममा लेखिएको सूचना वापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

ऐनको दफा ८ उपदफा (३) अनुसार तोकिएको दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले अयोगसमक्ष उजुरी दिन सक्छ । उपदफा (४) अनुसार आयोगले त्यस्तो दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्छ ।

# ४. पुनरावेदनसम्बन्धी व्यवस्था

## पुनरावेदन दिन सक्ने अवस्था

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम परेको निवेदनमा सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र सोही कार्यालयका प्रमुखसमक्ष उजुरी दिन सक्छ । (दफा ९, उपदफा (१)

त्यसरी प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्छ । (दफा ९ (२)

ऐनको दफा ९ को उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी सात दिनभित्र अन्तिम टुंगो लगाई सक्नुपर्छ । (नियमावलीको नियम २३)

उजुरी जाँचबुझ गर्दा ऐनको दफा ९ को उपदफा (२) बमोजिम उजुर गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउन पर्ने देखिएमा प्रमुखले त्यसरी उजुरी टुंगो लागेको मितिले बढीमा सातदिनको म्याद दिई सूचना उपलब्ध गराउन सम्बन्धित सूचना अधिकारीलाई आदेश दिनुपर्छ । (नियमावलीको नियम २३)

ऐनको दफा ९ उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बदनीयतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न सक्छ ।

ऐनको दफा ९ उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनुपर्छ । (दफा ९(३)

ऐनको दफा ९ को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोग समक्ष पुनरावेदन दिन सक्छ । (ऐनको दफा १० (१)

## पुनरावेदनमाथि कारवाही र निर्णय गर्ने कार्यविधि तथा अवधि

ऐनको दफा १० उपदफा (१) बमोजिम प्राप्त भएको पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सोसम्बन्धमा साक्षी प्रमाण वुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्छ । (ऐनको दफा १० (२)

ऐनको उपदफा (२) बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले देहाय बमोजिम गर्न सक्छ :-

(क) पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न,

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न । (ऐनको दफा १० (३)

आयोगले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नुपर्छ । (ऐनको दफा १० (४)

## सजायसम्बन्धी व्यवस्था

ऐनको दफा ३२ (१) अनुसार सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक वा गलत रूपमा सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्छ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिना कारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रूपैयाँको दरले निजलाई जरिवाना हुनेछ । (उपदफा (२)

उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारबाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनुपर्छ । (उपदफा (३)

कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरूपयोगको गंभीरता हेरी त्यस्तो व्यक्तिलाई पाच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छ । (उपदफा ४)

आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छ । (उपदफा ५)

## क्षतिपूर्तिसम्बन्धी व्यवस्था

ऐनको दफा ३३ (१) अनुसार सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐन बमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक वा गलत रूपमा सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोग समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्छ ।

उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचवुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानिनोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्छ । (उपदफा २)

## सजायमाथि पुनरावेदनसम्बन्धी व्यवस्था

ऐनको दफा ३२ बमोजिम आयोगले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्छ । (ऐनको दफा ३४, उपदफा (५)

# ५. राष्ट्रिय सूचना आयोग

राष्ट्रिय सूचना आयोग सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि बनेको स्वतन्त्र निकाय हो । सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गराउने र अनुगमन गर्ने मुख्य निकाय यही हो ।

सूचनाको हकसम्बन्धी ऐनको दफा ११ ले राष्ट्रिय सूचना अयोगको सम्बन्धमा यस्तो व्यवस्था गरेको छ :

(१) सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ ।

(२) आयोगमा प्रमुख सूचना आयुक्त र अन्य दुई जना सूचना आयुक्त रहनेछन् ।

## प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको नियुक्ति प्रक्रिया

१. ऐनको दफा ११ को उफदफा (३) अनुसार प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ :-

| | |
|---|---|
| (क) सभामुख | -अध्यक्ष |
| (ख) सूचना तथा सञ्चार मन्त्री वा राज्यमन्त्री | -सदस्य |
| (ग) सभापति, नेपाल पत्रकार महासंघ | -सदस्य |

२. उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्त गर्नेछ । त्यसरी नियुक्ति गर्दा कम्तीमा एक जना महिला समावेश हुने गरी नियुक्ति गर्नु पर्नेछ ।

३. उपदफा (३) बमोजिमको समितिले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिको लागि सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तको अनुसरण गर्नेछ ।

४. उपदफा (३) बमोजिम नियुक्तिको सिफारिस गर्दा अपनाउने कार्यविधि सिफारिस समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

## राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

ऐनको दफा १९ अनुसार ऐनमा अन्यत्र उल्लेखित काम, कर्तब्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तब्य र अधिकार यसप्रकार छ :

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐनबमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिश गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने ।

## प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको योग्यता

**योग्यता** : ऐनको दफा १२ अनुसार प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्छः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको , र

(ग) आमसञ्चार, कानून न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको ।

**अयोग्यता** : ऐनको दफा १३ अनुसार देहायको व्यक्ति प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्त हुन अयोग्य हुन्छ : -

(क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) नैतिक पतन देखिने फौज्दारी कसुरमा अदालतबाट दोषी ठहरी सजाय पाएको,

(ग) सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी,

(घ) कुनै राजनीतिक पदमा वहाल रहेको र

(ङ) प्रचलित कानुन बमोजिम नियुक्तिको लागि अयोग्य भएको ।

## राष्ट्रिय सूचना आयोगको गठन र नियुक्ति

वर्तमान राष्ट्रिय सूचना आयोग गठन गर्नका लागि सिफारिस समितिले २०६४ भदौ ८ गते पहिलो पटक र २०६४ पुस ३० गते दोस्रो पटक राष्ट्रिय सूचना आयोगको पदाधिकारीको नाम सिफारिस गर्‍यो । सो सिफारिस पुस ३० गते नै सूचना तथा संचार मन्त्रीबाट निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्तुत भयो ।

नेपाल सरकारले २०६५ वैशाख २२ गते राष्ट्रिय सूचना आयोगका पदाधिकारीमा निम्न व्यक्तिहरूलाई नियुक्त गर्ने निर्णय गर्‍यो :

| | | |
|---|---|---|
| विनयकुमार कसजू | : | प्रमुख सूचना आयुक्त |
| श्रीआचार्य | : | सूचना आयुक्त |
| सबिता भण्डारी बराल | : | सूचना आयुक्त |

नेपाल सरकारले २०६५ जेठ २४ गते राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूलाई नियुक्तिपत्र हस्तान्तरण गर्‍यो ।

२०६५ जेठ ३१ गते आयोगका प्रमुख सूचना आयुक्तले प्रधानमन्त्रीबाट र सूचना आयुक्तहरूले प्रधानमन्त्रीको उपस्थितिमा प्रमुख सूचना आयुक्तबाट शपथ ग्रहण गर्नुभयो ।

## प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको कार्यकाल

**पदावधिः**

ऐनको दफ १४ अनुसार (१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि पाँच वर्षको हुन्छ र निज सो पदमा पुनः नियुक्त हुन सक्दैन ।

(२) तर सूचना आयुक्त प्रमुख सूचना आयुक्तको पदमा नियुक्त हुन सक्छ ।

(३) आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडि नै सिफारिस समितिले नयाँ नियुक्तिका लागि सिफारिस गर्नुपर्छ ।



प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाबाट प्रमुख सूचना आयुक्तलाई सपथ ग्रहण

**पद रिक्त हुनेः**

ऐनको दफ १५ अनुसार देहायका अवस्थामा  प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पद रिक्त भएको मानिने छः-

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजले प्रधानमन्त्री समक्ष राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा ,

(ङ) निज नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) निजलाई दफा १६ बमोजिम आफ्नो पदबाट हटाएमा ।

**पदवाट हटाउनसक्नेः**

व्यवस्थापिका-संसद्को सूचना तथा संचारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रहीरहन उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव व्यवस्थापिका-संसद्को बैठकबाट परित भएमा त्यस्तो प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त पदबाट हट्नेछ ।

तर त्यस्तो आरोप लागेको प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो सफाई पेश गर्न मनासिब माफिकको मौकाबाट वञ्चित गरिने छैन । (दफा १६)

## प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको सेवासर्त

ऐनको दफा १७ मा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पारिश्रमिक, सेवासर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ भनिएको छ । आयुक्तहरू नियुक्त गर्ने बेलामा नियमावली नबनेको र सेवासर्त स्पष्ट नभएको हुँदा नेपाल सरकारको मिति २०६५ बैशाख २२ गतेको मन्त्रीपरिषद्को बैठकले आयुक्तहरूको नियुक्तिसँगसँगै यस्तो निर्णय गर्‍यो :

(१) अयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको सुविधा तोकेबमोजिम हुने भन्ने सो ऐनमा व्यवस्था भएको र सो ऐनअनुसार नियमावली बनाउँदा आयोगसँग परामर्श गर्ने भन्ने व्यवस्था भएकोले नियमावली लागू भएपछि सोही बमोजिम हुने गरी हाललाई प्रमुख सूचना आयुक्तलाई सर्वोच्च अदालतका न्यायाधीश सरह र सूचना आयुक्तलाई पुनरावेदन अदालतका मुख्य न्यायाधीश सरह पारिश्रमिक दिने ।

(२) आयोगको कार्य संचालन गर्न आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले सूचना तथा संचार मन्त्रालयमार्फत् "राष्ट्रिय सूचना आयोग" लाई निकासा दिने ।

सूचनाको हकसम्बन्धी नियमावली, २०६५ (जारी भएको मिति २०६५ माघ २७ गते) को नियम १० उपनियम (१) मा 'प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तको पारिश्रमिक क्रमशः चौवीस हजार तीन सय रूपैंया र बाइस हजार आठ सय रूपैंया हुनेछ । तर, यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली जारी हुँदाका बखत प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले खाइपाइ आएको मासिक पारिश्रमिक नै उपलब्ध गराइने छ' भनिएको छ ।

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूले पाउने अन्य सुविधाहरू, जस्तै आवास, विजुली, धारा र टेलिफोन सुविधा, सवारी तथा इन्धन सुविधा, उपचार खर्च, दैनिक तथा भ्रमण भत्ता र चाडपर्व खर्च नियमावलीको नियम ११, १२, १३, १४ र १५ मा उल्लेख गरिएको छ ।

## प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको शपथ

ऐनको दफा १८ मा आफ्नो कार्यभार समाल्नुअघि प्रमुख सूचना आयुक्तले प्रधानमन्त्री र सूचना आयुक्तले प्रमुख सूचना आयुक्तसमक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्ने व्यवस्था छ ।

अनुसूचीमा शपथको व्यहोरा यस प्रकार छ :

म................................. मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु / ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहीत रहनु पर्ने भनी जनताद्वारा जनआन्दोलन मार्फत् अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानुनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको प्रमुख सूचना आयुक्त/ सूचना आयुक्त पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी नागरिकको सुसूचित हुने हकको सम्मान गर्दै सूचनाको हक सम्बन्धी कानुनको प्रभावकारी प्रचलन र कार्यान्वयन गर्न क्रियाशील रहनेछु ।


प्रधानमन्त्री र सूचना तथा संचार मन्त्रीको उपस्थितिमा आयुक्तहरूद्वारा शपथ ग्रहण

मितिः-

हस्ताक्षर

## कार्यालय

आयोगको कार्यालय काठमाडौं नयाँबानेश्वर, सिडियो टोल, बुलबुलेमार्गमा छ । आयोगले आवश्यकताअनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्छ ।

## कर्मचारीहरूको व्यवस्था

ऐनको दफा २२ अनुसार आयोगमा आवश्यक संख्यामा कर्मचारीहरू रहने र आवश्यक पर्ने कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्ने छ ।

आयोगलाई आवश्यक पर्ने कर्मचारीहरूमा अर्को व्यवस्था नभए सम्मको लागि सचिव १, सह-सचिव १, उप-सचिव(प्रशासन) १, उप-सचिव(कानून) १, शाखा अधिकृत २ र नायव सुव्बा ३ गरी जम्मा ९ जना कर्मचारी सूचना तथा सञ्चार मन्त्रालयले काजमा उपलब्ध गराउने भनी निर्णय भएता पनि हाल शाखा अधिकृत १, लेखा अधिकृत १, मुद्रण अधिकृत १, ना.सु. १, र खरिदार १ गरी जम्मा ५ जना कर्मचारी मात्र सूचना तथा सञ्चार मन्त्रालयबाट खटाइएको छ । कार्यालय सहयोगी १, कुचिकार १ लाई आयोगद्वारा करार सेवामा लिई काम चलाइएको छ । आयोगको उद्देश्य अनुरूप संगठन सञ्चालन गर्न उल्लिखित जनशक्ति बिल्कुलै अपर्याप्त छ ।



हाल भाडामा बसेको आयोगको कार्यालय

आयोगलाई आवश्यक हुने जनशक्तिको बारेमा अध्ययन गरी सिफारिस गर्नका लगि "संगठन तथा व्यवस्थापन सर्भेक्षण टोली" ले अध्ययन पूरा गरी प्रतिवेदन नेपाल सरकारसमक्ष बुझाइसको छ ।

## आयोगको प्रस्तावित सांगठनिक स्वरूप :-



कानून/पुनरावेदन शाखा

उप सचिव कानून.........१
कानून अधिकृत............१
ना सु ......................२
कम्पुटर अपरेटर...........१
**जम्मा......... ५**

योजना कार्यक्रम तथा प्रचार प्रसार शाखा

उप सचिव ..................१
शाखा अधिकृत.................१
ना.सु.............................१
कम्प्युटर अपरेटर........... ..१
**जम्मा.................... ४**

प्रशासन शाखा

उप सचिव...................१
शाखा अधिकृत..............१
ना.सु.........................२
कम्प्युटर अपरेटर...........१
ज्ममा........................५
**सेवा करारः-**
ड्राईभर............. .......५
पियन ......................२
पाले .......................२
कुचिकार ................ १
**जम्मा.......................१०**

लेखा शाखा

लेखा अधिकृत..१
लेखापाल........१
**जम्मा...........२**

**कूल दरवन्दी तेरिजः -.........................................................................२३**
**सचिव.............................१ सहसचिव.........................................................१**
**उपसचिव.........................३ शाखा अधिकृतं............................................ ..५**
**ना.सु वा सो सरह.............१३ श्रेणी विहीन (सेवा करार)................................ १०**
**जम्मा........... ..................................... ...............................................३३**

**प्रस्तावित जनशक्तिको स्वरूप**

**तपसिल**

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | सा.प्रशासन | १ | प्रमुख |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | |
| २ | उप सचिव | रा.प.द्बितीय | प्रशासन | सामान्य प्रशासन | २ | शाखा प्रमुख |
| ३ | उप सचिव (कानून) | रा.प.द्बितीय | न्याय | कानून | १ | शाखा प्रमुख |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ३ | |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | शाखा प्रमुख |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | |
| ७ | ना.सु. | रा.प.अनं.प्र. | प्रशासन | सामान्य प्रशासन | ९ | सहायक |
| ८ | लेखापाल | रा.प.अनं.द्बि | प्रशासन | लेखा | १ | सहायक |
| ९ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. ( | विविध | विविध | ३ | सहायक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रा) | | | | |
| १० | ड्राईभर (सेवा करार) | श्रेणी विहिन | विविध | सा.प्र. | ५ | |
| ११ | कार्यालय सहयोगी, पाले र स्वीपर (सेवा करार) | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ५ | |
| | जम्मा | | | | ३३ | |

## बजेटको व्यवस्था

ऐनको दफा २३ अनुसार आयोगको लागि आवश्यक खर्च नेपाल सरकारले गर्ने व्यवस्था छ ।

नेपाल सरकारले आयोगका लागि आर्थिक वर्ष २०६५–६६ मा रु. १,८७,८२,०००।- उपलब्ध गराएको थियो । यसमध्ये रु १,२२,८४,६१९।६९ खर्च भएको थियो ।

आर्थिक वर्ष २०६६–६७ को बजेटमा आयोगका लागि नेपाल सरकारले रु. ९६,२२,०००। मात्र छुट्याएको छ । कार्यक्रम खर्चका लागि गतवर्ष रु ५० लाख निकासा भएको थियो भने यस वर्ष केवल रु. ३० लाख छुट्याइएको छ । आयोगको बढ्दो जिम्मेवारी र कार्यक्रम संचालन गर्न यो रकम बिल्कुलै अपर्याप्त छ ।

# खण्ड : ख

# ६. आयोगका गतिविधिहरू

## आयोगले आ.व. २०६५-६६ मा सम्पन्न गरेका काम

## क) पुनरावेदन/उजुरीमाथि निर्णय/कारवाही

आयोगमा वर्षभरिमा विभिन्न प्रकृतिका १२ वटा उजुरी र पुनरावेदन परेका थिए । सुरुमा व्यक्तिगत सूचनाका लागि बढी निवेदन परेको थिए भने पछि कर्मचारीको कार्यसम्पादन मूल्यांकनको अंक उपलब्ध गराउने, परीक्षाको उत्तर पुस्तिकाको प्रतिलिपि हेर्न पाउने, शंखघोषकको सुरक्षाजस्ता सार्वजनिक महत्व र व्यापक प्रभाव पार्ने प्रकृतिका उजुरी/पुनरावेदन पर्न थालेका छन् । अयोगले आ.व. २०६५-६६ मा उजुरी/पुनरावेदनका सम्बन्धमा गरेको कारवाही र निर्णय यसप्रकार छ :

### १. प्रेस काउन्सिलको पत्रपत्रिका वर्गीकरणको विवरण माग

२०६५ भदौ ८ । भेदभावपूर्ण वर्गीकरणविरुद्ध संघर्ष समितिका संयोजक श्री केशव देवकोटा, काठमाडौँले प्रेस काउन्सिल नेपालसँग २०६३।०६४ को पत्रपत्रिका वर्गीकरण सम्बन्धी विवरण माग गरिएकोमा आयोगले सो उपलब्ध गराइदिन आदेश दिएको ।

### २. योग्यतासम्बन्धी विवरण माग

२०६५ भदौ १२ । स्वास्थ मन्त्रालयका कर्मचारी श्री ईश्वरीदत्त भट्ट, महेन्द्रनगर नगरपालिका, ६ कंचनपुरले स्वास्थ्य मन्त्रालय र सहयोगी संस्था विश्व स्वास्थ्य संगठन नेपालसँग सम्बन्धित पदमा नियुक्ति गर्दा आवश्यक योग्यतासम्बन्धी विवरण माग गरेकोमा माग गरिएको सूचना उपलब्ध गराइदिन स्वास्थ्य मन्त्रालयलाई आदेश दिएको ।

### ३. बढुवासम्बन्धी विज्ञापन र निर्णयको सूचना माग

२०६५ असोज ६ । श्री राजीवकुमार सिंह, गोरखापत्र संस्थान, काठामाडौँले गोरखापत्र संस्थान, काठमाडौँसँग निजको बढुवा सम्बन्धी विज्ञापन र निर्णयको सूचना माग गरेकोमा गोरखापत्र संस्थानका सम्बन्धित पदाधिकारीले आयोगमा आई माग गरिएको सूचना दिन मंजुर गरेको ।

### ४. जाँचबुझ आयोगको प्रतिवेदनको प्रतिलिपि माग

२०६५ मंसिर १ । अधिवक्ता श्री ऋषिराम घिमिरे, विलन्दु गाविस ५, ओखलढुंगा हाल काठमाडौँ र अधिवक्ता श्री कृष्ण पोखरेल सुनवल गाविस १, नवलपरासी, हाल काठमाडौँले गृहमन्त्रालय, काठमाडौँसँग संविधानसभा चुनावको क्रममा सुर्खेत, क्षेत्र नं १ का उम्मेदवार ऋषिप्रसाद शर्माको मृत्युको सम्बन्धमा जाँचबुझ आयोगले ०६५।४।२३ गते बुझाएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि र डिजिटल कपी माग गरेकोमा २०६५ पुस ४ मा अयोगको निर्णय : निवेदकले ऐनले निर्दिष्ट गरेको कार्यविधि पूरा नगरेको, अर्थात् सूचना

अधिकारीलाई निवेदन दिएको नदेखिएकोले सजाय हुने वा जरिवाना गर्ने अवस्था नदेखिएको हुँदा पुनरावेदन खारेज गरिएको । तर निवेदकको सूचना प्राप्त गर्ने हक सुरक्षित रहेको ठहर ।

## ५. शिक्षकको नियुक्तिसम्बन्धी जानकारी माग

२०६५ पुस २४ । श्री पशुपति दास, राजविराज न.पा. ४, सप्तरीले श्री केशो अनिरुद्धवती मा.वि., राजविराजका प्र.अ. श्री विज्यानन्द झा र स.प्र.अ. श्री खेलानन्द झासँग शिक्षकहरूको नियुक्तिसम्बन्धी जानकारी माग गरेकोमा २०६५ माघ १५ मा आयोगले गरेको निर्णय :

"निवेदकले मागेको सूचना तीन दिनभित्र उपलब्ध गराउनु । सजायको माग दावी गरेकोमा सजाय गर्न नपर्ने कुनै कारण भए ७ दिनभित्र कारणसहितको व्यहोरा लेखी पठाउनु ।"

**सजाय** : उक्त निर्णयको जवाफमा मिति २०६५ फागुन १६ मा विपक्षी विज्यानन्द झाले पठाएको (२०६६ बैशाख ३० मा प्राप्त) पत्रमा पुनरावेदकले माग गरेबमोजिमको सूचना विपक्षीले नदिएको हुँदा २०६६ जेठ ८ गते निजलाई रु एक हजार जरिवाना गर्ने र माग गरिएका सबै सूचना सात दिनभित्र आयोगमा पठाउन र नपठाएमा विभागीय कारवाहीको लागि लेखी पठाउने आयोगले आदेश दियो ।

## ६. पुनरावेदन परे नपरेको जानकारी माग

२०६५ फागुन ५ । श्री राकेश्वर प्रमानिराज, बन्दी वीरगंज कारागार, पर्साले पुनरावेदन सरकारी वकिलको कार्यालय, पाटन, ललितपुरसँग पुनरावेदन परेको नपरेको जानकारी मागेकोमा आयोगबाट तीन दिनभित्र जानकारी दिन आदेश ।

## ७. अदालतको निर्णयको प्रतिलिपि माग

२०६५ फागुन ११ । श्री पप्पु मण्डल, पर्सा, बीरगंज कारागारका बन्दीले काठमाडौं जिल्ला अदालत, काठमाडौंबाट अदालतको निर्णयको नक्कल माग गरेकोमा सो जानकारी दिन आयोगबाट आदेश ।

## ८. क्याम्पसको कार्यक्रमको आर्थिक विवरण माग

२०६६ बैशाख ६ । श्री गणेशबहादुर थापा, शंकरदेव क्याम्पस, बीबीए, २०६२ समूह रोल नं. ६० ले डा. कमलदीप ढकाल, क्याम्पस प्रमुख, शंकरदेव क्याम्पससँग बीबीए कार्यक्रमको आ.व. २०५८/५९ देखि २०६४/६५ सम्मको आर्थिक विवरण तथा आ. व. २०६४/६५ को बीबीएस, एमबीएस विहानी र एमबीएस साँझ कक्षाको आर्थिक विवरण माग गरेकोमा माग गरिएको सूचना उपलब्ध गराउन आयोगबाट आदेश ।

## ९. कार्य सम्पादन मूल्यांकनको अंक हेर्न माग

२०६६ जेठ १९ गते श्री दुर्गाप्रसाद पन्थी, जिल्ला कृषि कार्यालय कन्चनपुरले कृषि तथा सहकारी मन्त्रालय, नेपाल सरकारबाट निजको हालसम्मको कार्यसम्पादन मूल्यांकन सम्बन्धी सूचना माग गरेकोमा माग गरिएको सूचना दिनु पर्ने ठहर गरी कृषि तथा सहकारी मन्त्रालयलाई मागकर्ताले मागेको सूचना दिन आदेश ।

आयोगको आदेशमाथि पुनर्विचार गरियोस् भनी कृषि तथा सहकारी मन्त्रालयले गरेको अनुरोधमा मिति २०६४।४।१९ को निर्णयबमोजिम नै गर्न/गराउन मन्त्रालयलाई जानकारी दिने निर्णय ।

## १०. मुद्दा दोहोर्‍याउने निवेदन परे नपरेको सम्बन्धमा जानकारी माग

२०६६ जेठ २८ । श्री राकेश्वर प्रमानिराज, बन्दी वीरगंज कारागार, पर्साले महान्यायाधिवक्ताको कार्यालय, काठमाडौँसँग निजको मुद्दा नेपाल सरकारबाट दोहोर्‍याउने निवेदन परे नपरेको सम्बन्धमा पुनरावेदन सरकारी वकिल कार्यालयमा पत्र पठाएकोमा त्यहाँबाट महान्यायाधिवक्ताको कार्यालयमा पत्र लेखिएको, तर निवेदकले माग गरेको सूचना नपाएकोले आयोगसमक्ष सूचना माग गरेकोमा माग गरिएको जानकारी अविलम्ब उपलब्ध गराई अयोगलाई समेत सोको जानकारी गराउन आयोगबाट आदेश ।

## ११. दण्ड सजायसम्बन्धी निर्णयको जानकारी माग

२०६६ जेठ २८ श्री मिङमा शेर्पा, बन्दी वीरगंज कारागार, पर्साले सर्वोच्च अदालत, काठमाडौँसँग डाँका मुद्दामा सर्वोच्च अदालतबाट फैसला भइसकेको तर के कति दण्ड सजाय हुने भनी जानकारी माग गर्दा नपाएको हुँदा उक्त सूचना माग गरेकोमा आयोगबाट माग गरिएको सूचना मागकर्तालाई उपलब्ध गराई सोको जानकारी आयोगलाई गराउन आदेश ।

## १२. रिट निवेदन दर्ता वा दरपीठ नगर्नुको कारण माग

२०६६ असार २८ गते प्रभातकुमार गुप्ता, पर्सा जिल्ला बीरगंज १३, आदर्शनगरले सर्वोच्च अदालतमा मुद्दा दोहोर्‍याई पाउँ भनी निवेदन दिँदा निवेदन दर्ता नगरेको र दरपीठ पनि नगरेको हुँदा दर्ता वा दरपीठ नगर्नुको कारणको सूचना माग गरेकोमा नपाएपछि निजले आयोगबाट सूचना माग गरेकोमा सर्वोच्च अदालतका सम्बन्धित पदाधिकारीसँग यस विषयमा कुरा गरेपछि सूचना मागकर्ताको माग सर्वोच्च अदालतबाट स्वीकार गरिएको जानकारी प्राप्त ।

## उजुरी/पुनरावेदनको प्रवृत्ति

आयोगमा प्राप्त भएको उजुरी र पुनरावेदनमाथि कारवाही गर्ने सिसिलामा सार्वजनिक निकायहरूमा सूचना माग गरी निवेदन दिँदा कतिपय निकायमा निवेदन लिन इन्कार गरेको र वाध्य भई हुलाकबाट निवेदन पठाउनु परेको देखियो ।

ऐनको अपर्याप्त बुझाइले गर्दा आयोगमा आएका कतिपय उजुरी र पुनरावेदन ऐनअनुसार प्रक्रिया नपुर्‍याई आउने गरेको हुँदा अनावश्यक झंझट व्यहोर्नु परेको देखिन्छ । त्यस्तोमा आयोगले ऐनका प्रक्रियाबारे जानकारी दिने गरेको छ ।

## ख) प्रवर्द्धनात्मक काम

## संकल्प गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम




उद्घाटन कार्यक्रममा दाहिनेबाट बायाँ प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजू, प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्ड, सूचना तथा संचार मन्त्री श्री कृष्णबहादुर महरा र मुख्यसचिव डा. भोजराज घिमिरे ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को प्रभावकारी कार्यान्वयनको प्रारम्भ सरकारी/सार्वजनिक निकायका सबैभन्दा माथिल्लो तहबाट गराउनु आवश्यक देखिएकोले राष्ट्रसेवकहरूमध्ये सबैभन्दा माथिल्लो तहका पदाधिकारीहरूबाट ऐन कार्यान्वयनका लागि प्रतिवद्धता प्राप्त गर्न र कार्यान्वयनमा देखिने संभावित समस्याबारे छलफल गर्न सर्वप्रथम नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरूको संकल्प गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम २०६५ मंसिर २० गते राष्ट्रिय योजना आयोगको सभाकक्षमा सम्पन्न भयो ।

राष्ट्रिय सूचना आयोगबाट आयोजित सो कार्यक्रम दुई सत्रमा भएको थियो । प्रथम सत्रमा उद्घाटन र अतिथिहरूबाट सम्बोधन भएको थियो । प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्ड, विशेष अतिथि सूचना तथा संचार मन्त्री माननीय श्री कृष्णबहादुर महरा र प्रमुख वक्ता मुख्यसचिव डा. भोजराज घिमिरेले सूचनाको हकसम्बन्धी ऐन पूर्ण रूपमा कार्यान्वयन गर्ने/गराउने प्रतिवद्धता जनाउनु भएको थियो ।

### श्री पुष्पकमल दाहाल प्रचण्ड, प्रधानमन्त्री :



उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री दाहाल

निरंकुशतन्त्र र लोकतन्त्रबीचको विभाजन रेखा सूचनाको हकसम्बन्धी अवधारणा हो । पछिल्लो ऐतिहासिक जनआन्दोलनको क्रममा निरंकुशतन्त्रको मुख्य प्रहारको निसाना भनेको सूचनाको हक नै थियो । अहिले हामी सूचनाको हकसम्बन्धी नयाँ ऐन र राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको अधिकारलाई नयाँ स्तरबाट स्थापना गर्दैछौं । यही लोकतन्त्रको र त्यही निरंकुशतन्त्रको अभिव्यक्ति हो । मानिसहरू आफ्नो विकासको क्रममा जनताहरू कति इम्पावर भए, उनीहरू कति अधिकारसम्पन्न भए भन्ने कुरा सूचना प्राप्त गर्ने अधिकार र सूचना खोज्ने जिज्ञासा पनि कति बढ्यो भन्नेमा भर पर्छ ।

हामीले अहिले एउटा परिकल्पना के गरेका छौं भने जनताद्वारा नियन्त्रित, निर्देशित र हस्तक्षेप गरिएको राज्य एक्काइसौं शताब्दीको डेमोक्रेसी भनेका छौं ।

डेमोक्रेसीका विभिन्न मोडेलहरू छन् । कतिपय मानिसले एउटा विशेष मोडेललाई सार्वभौम भनी ठान्छन्, तर त्यो गलत हो । समाजको विकाससँगै डेमोक्रेसीका मोडेलहरूको पनि विकास हुन्छ, परिवर्तन हुन्छ, परिमार्जन हुँदै जान्छ र त्यो त्यत्ति नै बढी डेमोक्रेसी प्रभावकारी हुन्छ, वैज्ञानिक हुन्छ जत्ति त्यो बढीभन्दा बढी जनतालाई सूचना प्राप्त गर्ने अधिकारद्वारा सुसज्जित गर्छ र सूचना प्राप्त गर्ने जिज्ञासा र

चेतनाद्वारा पनि सुसज्जित गर्छ । त्यो राज्य त्यति नै बढी डेमोक्रेटिक हुन्छ जति त्यो जनतालाई सूचना दिने आफ्नो कर्तव्यप्रति सचेत हुन्छ ।

जनतालाई जति धेरै सूचना प्रवाह गर्न सक्यो त्यति राज्य बलियो हुन्छ भन्ने मान्यताद्वारा निर्देशित राज्य नै साँचो अर्थमा डेमोक्रेटिक, आधुनिक अर्थमा डेमोक्रेटिक राज्य हुनसक्छ । हामी जुन प्रक्रियाबाट गुज्रेका छौँ अहिले इतिहासको अत्यन्तै संवेदनशील, असाध्यै महत्वपूर्ण परिवर्तनको प्रक्रियामा छौँ, रूपान्तरणको एउटा प्रक्रियामा छौँ ।

हामी प्रक्रियामा प्रवेश त गरेका छौँ तर नेपाली जनताले विभिन्न चरणका आफ्ना आन्दोलनहरूबाट, बलिदानहरूबाट अपेक्षा गरेका चिजहरू हामीले संस्थागत गरिसकेका छैनौँ । हामी संस्थागत गर्ने प्रक्रियामा छौँ ।

संक्रमण काल भनेको स्वभावैले पुराना र नयाँ एकैचोटी सँगसँगै त्यहाँ विद्यमान हुन्छन्, पुराना मूल्य, पुराना मान्यताहरू, नयाँ मूल्य र नयाँ मान्यताहरू आपसमा टकराइरहेका हुन्छन् र यो कुराको कुनै फैसला भइसकेको हुँदैन कि पुराना मूल्य र मान्यताहरूमाथि नयाँ मूल्य र मान्यताहरूको विजय भइसक्यो । त्यस्तो फैसला नभइसकेको अवधि भनेको संक्रमण कालको अवधि हो ।

**हो, राज्यका कैयन संवेदनशील सूचनाहरू हुन्छन् । ती सबै सूचना जति बेला चाह्यो त्यति बेला, जसरी चाह्यो त्यसरी दिन सकिँदैन पनि भनिन्छ र त्यसमा प्राविधिक रूपमा आंशिक सत्यताहरू पनि छन् तर मुख्य कुरा जनतालाई सुसूचित गर्ने नै हो । अनि मात्र राज्य बलियो, राष्ट्र बलियो हुन्छ । सुसूचित जनताले मात्रै राष्ट्रप्रतिको आफ्नो कर्तव्य उचित ढंगले निर्वाह गर्न सक्छ ।**

सरकारी कर्मचारी भनेको अथवा राज्यको नेतृत्व गर्ने भनेको सबै जनताका नोकरहरू हुन् । जनताले दिएको तिरो, करबाट पालिन्छन् उनीहरू । यो चेतनातिर फर्काउनु छ हामीहरूले । यो संस्कार र विषय सैद्धान्तिक रूपले कुरा गर्दा सजिलो तर व्यवहारमा निकै चुनौतिपूर्ण छ; यो फर्काउने कुरा ।

हामी राणा र शाह शासनबाट कुनै न कुनै रूपमा प्रशिक्षित हौँ । माथि बस्नेहरू मालिक र तल बस्नेहरू नोकर, दास भन्ने मानसिकताबाट कतै न कतै हामी प्रभावित छौँ । हामी आफूलाई जनताको सेवकको रूपमा ठान्ने संस्कारबाट टाढै छौँ । तर आवश्यकता र जनताको अहिलेको चेतना अथवा चाहना भनेको हामी उनीहरूको सेवाको निम्ति हौँ भन्नेमा पुर्‍याउनु छ ।

**मलाई लाग्छ अहिले सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य भनौँ अथवा राष्ट्रिय सूचना आयोग र यसले चलाउने अभियान, यो सबैको उद्देश्य जनता मालिक हुन्, हामी सेवक हौँ र हाम्रो कर्तव्य जनतालाई सूचना दिनु हो, किनकि जनताले मात्रै यो राष्ट्रको स्वतन्त्रताको रक्षा गर्न सक्छ, जनताले मात्रै यो राष्ट्रको समृद्धिको भूमिका खेल्न सक्छ । जनताबाहेक अरू सबै भ्रम हो भन्ने कुरा स्थापित गर्नुपर्छ । त्यो उद्देश्यमा हामी सबैले गम्भीर ढंगले चिन्तन मनन गरौँ र अगाडि बढौँ ।**

**हुन त हामीलाई जनयुद्धबाट आएको हुनाले हामी अलि बढी फासिस्ट छौँ कि, अलि अधिनायकवादी छौँ कि, अथवा हामी अलि बढी निरंकुश छौँ कि, सूचनाको हक र स्वतन्त्रताबारे अलि बढी संकुचित छौँ कि भन्ने मानिसहरूलाई पारिएको छ, पार्न खोजिएको छ । तर हामी त्यसको ठिक उल्टो विशाल**



संकल्प गोष्ठी उद्घाटन कार्यक्रमका सहभागीहरू

**बहुसंख्यक नेपाली जनतालाई अधिकार सम्पन्न, सूचनाको अधिकारद्वारा लैस बनाउनेमा सबैभन्दा प्रतिबद्ध छौं भन्ने साबित गर्न चाहन्छौं ।**

**यस कार्यक्रमले हामी सबैमा त्यो नयाँ चेतनातिर सोच्ने प्रेरणा देओस् । सरकार सूचनाको हक स्थापित गर्ने कुरामा पूरै प्रतिबद्ध छ र जरुरी निर्णयहरू क्याबिनेटबाट लिइने छ । धन्यवाद !**

(भाषणको अंश)

## श्री कृष्णबहादुर महरा, सूचना तथा संचार मन्त्री :



उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै सूचना तथा संचार मन्त्री महरा

ऐन बनिसकेपछि पनि आयोग बन्न धेरै समय लाग्यो । आयोग बनिसकेपछि पनि कार्यक्रमहरू अगाडि बढाउन निक्कै समय पर्खनुपर्‍यो । यसको कारण एउटै छ । नेपालमा हामीले पहिलो पटक यो ऐन बनायौं । ऐन बनिसकेपछि पनि यसको कार्यान्वयन गर्ने कसरी भन्ने विषयमा हामीले आफ्नै अनुभवहरूको अभावमा केही समय पर्खनु पनि पर्‍यो । विस्तारै विस्तारै आयोग बनिसकेपछि अब हामीले गर्नु पर्ने दायित्वहरूका विषयमा छलफल आजका दिनदेखि वास्तवमा सुरु भएको छ । नेपाल सरकारका सबभन्दा उच्च एवं विशिष्ट श्रेणीका तपाईंहरूको यो अन्तरक्रियाबाट देशभरि यो कार्यक्रम अगाडि बढाउने आशा गरेको छु ।

सूचनाको हकसम्बन्धी ऐनको उद्देश्यहरूका बारेमा त त्यहाँ हामीले उल्लेख गरेका छौं । तर मेरो मुख्य बुझाइमा यसको एउटै कुरा हो राज्य र जनताबीचको जुन खाडल थियो, असाध्यै ठूलो दूरी थियो त्यो दूरीको अन्त्य गर्ने । राज्य भनेको एउटा वेग्लै, विशिष्ट अंग हो, जनताको सरोकारभन्दा टाढा रहेको भन्ने मानसिकता एक प्रकारले हिजोको व्यवस्थामा थियो । हिजोको व्यवस्था सामन्तवादको सिद्धान्तमा आधारित थियो । स्वाभाविक रूपले हिजोको राज्य जनताबाट धेरै टाढा थियो र जनताले त्यसबाट सूचनाको हक प्राप्त गर्न सक्तैनथे । त्यसकारण त्यो मानसिकतालाई अन्त्य गर्ने र राज्य भनेको जनताकै हो र जनताले नै बनाउने चिज हो, राज्य र जनताको बीचको सम्बन्ध भनेको एकअर्काको निक्कै अन्तरसम्बन्ध भएको नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्छ भन्ने उद्देश्यका साथ यसलाई अगाडि ल्याइएको छ ।

हामीले हिजो वास्तवमा जनयुद्धद्वारा, जनआन्दोलनद्वारा स्थापित यो नयाँ सिस्टम अगाडि ल्याइरहेका छौं । यो सिस्टमलाई यो ऐनको कार्यान्वयनबाट जनतालाई जागरुक बनाउन, जनतालाई वास्तवमा आत्मविश्वासी बनाउन मद्दत गर्ने मुख्य यसको उद्देश्य हो र हुनुपर्छ भन्ने मैले बुझेको छु ।

त्यस्तै अब आयोग बनेको छ । आयोग नयाँ छ । राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा विस्तारै यसको महत्व बढ्दै जानेछ । अघि मुख्य सचिवज्यूले राख्नु भएजस्तै सूचनाको हक माग्न सुरु भएपछि यो एक्टिभ रूपले अगाडि जानुपर्छ । सूचनाको हक लागू गर्ने बारेमा पनि र यसको तौरतरिकाको बारेमा पनि । यस कारण यो कुरालाई हामीले गम्भीरतापूर्वक आत्मसात गर्नैपर्छ । अर्को कुरा मुख्य सचिवले अघि बोलिसक्नु भएको छ । यो कार्यक्रमले यस्तो सर्वोच्च ठाउँबाट प्रतिवद्धता अगाडि बढेको छ । यसलाई तलसम्म र जनतालाई जागरुक बनाउने स्तरसम्म अगाडि लैजान मदत पुगोस् । धन्यवाद ! (भाषणको अंश)

## डा. भोजराज घिमिरे, मुख्य सचिव :

मैले बुझेको सुशासन गर्ने हो भने निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ । निर्णय प्रक्रियाका आधारहरू र केका लागि त्यो निर्णय गरियो भन्ने कुराहरू सरोकारवालाले जान्नु पनि पर्दछ । त्यसमा एक्सेस हुनुपर्छ । पहुँच हुनुपर्छ । त्यो भनेको पारदर्शिता हो ।

**सूचना मानिसको मौलिक अधिकार पनि हो । सुशासन गर्ने हो भने कुनै पनि राजकीय निर्णयलाई, सरकारको निर्णयलाई गोप्य राख्नु पर्ने आवश्यकता पर्दैन ।**



उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै मुख्यसचिव डा. घिमिरे

म आफै कुनै निर्णय गर्ने तहमा छैन । तर निर्णय हुने तहमा संलग्न हुने व्यक्ति, पदाधिकारी हुँ । मेरो प्रतिवद्धता रहन्छ राज्य र सरकारले दिन उपयुक्त भनी वर्गीकृत गरेका सूचनाहरू – सूचनालाई वर्गीकरण गर्ने भन्ने ऐनमा व्यवस्था छ – त्यो ऐनको व्यवस्थाअन्तर्गत सूचनालाई वर्गीकृत गरी केही सूचनाहरू राज्यको हितमा, संप्रेषित नगर्दा राज्यको हित संरक्षित हुन्छ, मुलुकमा शान्ति हुन्छ, अमनचयन कायम हुन सक्छ, मुलुकको अखण्डता अक्षुण्ण राख्न सकिन्छ अथवा तिनीहरूमा आँच आउने कुराहरू नदिने भन्ने कानुनमा व्यवस्था छ । तर त्यो कानुनमा व्यवस्था भए पनि त्यसलाई पहिला वर्गीकरण गर्नुपर्छ र त्यो वर्गीकरण मुख्यसचिवको अध्यक्षतामा गठित समितिले वर्गीकरण गर्ने भन्ने कानुनी व्यवस्था छ । त्यो कमिटी हामीले गठन गरिसकेका छौँ । आगामी पन्ध्र दिनभित्रमा सम्पूर्ण मन्त्रालयका सूचना कुनकुन सम्प्रेषण गर्न हुन्छ, कुनकुन हुँदैन, खास गरी ऐनकै परिधिभित्र बसेर हामी त्यो गर्ने छौँ । त्यो मेरो प्रतिवद्धता रहने छ, पहिलो प्रतिवद्धता ।

दोस्रो प्रतिवद्धता, सम्माननीय प्रधानमन्त्रीज्यूलाई म अनुरोध गर्छु कि मन्त्रीपरिषद्का सम्पूर्ण निर्णयहरू हामीले, खास गरेर राष्ट्रिय सार्वभौमिकता र अखण्डतालाई आँच नआउने गरी सार्वजनिक सहिष्णुता र साम्प्रदायिक सद्भावमा आँच नआउने विषयहरू, साथसाथै विभिन्न यो इन्टलेक्चुअल प्रपर्टी राइट, त्यस्ता राइटहरूले बन्धित गरेका लगायतका विषयहरू बाहेक मन्त्रीपरिषद्लगायत सम्पूर्ण राज्यका अंगबाट भएका निर्णयहरू सम्बन्धित मन्त्रालयले वेबसाइटमा राख्ने व्यवस्था हुनुपर्छ । त्यो व्यवस्था मन्त्रीपरिषद्को सचिवालयमा पनि मन्त्रीपरिषद्ले निर्णय नगरी मुख्यसचिव आफैले गर्न सक्तैन । त्यसैले मन्त्रीपरिषद्मा अनुरोध गरिनेछ । मलाई जहाँसम्म लाग्छ ती सूचनाहरू राख्न मन्त्रीपरिषद्बाट स्वीकार्य हुन्छ ।

मन्त्रीपरिषद्ले गरेका मुख्यमुख्य निर्णयहरू अहिले पनि सूचना तथा संचार मन्त्रालयले वेबसाइटमा राख्ने परम्परा सुरुवात गरिएको छ । त्यसमा विगत, वर्तमान सरकार गठन भएपछिका, सय दिनका भएका निर्णयहरू त्यसमा राखिएका छन् । त्यसमा कुनै पनि निर्णयहरू छुटेका छैनन् । मैले यसलाई सूचनाको हकमा जनताको पहुँच पुऱ्याउने प्रतिवद्धताअनुसारको कार्य हो भन्ने रूपमा लिएको छु । यो सरकारको प्रतिवद्धता हो भन्ने मैले बुझेको छु ।

एक जना पत्रकारले मन्त्रीपरिषद्का सम्पूर्ण निर्णय उपलब्ध गराइदिन मुख्यसचिवसँग अनुरोध गर्नु भयो । तर उहाँले मुख्यसचिव सूचना अधिकारी होइन भन्ने कुरा नजरअन्दाज गर्नु भयो । यसरी गर्न थालियो भने सूचना प्राप्त गर्न कठिनाइ हुन्छ । मन्त्रीपरिषद्ले गरेका निर्णयहरू प्राप्त गर्न मन्त्रीपरिषद्को सूचना अधिकारीकहाँ निवेदन दिएपछि पन्ध्र दिनभित्र सूचना प्राप्त हुन्छ । त्यो उपलब्ध गर्ने प्रतिवद्धता पनि म यहाँ जाहेर गर्न चाहन्छु । मेरो आफ्नो तर्फबाट राज्यले निर्दिष्ट गरेका सूचना बाहेक सम्पूर्ण सूचना सार्वजनिक गर्न म प्रतिवद्ध छु ।

त्यस्तै, क्षेत्रगत मन्त्रालयका सचिवज्यूहरूले पनि सचिव आफैले सूचना दिने कानुनमा व्यवस्था गरेको छैन । यो कानुनले व्यवस्था गरेको छ : हरेक मन्त्रालयमा सूचना अधिकारी तोकिने छ र त्योमार्फत सूचना प्राप्त हुनेछ भन्ने यो ऐनले व्यवस्था गरेको छ । त्यसकारण सम्पूर्ण मन्त्रालयहरूमा सायद सूचना अधिकारीको व्यवस्था भइसकेको होला, नभए पनि आगामी सात दिनभित्रमा सूचना अधिकारी तोकिदिनु हुन यहाँ सम्पूर्ण सचिवज्यूहरूलाई म अनुरोध गर्दछु ।

म अफ्नो तर्फबाट र राज्यले निर्दिष्ट गरेकोमा बाहेक सम्पूर्ण सूचना उपलब्ध गराउन प्रतिवद्ध छु र मेरो प्रतिवद्धता कायम रहने छ । धन्यवाद ! (भाषणको अंश)

## उद्घाटन कार्यक्रमको अन्त्यमा प्रमुख सूचना आयुक्तको अध्यक्षीय अभिव्यक्ति :

### सूचनाको हक ऐन कार्यान्वयनका लागि


उद्घाटन कार्यक्रम समापन गर्दै प्रमुख सूचना आयुक्त कसजू

नयाँ लोकतान्त्रिक गणतन्त्र नेपालको मालिक नेपाली जनता नै हुन् भन्ने कुरा जनतालाई व्यवहारमा नै अनुभव गराउन र ऐतिहासिक जनआन्दोलनले ल्याएको परिवर्तनको अनुभूति दिलाउन राज्यका हरेक कामकारवाही पारदर्शी, उत्तरदायी र संवेदनशील हुनुपर्छ र शासनमा जनताको सहभागिता हुनुपर्छ । यसको लागि सूचनामा जनताको सरल र सहज पहुँच सबैभन्दा प्रभावकारी र उपयोगी साधन हो ।

राणा प्रधानमन्त्री पद्म शमशेरले आफूलाई जनताको नोकर हुँ भनेका थिए भनेर इतिहासमा पढ्न पाइन्छ । तर त्यस बेला राजा वा प्रधानमन्त्रीले इच्छा गरे तापनि जनताको नोकर बन्ने संभावना थिएन । किनकि, सामन्ती व्यवस्थामा जनता कुनै पनि हालतमा मालिक हुनै सक्तैनथे । त्यस्तै राणा शासनमा पजनी प्रथा थियो । पजनीको आधार कर्मचारीको कार्यसम्पादनको दक्षता होइन, मालिकप्रति बफादारी र चाकरी हुन्थ्यो । जनताप्रति कर्मचारीको कुनै उत्तरदायित्व थिएन । तर, अब जनतालाई नरिझाइ सुखै छैन ।

राज्यका स्रोत साधनको मालिक जनता भएझैं सरकारसँग भएका सूचनाको मालिक पनि जनता नै हुन् । राष्ट्रसेवकहरूको काम जनताको नासोको रूपमा रहेका सूचना जनताले मागेको बेलामा उपलब्ध हुने गरी व्यवस्थापन र संरक्षण गर्नु हो । सूचनाको हक ऐनको सार यही हो ।

साबिकको परम्परा र प्रचलन तथा पुराना सोच, संस्कार र बानी बदल्न निश्चय नै गाह्रो हुन्छ । सूचनामा जनताको पहुँच हुनुपर्छ भन्ने धारणा मनले स्वीकार गरे पनि व्यवहारमा लागू गर्न अप्ठ्यारो लाग्नसक्छ । पहिलो पटक कसैले सूचना माग्दा आफ्नो अधिकार र पदीय जिम्मेवारीमा हस्तक्षेप गरेजस्तो पनि लाग्नसक्छ, रिस पनि उठ्नसक्छ । मागेको सूचना दिनुको सट्टा आलटाल गर्ने विचार पनि आउन सक्छ ।

तर एकपटक ठंडा दिमागले आफू स्वयं सामान्य नागरिक भएर सोचौं । केही समयअघिसम्म प्रायः सबै सरकारी कार्यालयमा एक जना व्यक्तिको फोटो झुण्डिएको हुन्थ्यो । त्यो व्यक्तिले यो देशलाई आफ्नो पुर्खाको आर्जन भन्थ्यो र यो देशको सबै शक्ति ऊबाट निसृत हुन्छ भन्थ्यो । कतिपय व्यक्तिलाई आफ्नो पद र कुर्सीमा भएको अधिकार/शक्ति त्यही व्यक्तिबाट प्राप्त भएजस्तो भ्रम हुन्थ्यो । तर अहिले त्यो फोटो झुण्डिएको भित्ता खाली छ । त्यहाँ जनताको अमूर्त फोटो छ र अहिले शक्तिको वास्तविक स्रोत पनि त्यही जनता हो । लोकतान्त्रिक मूल्यमान्यता तथा जनताले गरेको आन्दोलन र बलिदानको फलस्वरूप अहिलेको राज्यको शक्ति सिर्जना भएको हो । यसरी सोच्न थाल्यौं भने विस्तारै हाम्रा मानसिक बाधा व्यवधानहरू बिलाउन थाल्छन् र जनतालाई सूचना उपलब्ध गराउने सोच विस्तारै मौलाउन थाल्छ ।

सूचना माग्ने र दिने दुबै पक्ष सक्षम र तत्पर नभई सूचनाको हक कार्यान्वयन हुन सक्तैन । यसका लागि सुनियोजित प्रयासको आवश्यकता छ । हरेक कार्यालयको सूचना वैज्ञानिक तरिकाले व्यवस्थापन, संरक्षण र प्रवाह गर्न तथा भौतिक पूर्वाधार र जनशक्ति तयार पार्नु पर्नेछ । सूचना सिर्जना हुने अवस्थामै त्यसको वर्गीकरण गर्ने व्यवस्था भयो भने सूचनाको संरक्षण र सार्वजनिकीकरण सरल र सहज हुने हुँदा सूचना संरक्षण (डेटा प्रोटेक्सन) र लिखतको गोप्यता सम्बन्धी ऐन नियमको आभावलाई तत्काल हटाउनु पर्नेछ ।

अहिले सूचनाको सिर्जना, संरक्षण र पहुँचका लागि नयाँनयाँ माध्यम र प्रविधि आएका छन् । परम्परागत तरिकाको तुलनामा डिजिटल प्रविधि शीघ्र, सस्तो र सरल बन्दैछ । तर पर्याप्त र उपयुक्त कानुनको अभावले गर्दा हामीकहाँ अन्तरराष्ट्रिय रूपमा अनधिकृत सफ्टवेयरमा सूचना सिर्जना र संरक्षण गर्ने प्रचलन छ । अहिले अधिकांश कार्यालयका कम्प्युटर पाइरेटेड अपरेटिङ सिस्टम, सफ्टवेयरमा चलेका छन् ।

यसले कुनै पनि बेला समस्या पार्न सक्छ । यसका लागि सम्बन्धित मन्त्रालयले टेक्नोलोजी बोर्ड गठन गरेर उपयुक्त प्रविधि निर्धारण गर्नु आवश्यक छ ।

सूचना संरक्षण र पहुँचको लागि लिपि, अंक र मिति पनि महत्वपूर्ण कुरा हुन् । अहिले नेपालमा कम्प्युटरमा चलाइने देवनागरी लिपिका ट्रुटाइप फन्टहरूमा लेखिएका सूचना एउटा कम्प्युटरबाट अर्को कम्प्युटरमा पठाउँदा जस्ताको तस्तै जाँदैन । यसको लागि देवनागरीको युनिकोडमा आधारित फन्टको प्रचलन बढाउनु पर्नेछ । त्यस्तै अंकको प्रयोगमा एकरूपता ल्याउनका लागि अन्तरराष्ट्रिय प्रयोगको अंक प्रचलनमा ल्याउनु आवश्यक छ । हाल प्रचलित तिथिमिति (डेट) को ठाउँमा वैज्ञानिक र अन्तरराष्ट्रिय रूपमा प्रचलित तिथिमिति अपनाएर हाम्रा सूचनाहरूलाई व्यवस्थित गर्न सके सूचनाको संरक्षण र पहुँच सरल हुनसक्छ ।

अदालतको फैसलाको सूचना समयमा नपुग्नाले एक जना कैदी छ वर्ष बढी जेलमा बस्नु परेको घटना केही वर्ष पहिले प्रकाशित भएको थियो । सयमया सूचना नपाउनु सूचना नपाए सरह हो । अहिले सूचनाको ओसारपसार गर्ने काममा आधुनिक माध्यम र प्रविधिहरू आएका छन् । यसैले परम्परागत कागत र हुलाकमा मात्र भर नपरी सूचनामा पहुँचका लागि नयाँ प्रविधिको पनि प्रयोग हुनु आवश्यक छ ।

राष्ट्रिय अभिलेखालयले पुरातात्विक तथा सांस्कृतिक महत्वका सूचनाको संरक्षण गर्ने भूमिकालाई बढाएर सरकारी कार्यालयहरूमा वैज्ञानिक तरिकाले सूचना/अभिलेख व्यवस्थापन र संरक्षण गर्ने गराउने, आवश्यक पूर्वाधार र जनशक्ति तयार पार्ने भूमिका खेल्न सक्यो भने सरकारी कार्यालयका सूचनामा जनताको पहुँच सहज र सरल बनाउन उल्लेखनीय काम हुनसक्छ ।

निश्चय नै जनताको सूचनामा पहुँचको अधिकारले राज्यको दायित्व बढेको छ । यसको लागि ठूलै स्रोत साधन र समयको आवश्यकता हुन्छ । तर यो आवश्यकतालाई अनावश्यक बोझको रूपमा लियौँ भने जनताका इच्छा, आकांक्षा र अधिकार अधुरै रहनेछन् । अतः लोकतन्त्रको प्राणवायुको रूपमा रहेको जनताको सूचनाको अधिकार कार्यान्वयन गराउनका लागि राष्ट्रले लगानी गर्न पछि पर्नु हुँदैन ।

सूचनाको हक ऐनको प्रभावकारी कार्यान्वयन रहर वा बाध्यताले गर्ने काम होइन । यो त लोकतन्त्रको अभिन्न र अपरिहार्य विषय हो । यसमा बाधक बन्नु भनेको लोकतन्त्र र जनताको बाटोको बाधक बन्नु हो । यसलाई आत्मसात् नगरी हामी अगाडि बढ्न सक्तैनौँ ।

खुशीको कुरा, यसै सातादेखि पहिलो गणतान्त्रिक सरकारको मन्त्रीपरिषद्ले गरेका सम्पूर्ण निर्णयहरू आमजनताले हेर्नसक्ने गरी वेबसाइटमा राखिएका छन् । यो ऐतिहासिक र आँटिलो काम सुरु गरेकोमा राष्ट्रिय सूचना आयोगका तर्फबाट हार्दिक बधाइ दिन चाहन्छु । सूचनामा जनताको सहज पहुँच पुर्याउने र सूचनाको हक कार्यान्वयन गर्ने दिशामा नेपाल सरकारको यो उत्साहजनक संकेत हो । यस्तै संकेत अन्य क्षेत्रले पनि देखाउनु आवश्यक छ ।

गोष्ठीमा सरकारको निर्णायक निकायमा बस्नु भएका राष्ट्रसेवकहरूले देखाउनु भएको उत्साह र प्रतिवद्धताका लागि म आभार व्यक्त गर्छु र सबै सहभागीहरूलाई धन्यवाद दिन चाहन्छु । यहाँहरूको संकल्पले नयाँ नेपालका नागरिकलाई साँच्चै देशको मालिक भएको अनुभव दिलाउन कोसे ढुँगाको काम गर्नेछ ।

अन्त्यमा गोष्ठीको शुभारम्भ कार्यक्रममा उपस्थित भएर उत्साह बढाइ दिनु भएकोमा सम्मानीय प्रधानमन्त्री तथा माननीय सूचना तथा संचार मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै गोष्ठीलाई सफल पार्न सहयोग गर्नुहुने सबै महानुभावहरूलाई धन्यवाद छ ।

## दोस्रो सत्र अन्तरक्रिया गोष्ठी


अन्तरक्रिया गोष्ठीका सहभागीहरू

कार्यक्रमको दोस्रो सत्र कार्यपत्र प्रस्तुति तथा छलफल र सुझावमा केन्द्रित थियो । सो सत्र मुख्यसचिव डा. भोजराज घिमिरेको अध्यक्षतामा भएको थियो । गोष्ठीमा नेपाल सरकारद्वारा गठित सूचनाको हक सम्बन्धी ऐनको मस्यौदा समितिका संयोजक तथा प्रशासकीय अदालतका अध्यक्ष श्री काशीराज दाहालले “सूचनाको हक र सार्वजनिक निकायको दायित्व” विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सूचना तथा संचार मन्त्रालयका सचिव श्री लीलामणि पौडेलले कार्यपत्रमाथि टिप्पणी गर्नु भएको थियो । गोष्ठीमा सबै मन्त्रालय तथा उच्चस्तरीय निकायका प्रमुखहरूको सक्रिय सहभागिता थियो । अधिकांश सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि महत्वपूर्ण सुझाव दिनु भएको थियो ।

## मन्त्रालयका सूचना अधिकारीहरूको अन्तरक्रिया गोष्ठी




सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनलाई प्रभावकारी बनाउन नेपाल सरकारका सबै मन्त्रालयमा कार्यरत सूचना अधिकारीहरूको अन्तक्रियात्मक गोष्ठी २०६५ साल पुस ३ गते सम्पन्न भयो । गोष्ठीको पहिलो सत्रमा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले स्वागत मन्तव्यका साथै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । सूचना आयुक्त श्री श्रीआचार्यले “सूचनाको हकसम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व” विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । गोष्ठीमा ३५ जना सहभागीहरूको उपस्थिति थियो ।

दोस्रो सत्रमा अधिवक्ता बाबुराम अर्यालले “सार्वजनिक निकायमा सूचना व्यवस्थापन र सूचना अधिकारीको भूमिका” विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । दुबै सत्रमा सहभागीहरूले ऐनको कार्यान्वयनका सन्दर्भमा जिज्ञासा, समस्या र समाधानका उपायहरूबारे सक्रियतासाथ विचार विमर्श गर्नु भएको थियो । पहिलो सत्रको अध्यक्षता सूचना तथा संचार मन्त्रालयका सचिव श्री लीलामणि पौडेलले गर्नु भएको थियो । दोस्रो सत्रको अध्यक्षता प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले गर्नु भएको थियो ।

## विभाग, आयोग, समिति, संस्थानका सूचना अधिकारीहरूको अन्तरक्रिया गोष्ठी

नेपाल सरकारका सबै विभाग तथा आयोग, संस्थान, समिति आदिमा कार्यरत सूचना अधिकारीहरूको लागि २०६५ पुस २८ र २९ गते दुई दिन सूचनाको हक सम्बन्धमा अन्तरक्रियात्मक गोष्ठीहरू भए । दुबै दिनका कार्यक्रमको पहिलो सत्रमा सूचना आयुक्त श्री श्रीआचार्यले गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो भने सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले “सूचनाको हकसम्बन्धी ऐनका मुख्य प्रावधानहरू” का विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

दोस्रो सत्रमा आयोगका सचिव डा. गणेशराज जोशीले “सूचना व्यवस्थापन र सूचना अधिकारीको भूमिका” विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । दुबै सत्रमा सहभागीहरूले सूचनाको हकको कार्यान्वयनका विषयमा प्रश्न र जिज्ञासाहरू राख्नुका साथै महत्वपूर्ण सुझाव दिनु भएको थियो । पहिलो सत्रको अध्यक्षता सूचना तथा संचार मन्त्रालयका सचिव श्री लीलामणि पौडेलले र दोस्रो सत्रको अध्यक्षता

प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले गर्नु भएको थियो । पहिलो दिनको कार्यक्रममा आयोगका पदाधिकारीहरूबाहेक विभिन्न निकायका ३४ जना सूचना अधिकारीहरूको उपस्थिति थियो भने दोस्रो दिनको कार्यक्रममा २९ जनाको सहभागिता थियो । कार्यक्रम संचालन उपसचिव श्री मोहन पोखरेलले गर्नु भएको थियो ।

## क्षेत्रीय अन्तरक्रिया गोष्ठी

पाँच विकास क्षेत्रमा रहेका सरकारका क्षेत्रीय कार्यालयहरू, खास गरी गृह, स्थानीय विकास, भूमि सुधार, कृषि, स्वास्थ्य, अर्थ, सूचना तथा संचार जस्ता मन्त्रालयअन्तर्गतका जनताको दैनिक जीवनसँग सरोकार राख्ने कार्यालयका प्रमुखहरू/सूचना अधिकारीहरूबीच सूचनाको हकसम्बन्धी सचेतना फैलाउन र कार्यान्वयन गराउनका लागि अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरिए ।

## विवरण :

### पश्चिमांचल

२०६५ माघ १२ आइतबार **पश्चिमांचल** विकास क्षेत्रका क्षेत्रीय कार्यालयका सूचना अधिकारीहरूसँग कास्की, पोखरामा सूचनाको हक ऐन कार्यान्वयन बारेमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा लोकतन्त्रमा सार्वजनिक निकायमा रहेका सूचनामा जनताको पहुँच हुनुपर्ने र सूचनाको हकसम्बन्धी ऐनले गरेका व्यवस्थाका साथै ऐनको प्रभावकारी कार्यान्वयनमा संभावित समस्याहरू र सूचना दिँदा पालन गर्नुपर्ने प्रक्रियाहरूका बारेमा व्यापक रूपमा छलफल भएको थियो । सूचना व्यवस्थापनका बारेमा सहभागीहरूबाट उपयोगी सुझावहरू प्राप्त भए । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आयोगका सचिव डा. गणेशराज जोशीले सहजीकरण गर्नु भएको थियो । कार्यक्रम का.मु. क्षेत्रीय प्रशासक श्री रुद्रकुमार श्रेष्ठको अध्यक्षतामा भएको थियो । गोष्ठीमा आयोगका पदाधिकारीहरूबाहेक २२ जनाको सहभागिता थियो ।

### मध्यपश्चिमांचल

२०६५ माघ १९ आइतबार **मध्यपश्चिमांचल** विकास क्षेत्रका क्षेत्रीय कार्यालयका सूचना अधिकारीहरूसँग सुर्खेतमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन बारेमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा सूचनाको हकसम्बन्धी ऐनका उद्देश्य र प्रावधानहरू तथा सार्वजनिक निकायका दायित्वबारे छलफल भएको थियो । ऐनको कार्यान्वयमा आउन सक्ने समस्या र समाधानका बारेमा पनि व्यापक रूपमा छलफल गरिएको थियो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आयोगका सचिव डा. गणेशराज जोशीले सहजीकरण गर्नु भएको थियो । क्षेत्रीय कृषि निर्देशक श्री रामप्रसाद पुलामीको अध्यक्षतामा गोष्ठी सम्पन्न भएको थियो । गोष्ठीमा ५५ जना सहभागी हुनुहुन्थ्यो ।

### मध्यमांचल

२०६५ फागुन १५ बिहीबार **मध्यमांचल** विकास क्षेत्रका क्षेत्रीय कार्यालयका सूचना अधिकारीहरूसँग काठमाडौंमा सूचनाको हक ऐन कार्यान्वयन बारेमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भयो । प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूको अध्यक्षतामा भएको सो गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो भने सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐनका कानुनी पक्षका बारेमा प्रकाश पार्नु भएको थियो । आयोगका सचिव डा. गणेशराज जोशीले सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनका लागि सूचना अधिकारीको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा आयोगका पदाधिकारीहरूबाहेक २९ जनाको सहभागिता थियो ।

## पूर्वांचल



पूर्वांचल क्षेत्रीय अन्तरक्रिया गोष्ठी

२०६५ फागुन २१ बुधबार **पूर्वांचल** विकास क्षेत्रका क्षेत्रीय कार्यालयका सूचना अधिकारीहरूका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया गोष्ठी सम्पन्न गरियो । गोष्ठीको सुरुमा सहभागीहरूलाई स्वागत गर्दै प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले सूचनाको हकका सैद्धान्तिक तथा व्यावहारिक पक्षमाथि प्रकाश पार्नु भएको थियो । आयोगका सचिव डा. गणेशराज जोशीले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । छलफलमा सहभागीहरूले सूचनाको हकसम्बन्धी ऐन लागू गर्दा आउन सक्ने समस्याहरूबारे जिज्ञासा र सुझाव राख्नु भएको थियो । पूर्वांचल क्षेत्रीय कृषि निर्देशक डा. श्यामकिशोर शाहको अध्यक्षतामा भएको सो गोष्ठीमा ३४ जनाको सहभागिता थियो ।

## सुदूरपश्चिमांचल

२०६६ असार ८ गते सोमबार **सुदुरपश्चिमाञ्चल** विकास क्षेत्रको क्षेत्रीयमुकाम दिपायलमा सूचनाको हक सम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष विषयक अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भयो । यस गोष्ठीमा दिपायल र धनगढीस्थित क्षेत्रीयस्तरका सरकारी कार्यालयका सूचना अधिकारी र सूचना अधिकारी नभएका कार्यालयबाट क्षेत्रीय निर्देशकहरूले भाग लिएका थिए ।

गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हक सम्बन्धी ऐनको विश्वव्यापी सैद्धान्तिक मान्यता र उद्देश्यबारे स्पष्ट पार्दै नेपालमा सूचनाको हकको वर्तमान अवस्थाबारे जानकारी गराउनु भएको थियो । उहाँले 'सूचनाको हक सम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले 'सूचनाको हक सम्बन्धी ऐनका मुख्य प्रावधानहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । गोष्ठीमा सहभागीहरूले उठाउनु भएको जिज्ञासाको जवाफ दुवै सूचना आयुक्तले दिनुभएको थियो ।

गोष्ठीमा आयोगका तर्फबाट तयार गरिएको 'सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनका लागि सूचना अधिकारीको भूमिका' विषयक कार्यपत्र, अध्ययन सामग्रीका रूपमा आयोगद्वारा तयार पारिएका 'थाहा पाउने अधिकार', 'सूचनाको हक कार्यान्वयन निर्देशिका' र 'सूचनाको हक किन ?' भन्ने सूचनामूलक प्रचारपत्र वितरण गरिएको थियो । क्षेत्रीय प्रशासन कार्यालय दिपायलका अनुसन्धान अधिकृत श्री गंगाबहादुर खरेलको अध्यक्षतामा सम्पन्न सो गोष्ठीमा आयोगका व्यक्तिहरूसहित २५ जनाको उपस्थिति थियो ।

# जिल्लास्तरीय अन्तरक्रिया गोष्ठी

यो वर्षको निर्धारित कार्यक्रमअनुसार पन्ध्र जिल्लाका सार्वजनिक सरकारी निकायका सूचना अधिकारीहरूका लागि अभिप्रेरणा, सचेतना र सूचना व्यवस्थापन सीपसम्बन्धी प्रशिक्षण एवं छलफल कार्यक्रम गरियो ।

## विवरण :

### कास्की

२०६५ माघ १३ गते पश्चिमांचलको कास्कीका जिल्लास्तरीय सरकारी कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरूबीच सूचनाको हक विषयमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा सूचनाको हकसम्बन्धी ऐनका उद्देश्यहरू र नागरिकलाई सूचना दिनुपर्ने सार्वजनिक निकायको दायित्व, सूचना माग्ने र पाउने व्यवस्था तथा अभिलेख व्यवस्थापन र सूचना अधिकारीका कामका बारेमा छलफल भएको थियो । सूचना आयुक्त श्री श्रीआचार्य र आयोगका सचिव डा. गणेशराज जोशीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । क्षेत्रीय कृषि निर्देशक श्री जनार्दन अधिकारीको अध्यक्षतामा भएको सो गोष्ठीमा तेइस जनाको सहभागिता थियो ।

### सुर्खेत

२०६५ माघ २० गते सुर्खेत जिल्लास्थित जिल्लास्तरीय सरकारी कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरूको सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका विभिन्न पक्षमा अन्तरक्रिया गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य र ऐन र नियमावलीले गरेका सूचना दिने व्यवस्था तथा सूचना व्यवस्थापन र सूचना अधिकारीहरूको दायित्वबारे व्यापक छलफल भएको थियो । सहभागीहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भए । सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकका विविध पक्षमा प्रकाश पार्नु भएको थियो । आयोगका सचिव डा. गणेशराज जोशीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रमुख जिल्ला अधिकारी श्री रुद्रप्रसाद पौडेलको अध्यक्षतामा भएको सो गोष्ठीमा ३८ जना सहभागी हुनुहुन्थ्यो ।

### बाँके

२०६५ माघ २१ गते बाँके जिल्लास्थित जिल्लास्तरीय सरकारी कार्यालयका प्रमुख र सूचना अधिकारीहरूको सूचनाको हकसम्बन्धी अन्तरक्रिया गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकका सैद्धान्तिक तथा व्यावहारिक पक्षमा प्रकाश पार्नु भएको थियो । आयोगका सचिव डा. गणेशराज जोशीले "सूचनाको हकसम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । गोष्ठीमा सूचनाको हकसम्बन्धी ऐनका उद्देश्यहरू र नागरिकलाई सूचना दिनुपर्ने दायित्व तथा ऐन र नियमावलीले गरेको सूचना माग्ने र पाउने व्यवस्थाका बारेमा छलफल भएको थियो । सहभागीहरूबाट गहकिला सुझाव प्राप्त भएका थिए । बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गणेशबहादुर खत्रीको अध्यक्षतामा भएको सो गोष्ठीमा ३९ जना सहभागी हुनुहुन्थ्यो ।

### मोरङ

२०६५ फागुन २२ गते मोरङ जिल्लास्थित जिल्लास्तरीय सरकारी कार्यालयका प्रमुख र सूचना अधिकारीहरूको सहभागितामा सूचनाको हक विषयमा अन्तरक्रिया गोष्ठी विराटनगरमा सम्पन्न गरियो । गोष्ठीमा प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूले सहभागीहरूलाई स्वागत गर्दै सूचनाको हकको महत्व, यसका सैद्धान्तिक र व्यावहारिक पक्षका बारेमा प्रकाश पार्नु भएको थियो । उहाँले कार्यालय प्रमुख र सूचना अधिकारीहरूलाई सूचना प्रवाह गर्ने काममा सघाउन निर्देशिका प्रकाशित हुन लागेको जानकारी दिनु भयो । आयोगका सचिव डा. गणेशराज जोशीले सूचनाको हकसम्बन्धी ऐन र नियमावलीका विभिन्न पक्ष तथा सूचना माग्न आउनेसँग गर्नुपर्ने व्यवहारका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । गोष्ठीमा सहभागीहरूले ऐन कार्यान्वयनसँग सम्बन्धित समस्या, जिज्ञासा र सुझाव प्रस्तुत गर्नु भएको थियो । कृषि

विकास आयोजनाका प्रमुख श्री योगेन्द्रकुमार कार्कीको अध्यक्षतामा भएको सो गोष्ठीमा ५५ जना सहभागी हुनुहुन्थ्यो ।

## दाङ

२०६५ चैत ३ गते दाङ जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरूबीच सूचनाको हकसम्बन्धी ऐनका बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि गर्नु पर्ने कामका बारेमा प्रकाश पार्दै सहभागीहरूले उठाएका विभिन्न जिज्ञासाको उत्तर दिनु भएको थियो । कार्यक्रममा ३० जना सहभागी हुनुहुन्थ्यो ।

## बाग्लुङ



गोष्ठीलाई सम्बोधन गर्नुहुँदै सूचना आयुक्त श्रीमती सबिता भण्डारी बराल

२०६६ बैशाख २७ गते विहान बाग्लुङ बजारमा जिल्लास्तरीय सरकारी कार्यालयहरूका प्रमुख र सूचना अधिकारीहरूको सहभागितामा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीका विषयमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको बारेमा प्रकाश पार्नुको साथै आयोगले गरेका काम र प्रकाशनहरूको बारेमा बताउनु भएको थियो । सहभागीहरूले सूचनाको हकका बारेमा राखेका विभिन्न जिज्ञासाको बारेमा आयुक्त भण्डारीले जवाफ दिनु भएको थियो । गोष्ठी प्रमुख जिल्ला अधिकारी श्री भरत पौडेलको अध्यक्षमा भएको थियो । गोष्ठीमा २५ जनाको उपस्थिति थियो । सहभागीहरूलाई आयोगले प्रकाशन गरेका पुस्तिका र प्रचार सामग्री वितरण गरिएको थियो ।

## पर्वत



गोष्ठीकासहभागीहरूसँग सूचना आयुक्त श्रीमती सबिता भण्डारी बराल

२०६६ बैशाख २७ गते, अपरान्ह पर्वत जिल्लाको कुस्मा बजारमा जिल्लास्तरीय सरकारी कार्यालयहरूका प्रमुख र सूचना अधिकारीहरूको सहभागितामा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीका विषयमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले सूचनाको हकसम्बन्धी ऐन र नियमावलीका साथै आयोगले गरेका काम र प्रकाशनहरूको बारेमा प्रकाश पार्नु भएको थियो । सहभागीहरूले सूचनाको हकका बारेमा राखेका विभिन्न जिज्ञासाको बारेमा आयुक्त भण्डारीले जवाफ दिनु भएको थियो । गोष्ठीको अध्यक्षता प्रमुख जिल्ला अधिकारी श्री जनकराज दाहालले गर्नु भएको थियो । गोष्ठीमा २० जनाको सहभागिता थियो ।

## सिन्धुपाल्चोक

२०६६ जेठ १० गते सिन्धुपाल्चोक जिल्लाका सरकारी कार्यालयहरूमा कार्यरत सूचना अधिकारीहरू तथा कार्यालय प्रमुखहरूसँग सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले सूचनाको हक सम्बन्धी ऐनका विविध पक्ष, कार्यान्वयन विधि र आयोगका कामका बारेमा प्रकाश पार्नु भएको थियो ।

## डोटी

२०६६ असार ८ गते सूचनाको हक सम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष विषयक जिल्लास्तरीय अन्तरक्रियात्मक गोष्ठी डोटी जिल्लाको सिलगढीमा सम्पन्न गरियो । सूचना आयुक्त श्री श्रीआचार्यले 'सूचनाको हक सम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गरी सूचनाको हकसम्बन्धी ऐनको विश्वव्यापी सैद्धान्तिक मान्यता र उद्देश्यबारे स्पष्ट पार्दै नेपालमा यस हकको वर्तमान अवस्थामाथि प्रकाश पार्नु भएको थियो । त्यसैगरी सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले 'सूचनाको हक सम्बन्धी ऐनका मुख्य प्रावधानहरू' विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक सम्बन्धी ऐन २०६४ का मुख्यमुख्य प्रावधानहरूबारे चर्चा गर्नुभएको थियो । गोष्ठीमा जिल्लास्थित सरकारी कार्यालयका सूचना अधिकारी र सूचना अधिकारी नभएका कार्यालयबाट प्रमुखहरूले भाग लिएका थिए । डोटीका प्रमुख जिल्ला अधिकारी श्री गोविन्दमणि भुर्तेलको अध्यक्षतामा सञ्चालित सो गोष्ठीमा आयोगबाट तयार गरिएको 'सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनका लागि सूचना अधिकारीको भूमिका' विषयक कार्यपत्र र अन्य अध्ययन सामग्रीका रूपमा आयोगद्धारा तयार पारिएका 'थाहा पाउने अधिकार', 'सूचनाको हक कार्यान्वयन निर्देशिका' र 'सूचनाको हक किन ?' भन्ने सूचनामूलक प्रचारपत्र वितरण गरिएको थियो । आयोगका व्यक्ति तीन जनासहित गोष्ठीमा ३३ जना सहभागी थिए ।

## डडेल्धुरा

२०६६ असार ९ गते सूचनाको हकसम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष बिषयक जिल्लास्तरीय अन्तरक्रियात्मक गोष्ठी डडेल्धुरा जिल्लाको सदरमुकाम डडेल्धुरामा सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले 'सूचनाको हक सम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गरी सूचनाको हकसम्बन्धी ऐनको विश्वव्यापी सैद्धान्तिक मान्यता र उद्देश्यबारे स्पष्ट पार्दै नेपालमा यस हकको वर्तमान अवस्थाबारे प्रकाश पार्नुभएको थियो । त्यसैगरी सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले 'सूचनाको हक सम्बन्धी ऐनका मुख्य प्रावधानहरू' विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकसम्बन्धी ऐन २०६४ का मुख्यमुख्य प्रावधानहरूबारे चर्चा गर्नुभएको थियो । गोष्ठीमा जिल्लास्थित सरकारी कार्यालयका सूचना अधिकारी र सूचना अधिकारी नभएका कार्यालयबाट प्रमुखहरूले भाग लिएका थिए । गोष्ठी डडेल्धुराका सहायक प्रमुख जिल्ला अधिकारी श्री हरिराज बिष्टको अध्यक्षतामा संचालन भएको थियो । गोष्ठीमा आयोगबाट तयार गरिएको 'सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनका लागि सूचना अधिकारीको भूमिका' विषयक कार्यपत्र र अन्य अध्ययन सामग्रीका रूपमा आयोगद्वारा तयार पारिएका 'थाहा पाउने अधिकार', 'सूचनाको हक कार्यान्वयन निर्देशिका' र 'सूचनाको हक किन ?' भन्ने सूचनामूलक प्रचारपत्र वितरण गरिएको थियो । गोष्ठीमा आयोगका तीन व्यक्तिबाहेक ३१ जना सहभागी थिए ।

## कंचनपुर

२०६६ असार १० गते सूचनाको हक सम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष बिषयक जिल्लास्तरीय अन्तरक्रियात्मक गोष्ठी कञ्चनपुर महेन्द्रनगरमा सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले 'सूचनाको हक सम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गरी सूचनाको हक

सम्बन्धी ऐनको विश्वव्यापी सैद्धान्तिक मान्यता र उद्देश्यबारे स्पष्ट पार्दै नेपालमा यस हकको वर्तमान अवस्थाबारे प्रकाश पार्नुभएको थियो । त्यसैगरी सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले 'सूचनाको हक सम्बन्धी ऐनका मुख्य प्रावधानहरू' विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकसम्बन्धी ऐन २०६४ का मुख्यमुख्य प्रावधानहरूबारे चर्चा गर्नुभएको थियो । गोष्ठीमा जिल्लास्थित सरकारी कार्यालयका सूचना अधिकारी र सूचना अधिकारी नभएका कार्यालयबाट प्रमुखहरूले भाग लिएका थिए । गोष्ठीमा आयोगका व्यक्तिहरूबाहेक ३४ जना सहभागी थिए ।

## कैलाली

२०६६ असार ११ गते सूचनाको हकसम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष बिषयक जिल्लास्तरीय अन्तरक्रियात्मक गोष्ठी धनगढीमा सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले 'सूचनाको हकसम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गरी सूचनाको हक सम्बन्धी ऐनको विश्वव्यापी सैद्धान्तिक मान्यता र उद्देश्यबारे स्पष्ट पार्दै नेपालमा यस हकको वर्तमान अवस्था बारेमा प्रकाश पार्नुभएको थियो । त्यसैगरी सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले 'सूचनाको हक सम्बन्धी ऐनका मुख्य प्रावधानहरू' विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक सम्बन्धी ऐन २०६४ का मुख्यमुख्य प्रावधानहरूबारे चर्चा गर्नुभएको थियो । स्थानीय विकास अधिकारी श्री गोकर्ण शर्माको अध्यक्षतामा सञ्चालित गोष्ठीमा जिल्लास्थित सरकारी कार्यालयका सूचना अधिकारी र सूचना अधिकारी नभएका कार्यालयबाट प्रमुखहरूले भाग लिएका थिए । गोष्ठीमा ४५ जना सहभागी थिए ।

## बर्दिया


बर्दियामा गोष्ठीलाई सम्बोधन गर्दै सूचना आयुक्त श्री श्रीआचार्य

२०६६ असार १२ गते सूचनाको हक सम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष विषयक जिल्लास्तरीय अन्तरक्रियात्मक गोष्ठी बर्दिया जिल्लाको सदरमुकाम गुलरियामा सम्पन्न भयो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले 'सूचनाको हकसम्बन्धी ऐन र सूचना अधिकारीको दायित्व' विषयक कार्यपत्र प्रस्तुत गरी नेपालमा यस हकको वर्तमान अवस्था बारेमा प्रकाश पार्नुभएको थियो । त्यसैगरी सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले 'सूचनाको हक सम्बन्धी ऐनका मुख्य प्रावधानहरू' विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक सम्बन्धी ऐन २०६४ का मुख्यमुख्य प्रावधानहरूबारे चर्चा गर्नुभएको थियो । प्रमुख जिल्ला अधिकारी श्री वेदबहादुर कार्कीको अध्यक्षतामा भएको सो गोष्ठीमा जिल्लास्थित सरकारी कार्यालयका सूचना अधिकारी र सूचना अधिकारी नभएका कार्यालयबाट प्रमुखहरूले भाग लिएका थिए । गोष्ठीमा आयोगका व्यक्तिबाहेक २७ जना सहभागी थिए ।

## धादिङ

२०६६ असार २८ गते सूचनाको हक सम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष विषयक अन्तरक्रियात्मक गोष्ठी धादिङ जिल्लाको सदरमुकाम धादिङ बेसीमा सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले


धादिङमा गोष्ठीलाई सम्बोधन गर्दैसूचना आयुक्त श्रीमती सबिता भण्डारी बराल

सूचनाको हकसम्बन्धी ऐनको विश्वव्यापी सैद्धान्तिक मान्यता र उद्देश्यबारे स्पष्ट पार्दै नेपालमा यस हकको वर्तमान अवस्थाको बारेमा प्रकाश पार्नुभएको थियो । त्यसैगरी सूचना आयुक्त श्रीमती सबिता भण्डारीले सूचनाको हकसम्बन्धी ऐन २०६४ का मुख्यमुख्य प्रावधानहरूबारे चर्चा गर्नुभएको थियो । प्रमुख जिल्ला अधिकारी श्री उद्धवबहादुर थापाको अध्यक्षतामा सञ्चालित सो गोष्ठीमा जिल्लास्थित बीस वटा सरकारी कार्यालयका सूचना अधिकारी र सूचना अधिकारी नभएका कार्यालयबाट प्रमुखहरूले भाग लिएका थिए । गोष्ठीमा २१ जना सहभागी थिए ।

## तनहुँ



तनहुँमा गोष्ठीलाई सम्बोधन गर्दैसूचना आयुक्त श्रीमती सबिता भण्डारी बराल

२०६६ असार ३० गते सूचनाको हकसम्बन्धी ऐन र यसको व्यावहारिक पक्ष बिषयक अन्तरक्रियात्मक गोष्ठी तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा सम्पन्न गरियो । गोष्ठीमा सूचना आयुक्त श्री श्रीआचार्यले सूचनाको हकसम्बन्धी ऐनको विश्वव्यापी सैद्धान्तिक मान्यता र उद्देश्यबारे स्पष्ट पार्दै नेपालमा यस हकको वर्तमान अवस्था बारेमा प्रकाश पार्नुभएको थियो । त्यसैगरी सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालले सूचनाको हक सम्बन्धी ऐन २०६४ का मुख्यमुख्य प्रावधानहरूबारे चर्चा गर्नुभएको थियो । सहायक प्रमुख जिल्ला अधिकारी श्री थमनसिंह थापाको उपस्थितिमा सञ्चालित सो अन्तरक्रियात्मक गोष्ठीमा सरकारी वकिलको कार्यालय खानेपानी संस्थान, नेपाल बैंक र कृषि विकास बैंकबाहेक २२ वटा सरकारी कार्यालयबाट सहभागिता जनाइएको थियो । गोष्ठीमा आयोगका व्यक्तिबाहेक २२ जनाको उपस्थिति थियो ।

# सचेतना कार्यक्रम

सूचनाको हकसम्बन्धी ऐनका बारेमा जनचेतना फैलाउनका लागि आयोगले आमसंचार माध्यमहरूको उपयोग गर्नुका साथै विभिन्न जिल्लामा सचेतना गोष्ठी, कार्यक्रमहरू आयोजना गर्ने कार्यक्रम राखेको थियो । तर आयोगमा आवश्यकताअनुसारको कर्मचारीको दरबन्दी स्वीकृत नभएको र ती काम गर्नका लागि पर्याप्त र उपयुक्त जनशक्तिको अभाव भएको हुँदा आयोगले त्यस्तो काम गरिरहेका संस्थाहरूसँग मिलेर सचेतना कार्यक्रम संचालन गर्ने निर्णय गरेअनुसार केही जिल्लामा सचेतना गोष्ठी संचालन गरिएका थिए । समयको कमीले गर्दा चाहेजति जिल्लामा कार्यक्रम अयोजना गर्न सकिएन ।

## सिन्धुली, पाँचथर र झापा



सूचनाको हकसम्बन्धी सचतना अन्तरक्रिया कार्यक्रम : सिन्धुली

राष्ट्रिय सूचना आयोग र एसिया जर्नालिष्ट एसोसिएसन नेपालको सहकार्यमा “नागरिकको थाहा पाउने अधिकार” विषयक अन्तरक्रियात्मक कार्यक्रम सिन्धुली, पाँचथर र झापा जिल्लामा सम्पन्न भयो । तीन जिल्लामा सरकारी कर्मचारी तथा समाजका विभिन्न वर्गका प्रतिनिधि गरी १२९ जना व्यक्तिको सहभागिता थियो । सूचनाको अधिकारबारे नागरिक तहमा भएको यो अन्तरक्रियात्मक सचेतना कार्यक्रमले

थाहा पाउने अधिकार सम्बन्धमा जिज्ञासा र चासो बढाएको छ । यसलाई सीमान्त वर्गसम्म अभियानको रूपमा अघि बढाउन सहभागीबाट ठोस सुझाव प्राप्त भएको छ ।



सूचनाको हकसम्बन्धी सचेतना अन्तरक्रिया कार्यक्रम : पाचथर

यो कार्यक्रम सिन्धुलीको सिन्धुलीमाढीमा २०६६ जेठ ९ गते, त्यसपछि पाँचथरको सरदमुकाम फिदिममा जेठ १४ गते र झापाको चन्द्रगढीमा जेठ १९ गते आयोजना गरिएको थियो । प्रमुख जिल्ला अधिकारीसहित सरदरमुकामस्थित सरकारी कार्यालयका प्रमुख र प्रतिनिधि, पेशागत संगठनका प्रतिनिधि, उपभोक्ता हकहितका निम्ति क्रियाशील स्थानीय संघसंस्था, राजनीतिक दलका प्रतिनिधि तथा संचारकर्मीहरू अन्तरक्रियामा सहभागी थिए ।

अन्तरक्रियात्मक सचेतना कार्यक्रमबाट केही अपेक्षाहरू गरिएका थिए : सूचना लुकाउने संस्कृतिमा हुर्किएको प्रशासन, पारदर्शिताको अभाव रहेका संघसंस्था एवं सार्वजनिक निकायमा सूचना संस्कृति प्रारम्भ गराउन आवश्यक थियो । ऐन कानुन र आयोग बनेर मात्र पुग्दैन, यसका लागि नागरिक जागरण र दबाब आवश्यक छ भन्ने महसुस गरिएको थियो । सूचना अधिकारको निर्वाध प्रचलन गराउन जनस्तरमा चेतना जागरण हुनुपर्छ र नागरिकले थाहा पाउने चाहना राख्दा उत्पन्न हुन सक्ने व्यवधान हटाउन सचेत नागरिक र आयोग स्वयम् क्रियाशील रहनुपर्छ आदि । सचेतना कार्यक्रमले आयोगको यो अपेक्षलाई प्रोत्साहित गरेको छ ।



सूचनाको हकसम्बन्धी सचतना अन्तरक्रिया कार्यक्रम : झापा

कार्यक्रममा भएको छलफलको क्रममा सूचना अधिकारबारे सहभागीहरू प्रायः कमै मात्र जानकार पाइए । धेरैमा यसबारे अन्योल र अस्पष्टता देखियो । धेरैलाई के लागेको छ भने यो ऐन पत्रकारिता क्षेत्रका लागि मात्र हो । सहभागीहरूलाई सूचनाको अधिकार प्रत्येक व्यक्तिको मौलिक अधिकार हो, सूचनाको अधिकारलाई मौलिक हकको रूपमा उपयोग गर्न सकिन्छ, सूचनाको अधिकारको प्रयोगबाट आफ्ना प्रतिनिधि र जिम्मेवार निकायमाथि नागरिक निगरानी बढाउन सकिन्छ भन्ने कुरा थाहा नभएको पाइयो । अन्तरक्रियात्मक सचेतना कार्यक्रमबाट सहभागीहरूमा रहेको यसप्रकारको अस्पष्टता घटाउन मद्दत पुगेको विश्वास गरिएको छ ।

# प्रकाशन तथा प्रसारण

## पुस्तिका प्रकाशन




सूचनाको हकसम्बन्धी ऐनबारे जनचेतना जगाउनका लागि “विश्व थाहा दिवस” को अवसर २८ सेप्टेम्बर २००८ मा (२०६५ असोज १२ गते) “थाहा पाउने अधिकार” पुस्तिका प्रकाशन गरी वितरण भयो ।

नियमावली बनेपछि त्यसअनुरूप संशोधन र परिमार्जन गरी तथा सूचनाको हकसम्न्धी ऐन र नियमावली समावेश गरी ६४ पेजको “थाहा पाउने अधिकार” पुस्तकको रूपमा दोस्रो संस्करण दुई पटक प्रकशित भइसकेको छ ।

## निर्देशिका प्रकाशन




सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि सार्वजनिक निकायका प्रमुख र सूचना अधिकारीको मार्ग दर्शनका लागि "सूचनाको हक कार्यान्वयन निर्देशिका" जारी गरी प्रकाशन गरिएको छ । यसमा सूचना सार्वजनिक गर्ने तथा सूचना माग गर्नेलाई सूचना उपलब्ध गराउने विधि तथा मागकर्तासँग गर्ने व्यवहार आदिका बारेमा विस्तृत रूपमा प्रकाश पारिएको छ । यसमा पनि सूचनाको हकसम्बन्धी ऐन र नियमावली समावेश गरिएको छ । मन्त्रालयहरू र अन्य निकायहरूमार्फत् यसको वितरण भइरहेको छ ।

## प्रचारपत्र प्रकाशन




सूचनाको हक कसरी प्राप्त गर्ने भन्ने विषयमा जन चेतना फैलाउनका लागि सरल भाषामा "सूचनाको हक किन ?" प्रचारपत्र छापेर व्यापक रूपमा बाँड्ने काम भइरहेको छ ।

# अनुवाद

## ऐन र नियमावली

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नोटरी पब्लिकबाट मान्यताप्राप्त व्यक्तिबाट अंग्रेजी भाषामा अनुवाद गराई वेबसाइटमा राखिएको छ ।

## पुस्तिका

'थाहा पाउने अधिकार' पुस्तिका र 'सूचनाको हक किन ?' प्रचारपत्रको मैथिली, भोजपुरी, अवधी र थारु भाषामा अनुवाद गर्ने काम पूरा भएको छ । चाँडै प्रकाशन गरिनेछ ।

## तालिम निर्देशिका

आर्टिकल नाइन्टिनले तयार पारेको सूचना अधिकारीहरूका लागि तालिम निर्देशिका (ट्रेनिङ म्यानुअल) को अनुवाद तयार छ । यसलाई नेपालको ऐन कानुन र परिवेश अनुकूल बनाई परिमार्जन गरी प्रकाशन गरिनेछ ।

## रेडियो कार्यक्रम र विज्ञापन

रेडियोमार्फत् सूचनाको हकको चेतना फैलाउन लोककल्याणकारी विज्ञापन (पीएसए) र अन्य कार्यक्रम संचालन गरिएको छ । काठमाडौँमा नेपाल एफएमबाट नेपाली भाषामा र महेन्द्रनगरमा शुक्लाफाँटा एफएमबाट नेपाली, डोटेली र थारु भाषामा कार्यक्रम प्रसारण भएको छ ।

## चार भाषामा पीएसए

नेपालीका अतिरिक्त मैथिली, भोजपुरी, अवधी र थारु भाषामा श्रव्य लोककल्याणकारी विज्ञापन (पीएसए) उत्पादन गरिएको छ। विभिन्न रेडियोमार्फत् यसको प्रसारण गर्ने योजना छ।

## वेबसाइट संचालन

आयोगको आफ्नै वेबसाइट www.nic.gov.np छ, जसमा निम्नलिखित सामग्री डाउनलोड गर्न र हेर्न सकिन्छ :



- नेपालको अन्तरिम संविधान २०६३
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५
- सूचनाका हकसम्बन्धी ऐन र नियमावलीको अंग्रेजी अनुवाद
- सूचनाको हक कार्यान्वयन निर्देशिका
- सूचनाको हक के हो ? प्रचारपत्र

**हेर्न सकिने सामग्री :**

- राष्ट्रिय सूचना आयोगको परिचय
- प्रमुख सूचना आयुक्त र आयुक्तहरूको परिचय
- केन्द्रिय सूचना अधिकारीहरूको सूची
- क्षेत्रीय सूचना अधिकारीहरूको सूची
- जिल्लास्थित सूचनाअधिारीहरूको सूची
- आयोगका निर्णयहरू
- पुनरावेदन
- आयोगका गतिविधि (डायरी)
- अयोगका विज्ञप्ति

आयोगमा परेका उजुरी र पुनरावेदनमाथि भएका कारवाही र निर्णयहरू पनि वेबसाइटमा राख्ने र नियमित रूपमा अपडेट गर्ने गरिएको छ। सूचनाको हकसम्बन्धी सचेतनात्मक सामग्री तथा गोष्ठी तथा कार्यक्रमहरूमा प्रस्तुत कार्यपत्रहरू वेबसाइटमा छन्। यी सामग्रीहरू डाउनलोड गरेर सचेतनात्मक कार्यक्रममा पुनः प्रयोग गर्न सकिन्छ।

## अनुगमन, अध्ययन र अनुसन्धान

विभिन्न संस्थाहरूको सहकार्यमा विभिन्न जिल्लाका जिल्लास्तरीय र पाँच विकास क्षेत्रका केही क्षेत्रीय स्तरका सरकारी कार्यालयमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको स्थितिबारे अध्ययन गराइएको छ । यससम्बन्धी विवरण अर्को अध्यायमा हेर्नुहोला ।

अनुगमनबाट प्राप्त सुझाव र सिफारिस परिशिष्ट खण्डमा छ ।

## अन्य कार्य

– सम्पूर्ण मन्त्रालय, विभाग र सरकारी निकायहरूलाई आफ्नो वेबसाइटमा सूचनाको हकसम्बन्धी ऐन सजिलैसँग हेर्न र डाउनलोड गर्न मिल्ने गरी राख्न अनुरोध गरिएको छ ।

– सरकारी कार्यालयहरूमा सूचना अधिकारी र सूचना शाखाको लागि आवश्यक पर्ने बजेट र स्रोत साधनको व्यवस्था गर्न अर्थ मन्त्रालयसँग अनुरोध गरिएको छ ।

– सूचना अधिकारीहरू तोक्न र तिनको नाम र सम्पर्क फोन नम्बर पठाउन मन्त्रालयहरूलाई अनुरोध गरिएको छ तथा प्राप्त नाम र सम्पर्कहरू संकलन गरी आयोगको वेबसाइटमा राख्ने गरिएको छ ।

– चिकित्सकहरूलाई स्वास्थपरीक्षणको रिपोर्ट तथा औषधीको सिफारिस बुझिने गरी लेख्न लगाउन तथा औषधी विक्रेताहरूलाई औषधी बेच्दा औषधी प्रयोग गर्ने मात्रा र विधि बुझिने गरी लिखित रूपमा उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा अनुरोध गरिएको छ ।

– विजुलीको लोडसेडिङको बारेमा नियमित रूपमा र सबैले थाहा पाउने गरी जानकारी दिन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरिएको छ ।

– कानुनी प्रक्रियाद्वारा बाहेक पनि सूचना माग्ने र दिने व्यक्ति र निकायहरूबीच सूचना प्रवाह गर्ने गराउने काममा अनौपचारिक रूपमा सहजीकरण गर्ने काम भइरहेको छ ।

## सार्वजनिक संस्था र कार्यक्रमहरूमा सहभागिता

– नेपाल पत्रकार महासंघको केन्द्रिय कार्यालयमा महासंघका पदाधिकारीहरूसँग प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तहरूको भेटघाट र भावी कार्यक्रमबारे छलफल, सुझाव संकलन । (२०६५।२।३१)

– इमेज न्युज च्यानल एफ एममा प्रमुख सूचना आयुक्तसँग सूचनाको हकसम्बन्धी ऐन र आयोगका कार्यक्रमबारे अन्तर्वार्ता प्रत्यक्ष प्रसारण (२०६५।२।३२)

– नेपाल टेलिभिजनबाट प्रमुख सूचना आयुक्तसँग अन्तर्वार्ता प्रत्यक्ष प्रसारण । (२०६५।३।१)

– नयाँ विकल्प साप्ताहिकमा प्रमुख सूचना आयुक्तको अन्तर्वार्ता प्रकाशित । २०६५।३।२

– मार्टिन चौतारीले आयोगको भूमिकाबारे आयोजना गरेको छलफल कार्यक्रममा प्रमुख सूचना आयुक्त र सूचना आयुक्त श्रीमती सबिता भण्डारी बराल सहभागी । (२०६५।३।१९)

– जागरण मिडिया सेन्टरले आयोजना गरेको कार्यक्रममा सूचनाको हकबारे प्रमुख आयुक्तबाट स्पष्ट पार्ने काम भयो । (२०६५।३।२०)

– नेपाल पत्रकार महासंघ पाल्पाको आयोजनामा सूचनाको हकबारे भएको गोष्ठीमा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बराल सहभागी । (२०६५।५।८)

– संविधानमा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकलाई समावेश गर्नेबारे फ्रिडम फोरमबाट आयोजित छलफलमा प्रमुख सूचना आयुक्त सहभागी । (२०६५।५।९)

– इमेज न्युज एफएमले संचालन गरेको सूचनाको हकबारे छलफल प्रत्यक्ष प्रसारणमा प्रमुख सूचना आयुक्त सहभागी । (२०६५।५।२९)

– नेपाल पत्रकार महासंघले आयोजना गरेको नयाँ संविधानमा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हक समावेश गर्नेबारे छलफलमा प्रमुख सूचना आयुक्त सहभागी । (२०६५।५।३१)

– विश्व थाहा दिवसको उपलक्ष्यमा सिनर्जी एफएम भरतपुर र नेपाल एफएम काठमाडौंबाट प्रत्यक्ष छलफल कार्यक्रम प्रसारणमा प्रमुख सूचना आयुक्त सहभागी । (२०६५।६।१२)

– हेटौंडाको नेसनल एफएममार्फत् सूचनाको हक र आयोगको भूमिकाबारे प्रमुख आयुक्तको अन्तर्वार्ता प्रसारित । (२०६५।६।१४)

– सरकारी कार्यालयका प्रवक्ताहरूका लागि आयोजित उच्चस्तरीय जनसम्पर्क कार्याशालामा प्रमुख सूचना आयुक्त सहभागी । २०६५।६।१५)

– सूचना तथा संचार मन्त्रालयले आयोजना गरेको प्रवक्ताहरूका लागि उच्चस्तरीय मिडिया व्यवस्थापन गोष्ठीमा प्रमुख सूचना आयुक्त सहभागी । उक्त गोष्ठीबारे कान्तिपुर एफएममा अन्तर्वार्ता ।

– मदनभण्डारी मेमोरियल कलेजमा सूचनाको हक र संचारका बारेमा प्रमुख सूचना आयुक्तबाट प्रस्तुति । (२०६५ चैत ३ सोमबार)

– प्रेस काउन्सिलमा मिडिया संवाद कार्यक्रममा सूचनाको हक र प्रेस विषयमा प्रमुख सूचना आयुक्तबाट कार्यपत्र प्रस्तुत । (२०६५ चैत ७ शुक्रबार)

– नेपाल पत्रकार महासंघको राष्ट्रिय भेलामा प्रमुख सूचना आयुक्तबाट सूचनाको हक कार्यान्वयनको स्थितिबारे स्पष्ट पारियो । (२०६५ चैत १६ आइतबार)

– वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय र एशिया जर्नालिस्ट एसोसिएसनले आयोजना गरेको 'वातावरण संरक्षण तथा जलवायु परिवर्तनको असर सम्बन्धमा जनचेतन अभिवृद्धिको गर्न संचारकर्मीको भूमिका' गोष्ठीमा वातावरण र सूचनाको हक विषयमा प्रमुख आयुक्तबाट प्रस्तुति । (२०६६ वैशाख ६ आइतवार)

– अन्तरराष्ट्रिय गैरसरकारी संस्था संगठनले आयोजना गरेको कार्यक्रममा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीबारे प्रमुख आयुक्तबाट प्रस्तुति । (२०६६ जेठ १५ गते शुक्रबार)

– शुक्लाफाँटा एफएमबाट प्रत्यक्ष प्रसारित छलफल कार्यक्रममा प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त श्री श्रीआचार्य र श्रीमती सबिता भण्डारीको सहभागिता ।

– इलामस्थित एफएम रेडियोबाट प्रत्यक्ष प्रसारित छलफल कार्यक्रममा सूचना आयुक्त श्री श्रीआचार्यको सहभागिता ।

– दाङस्थित एमफएम रेडियोबाट प्रत्यक्ष प्रसारित छलफल कार्यक्रममा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालको सहभागिता ।

– क्रियाशील पत्रकार महिलाद्वारा आयोजित सूचनाको हकसम्बन्धी छलफल कार्यक्रममा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालबाट सूचनाको हकसम्बन्धी ऐनका बारेमा प्रस्तुति ।

– जनप्रशासन क्याम्पसद्वारा आयोजित सूचनाको हकसम्बन्धी छलफल कार्यक्रममा सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालद्वारा सूचनाको हकसम्बन्धी ऐनका प्रावधानहरूबारे प्रस्तुति ।

– नेपाल पत्रकार महासंघ सिन्धु पाल्चोकको आयोजनामा पत्रकारहरूसँग सूचना आयुक्त श्रीमती सबिता भण्डारी बरालको सूचनाको हकसम्बन्धी ऐनबारे अन्तरक्रिया ।

**विश्व बैंकसँग सहकार्य :**

नेपालमा सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि गर्नु पर्ने उपायहरूका बारेमा विश्व बैंकले अध्ययन पूरा गरिसकेको छ । त्यसअनुसार आगामी ३ – ५ वर्षमा गर्नु पर्ने कामको विस्तृत योजना र कार्यक्रम तयार हुँदैछ । त्यो तयार भई नेपाल सरकारले स्वीकृति दिएपछि कार्यान्वयनमा आउनेछ ।

**सहकार्य गरेका संस्था र व्यक्तिहरू :**

नेपाल एफएम, काठमाडौँ

रेडियोमार्फत् नेपाली भाषामा पीएसए, छलफल कार्यक्रमको प्रचार प्रसार ।

शुक्लाफाँटा एफएम, महेन्द्रनगर, कंचनपुर

रेडियो मार्फत नेपाली, डोटेली र थारु भाषामा पीएसए, फिचर र छलफल कार्यक्रम प्रसारण ।

एशिया जर्नालिस्ट एसोसिएसन

सिन्धुली, झापा र पाँचथर जिल्लामा सूचनाको हकबारे सचेतना मूलक अन्तरक्रिया कार्यक्रम ।

श्री भोलानाथ ढुँगाना

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को अंग्रेजी भाषामा आधिकारिक अनुवाद ।

संस्कार मिथिला (श्री धीरेन्द्र प्रेमर्षी)

थाहा पाउने अधिकार पुस्तिकाको मैथिली, भोजपुरी, अवधी  र थारु भाषामा अनुवाद ।

रेडियोबाट प्रसारण गर्नका लागि मैथिली, भोजपुरी, अवधी र थारु भाषामा सूचनाको हकसम्बन्धी सचेतना मूलक सन्देश प्रसारण गर्न पीएसए अनुवाद र उत्पादन ।

**सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन अध्ययन/सर्वेक्षण गर्ने संस्थाहरू :**

फोरम फर डिजिटल इक्वालिटी

इन्फरमेटिभ ल एसोसिएट्स् प्रा.लि.

समाज विकास अभियान नेपाल

एग्री प्रोफेसनल कन्सल्टेन्ट प्रा.लि.

## ग) अनुगमन, अध्ययन

सूचनाको हकसम्बन्धी ऐन लागू भएको एक वर्षभन्दा बढी समय भैसकेको अवस्थामा सार्वजनिक निकायहरूले सूचना प्रवाहमा कत्तिको चासो र तत्परता देखाएका छन्, ऐनमा व्यवस्था गरिएबमोजिमको दायित्व पूरा गरेका छन् वा छैनन्, सूचना व्यवस्थापनको अवस्था कस्तो छ, सूचना माग्ने प्रबृत्ति र त्यसको चापको अवस्था र कार्यलयका लागि विनियोजित हुने मौजुदा साधन/स्रोत सूचना प्रवाहमा पर्याप्त छ छैन आदि बुझेर त्यसमा सरकारलाई के कस्तो सुझाव दिन सकिन्छ भन्ने हेतुले २०६६ जेठ-असारमा आयोगबाट अध्ययन सर्वेक्षण गराइएको थियो ।

आयोगमा कर्मचारीको दरवन्दी समेत स्वीकृत नभएको र काम चलाउनका लागि सूचना तथा संचार मन्त्रालयले केही कर्मचारी काजमा पठाउने भनिएकोमा मन्त्रालयबाट काजमा कर्मचारी आवश्यक मात्रामा नखटाइएकोले यो काम आयोगले बाहिरबाट गराएको थियो । एग्री प्रोफेशनल प्रा.लि., इन्फरमेटिभ ल एसोसिएट्स प्रा.लि., फोरम फर डिजिटल इक्वालिटी र समाज विकास अभियान नामक संस्थालाई उक्त अध्ययन सर्वेक्षणको जिम्मेवारी दिइएको थियो ।

आयोग र आर्टिकल नाइन्टिनका नेपालका प्रतिनिधि समेतको प्रत्यक्ष निर्देशनमा सर्वेक्षणका लागि प्रश्नपत्रहरू तयार गरिएका थिए । नमूना सर्वेक्षण काठमाडौं जिल्लाका केही सरकारी कार्यालयहरूमा गरिएको थियो । त्यसपछि संस्थाका प्रतिनिधिहरूले विभिन्न १५ जिल्ला र पाँचवटै विकास क्षेत्रका रोजिएका क्षेत्रीय कार्यालयहरूमा पुगेर उत्तर संकलन गरेका थिए । यस निम्ति १९८ सरकारी कार्यालयमा सर्वेक्षण टोली पुगेको थियो । सर्वेक्षणकर्तालाई कार्यालयको जानकारी वाहेक सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनको अवस्था कार्यालय प्रमुख र सूचना अधिकारीको पदीय जिम्मेवारी, सूचना व्यवस्थापनको स्थिति र समग्रमा के अपुग छ र के चाहिन्छ भन्ने यथार्थ जानकारीमा आउने गरी सोध्न ३५ वटा (११ + २४) प्रश्नहरू दिइएका थिए । लगभग डेड महिना लगाएर यो सर्वेक्षण गरिएको थियो ।



अध्ययन टोलीका प्रमुख तथा आयोगका पदाधिकारीहरुबीच छलफल

सर्वेक्षणकर्ताहरूले प्रश्नावली भरेर ल्याएपछि त्यसलाई विशेषज्ञहरूले विभिन्न कोणबाट अध्ययन विश्लेषण गरी आयोगमा सुझाव प्रतिवेदन बुझाएका थिए । त्यसपछि अध्ययन गर्ने टोलीका प्रमुख व्यक्तिहरू र अयोगका पदाधिकारीहरूबीच अध्ययन गर्दा प्राप्त अनुभव, समस्या, ऐन कार्यान्वयनको अवस्था र सुझावबारे छलफल भएको थियो ।

प्राप्त प्रतिवेदनको आधारमा भन्नुपर्दा सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनको पक्ष आशा गरेअनुरूप अघिवढेको देखिँदैन र सरकार स्वयम् यसप्रति उत्साहित छैन भने जनस्तरमा यस्तो ऐन नेपालमा पनि आएको छ र सरकारी कार्यालयहरूमा सूचनाहरू मागेपछि सम्बन्धित कार्यालयका सूचना अधिकारीले दिनै पर्छ भन्ने बोध छैन ।

## अध्ययनका मुख्य निष्कर्ष र सुझाव यसप्रकार छन् :

– अधिकांश कार्यालय प्रमुखहरुलाई सूचनाको हकसम्बन्धी ऐन छ भन्ने थाहा छ तर ऐनमा के छ भन्ने थाहा छैन ।

– अधिकांश कार्यालयमा सूचना अधिकारी तोकिएको छैन । सूचना शाखाको व्यवस्था पनि छैन । स्रोत साधनको कमीलाई नै यसको कारण बताइन्छ ।

– सूचना अधिकारी तोकिएको व्यक्तिले अरु जिम्मेवारी पनि पूरा गर्नुपर्छ । सूचना अधिकारीको बेग्लै दरबन्दी छैन । सूचना प्रवाहको काममा पर्याप्त समय र ध्यान दिन सकिन्न भन्ने भनाइ छ ।

– कार्यालयहरूमा सूचना व्यवस्थापनका लागि बेग्लै बजेट, तालिमप्राप्त जनशक्ति र स्रोत साधनको व्यवस्था छैन । सूचना व्यवस्थापनका लागि आधुनिक प्रविधिको उपयोग गर्ने कार्यालयहरूको सख्या साह्रै थोरै छ ।

– सूचना मागको निवेदन साह्रै कम परेको छ । परेको निवेदनमा सूचना दिने गरिएको छ । सूचना नपाएकोले उजुरी दिएको पाइएन ।

– दिन मिल्ने र दिन नमिल्ने सूचनाको बारेमा स्पष्टता छैन । सूचनाको वर्गीकरणको जानकारी जिल्लाका कार्यालयहरूमा पुगेको छैन ।

– सूचना माग्नेहरूमा अधिकांश पत्रकार छन् । कर्मचारीहरूमा पनि सूचना माग्ने पत्रकार मात्र हुन् र यो ऐन पनि पत्रकारको लागि हो भन्ने धारणा छ ।

– सूचना संस्कृति वा पारदर्शिता र खुलापनको बिल्कुलै अभाव छ ।

अध्ययन सम्बन्धी अन्य जानकारी, प्रतिवेदनको सुझाव र निष्कर्ष यो प्रतिवेदनको सुझाव खण्डमा दिइएको  छ ।

# खण्ड : ग

## ७. आयोगको सुझाव

### १. सूचनाको हक, आयोग र संविधान

लोकतन्त्र जनताको अभिमतबाट चल्ने व्यवस्था भएको हुनाले यो शासकीय पद्धतिलाई बलियो र सुचारु बनाउनका लागि सबै लोकतान्त्रिक देशमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक अधिकारको रूपमा राखिएको हुन्छ । नेपालको नयाँ संविधानमा पनि यी अधिकारहरूलाई नागरिकका मौलिक अधिकारका रूपमा राखिने छ भन्ने कुरामा शंका छैन । तर अधिकारलाई संविधानमा मात्रै सीमित नगरेर प्रभावकारी रूपमा लागू गर्नका लागि चाहिने कानुन र कानुन लागू र अनुगमन गर्ने गराउने स्वतन्त्र निकाय बनाउने सम्बन्धमा पनि स्पष्ट व्यवस्था हुनु आवश्यक छ । यस्तो निकायमा राज्यका सबै अंगमा सूचना प्रवाह गराउने दायित्व हुने हुनाले राष्ट्रिय सूचना आयोगलाई शक्तिशाली, स्वतन्त्र र सक्षम बनाउने व्यवस्था पनि संविधानमै उल्लेख हुनु अनिवार्य छ ।

### २. सूचनाको हक र सूचनाका माध्यम तथा प्रविधिहरू

सूचना तथा संचारका शीध्र, सरल र सस्ता नवीनतम माध्यम तथा प्रविधिहरूको निरन्तर विकास भइरहेको सन्दर्भमा सूचना अभिलेखन, व्यवस्थापन, संप्रेषण र संरक्षणका उपयुक्त माध्यम र प्रविधि अपनाइएन भने कालान्तरमा संरक्षित सूचना उपयोग गर्न नसकिने, नष्ट हुने, प्रविधि उत्पादक, नियन्त्रक कम्पनीको प्रभाव र दवाब सहनु पर्ने आदि नकारात्मक परिणाम हुन सक्छ । उदाहरणका लागि अहिले नेपालका झण्डै सबैजसो सरकारी तथा गैरसरकारी निकायले डिजिटल स्वरूपमा सूचना तयार गर्दा माइक्रोसफ्ट कम्पनीका सफ्टवेयरहरूको प्रयोग गरिन्छ । तर ती सफ्टवेयरहरू सित्तैमा प्रयोग गर्न पाइने सफ्टवेयर हैनन् । कपीराइट सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नभएको र कम्पनीले आँखा चिम्लेको अवस्थामा यस्तो भइरहको बुझिन्छ । यो स्थिति कायम रहनु उपयुक्त होइन । यसैले नेपाल सरकारले सकेसम्म चाँडो प्रविधि निर्धारक कार्यदल गठन गरी सरकारी कार्यालयले प्रयोग गर्ने सफ्टवेयरहरूका सम्बन्धमा नीति तथा ऐनकानुन बनाउनु अतिआवश्यक छ ।

### ३. सूचनाको हक र राजनीतिक संकल्प

सूचनाको हकसम्बन्धी ऐन बनाउने र संसद्मा परित गराउने चरणमा नागरिक समाज र राजनीतिक नेतृत्वमा जुन उत्साह देखिन्छ त्यो पछिसम्म कायम राख्नु सबै मुलुकका लागि समस्या बनेको देखिन्छ । ऐन बनेपछि राजनीतिक इच्छाशक्तिमा ह्रास आयो भने त्यसलाई प्रभावकारी ढंगले लागू गर्ने कुरामा राजनीतिक तथा प्रशासनिक नेतृत्वमा उत्साह र प्रतिवद्धता हुँदैन, लागू गर्ने निकायहरूमा नकारात्मक सन्देश पुग्छ । फलस्वरूप ऐनप्रति वेवास्ता र उपेक्षा बढ्छ ।

त्यसैले सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा राजनीतिक नेतृत्वले आफू दृढ रहेको स्पष्ट सन्देश दिनुपर्छ । किनकि यसको अभावमा राज्यका अन्य अंग र संयन्त्रहरूले जनतालाई सूचनामा पहुँच दिने काम उत्साहपूर्वक गर्न सक्तैनन् । त्यसैले राजनीतिक नेतृत्वलगायत राज्यका हरेक अंगका नेतृत्व र नीति निमार्णको तहका पदाधिकारीहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गर्नु आवश्यक हुन्छ । खुलापनको नयाँ संस्कृति र वातावरणप्रति आफ्नो निरन्तर र स्पष्ट समर्थन छ भन्ने प्रतिवद्धता सबैले सँधै जनाउनु पर्छ ।

## ४. सूचनाको हक र प्रेस/मिडिया

सूचनाको हकको कुरा गर्दा सबैभन्दा पहिले सरकारी तथा सार्वजनिक निकायमा रहेका सूचनामा पहुँचको अधिकारको कुरा आउँछ । निश्चय पनि सूचनाको हकको यो सबैभन्दा महत्वपूर्ण पक्ष हो । तर सूचना प्रवाहित गर्ने माध्यम, खास गरी प्रेसको पनि यसमा महत्वपूर्ण भूमिका र दायित्व हुन्छ । हाम्रो जस्तो समाजमा जहाँ आमजनता आफै कुनै सार्वजनिक निकायमा गएर सूचना माग्ने अवस्थामा छैनन्, त्यहाँ प्रेसले नै नागरिकको सूचनामा पहुँचलाई सहज बनाउने भूमिका खेल्नसक्छ ।

यसको लागि प्रेस स्वयं पनि सक्षम र जिम्मेदार बन्नु आवश्यक छ । अचेल दिनदिनैजसो मिडियामा गलत समाचार आइरहेका हुन्छन् तर तिनलाई सच्याउने काम गरिन्न । सच्याए पनि प्रभावकारी रूपमा गरिँदैन । मानिसहरूले तिनै गलत समाचारको आधारमा कुनै विषय वा घटनाको बारेमा विश्लेषण गर्छन्, आफ्नो विचार बनाउँछन्, निर्णय लिन्छन् । त्यस्ता विश्लेषण, निर्णय र विचारले निश्चय नै नकारात्मक र हानीकारक प्रभाव पार्न सक्छन् । सही समाचार प्रवाहित गर्ने दायित्वलाई पालन गरिएन भने आमनागरिक सूचनाको हकबाट बंचित हुनसक्छन् । नेपाल अहिले जुन राजनीतिक संक्रमणकालबाट गुज्रिरहेको छ त्यसलाई ध्यानमा राख्दा प्रेसको सही सूचना प्रवाहित गर्ने दायित्व अझै महत्वपूर्ण छ ।

"...... प्रेस स्वतन्त्रताको नारा ठोस रूपमा 'सूचनाको हक' (वा सूचनामा पहुँच) तर्फ केन्द्रित हुनु पर्छ । प्रत्येक विषयसँग गाँसिएका सम्पूर्ण सूचना सर्वसाधारणको अधिकार हो । किनभने आम मानिसको जीवन सरल बनाउन एवं जनगणको हक सुनिश्चित गर्ने नाममा सरकार क्रियाशील हुने गर्छ । सरकारका यिनै कार्यलाई निगरानी गर्न मिडियाले सूचना प्रवाह गर्ने दाबी गरिरहे पनि वास्तवमा प्रेस स्वतन्त्रताको आवरणमा मिडियाले वर्चश्ववादीहरूको आर्थिक-राजनीतिक एवं सामाजिक फाइदाको लागि बढी योगदान गरेको पाइन्छ । मिडियाको यो सामाजिक स्वार्थ-सम्बन्धलाई उपभोक्ताको हितमा रूपान्तरण गर्न सूचनामा सर्वसाधारणको पहुँच हुने वैकल्पिक आन्दोलनहरू अबका माग हुन् । केवल प्रतिक्रिया, वक्तव्यबाजी एवं भर्त्सनाको माध्यमबाट प्रेस स्वतन्त्रता हासिल गर्ने अपेक्षा गरियो, आक्रमण एवं घटनाहरूको ठोस छानबिन गर्दै मिडियामा गहकिलो सामग्री उत्पादन गरिएन, भाषणवाजी एवं प्रदर्शनमा बढी जोड दिइयो भने तात्विक परिवर्तन हुने छैन । सार्थक परिवर्तनको अपेक्षा गर्ने हो भने मिडियामा वैकल्पिक प्रारूपहरू निर्माण हुनु आवश्यक छ । यसले मात्र लोकतान्त्रिक समाज व्यवस्था निर्माण गर्न सघाउने छ ।" ("प्रेस स्वतन्त्रताको व्यावसायिक र राजनीतिक सन्दर्भ", भाष्कर गौतम, **मिडिया अध्ययन ३**, पृष्ठ ५५, मार्टिन चौतारी, २०६५)

जनताले मिडियाबाट विभिन्न प्रकारका कुराहरू थाहा पाउने अपेक्षा गर्छन् । समाजमा भइरहेका महत्वपूर्ण विषयहरूबारे मिडियाले जानकारी गराइराखोस् भन्ने पनि उनीहरू चाहन्छन् । संसद्मा कुनै कानुन पास हुन लागेको छ, अदालतमा महत्वपूर्ण मुद्दामा बहस भइरहको छ, सरकारले कुनै ठूलो आर्थिक नीति बनाउँदैछ वा कसैलाई भ्रष्टाचारको आरोप लागेको छ भने मिडियाले ती विषयमा सूचित गरोस् भन्ने आमजनताले आशा गर्छन् । त्यसैले मिडियाले आफू सूचित भएर जनतालाई सुसूचित गर्नका लागि सूचनाको हकसम्बन्धी ऐनको उपयोग गर्नु अति जरुरी छ ।

## ५. सूचनाको हक र गैरसरकारी संस्था

लोकतान्त्रिक राज्यमा मानवअधिकार तथा नागरिकका लोकतान्त्रिक अधिकारहरूको संरक्षण र सम्बर्द्धन गराउन, अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुवन्धहरू पालन गराउन र यससम्बन्धी कानुनहरू कार्यान्वयन गराउन सचेतना अभियान संचालन गर्नेदेखि लिएर सडकमा शान्तिपूर्ण संघर्ष गर्ने काम नागरिक समाजले गर्छन् । नेपालमा मानवअधिकार र सुशासनको लागि धेरै वर्षदेखि धेरै संस्थाहरूले नागरिक समाजको प्रतिनिधित्व गर्दै यो काम गरिरहेका छन् ।

संयुक्त राष्ट्र संघको सन् १९४८ मा पारित मानवअधिकारको घोषणा पत्रको धारा १९ मा सूचनाको अधिकार मानवअधिकारको रूपमा उल्लिखित छ । त्यसमा भनिएको छ : "हरेक व्यक्तिलाई विचार र

अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधा बिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।"

तैपनि सूचना अधिकारको विषय नेपालको लागि तुलनात्मक रूपमा नयाँ हो । तर यो अधिकार अरु सबै मानवअधिकारको पनि आधार हो भन्ने कुरा बिर्सनु हुँदैन । सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो : **सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो ।**

त्यसैले समयको मागअनुसार नेपालका मानवअधिकारका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले मानवअधिकारका अन्य विषयमाभन्दा सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनु आवश्यक छ ।

## ६. सूचनाको हक र प्रशासनिक संयन्त्र

खुलापनलाई प्रवर्द्धन गर्नु राज्यका सबै पदाधिकारीहरूको जिम्मेवारी हो । तर, व्यवहारमा राजनीतिक नेतृत्वले परिवर्तनलाई समर्थन गर्दा पनि, कर्मचारीतन्त्रको फलामे ढाँचाले खुलापनलाई बाधा पुर्‍याउन सक्छ । वर्षौंदेखि चलिआएको राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रमा जरा गाडेको गोपनीयताको संस्कार र संस्कृतिले पारदर्शिता र खुलापनलाई हुर्कन दिँदैन । सूचना, जानकारीहरू आफ्नो नियन्त्रणमा राख्न चाहने र चाहिने व्यक्तिलाई पनि नदिने प्रवृत्तिले हाम्रो समाज, सरकार र प्रशासनयन्त्रमा गहिरोसँग जरा गाडेको छ । यो प्रवृत्तिले राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रलाई जिम्मेवारीविहीन बनाउँछ । फलस्वरूप जनता लोकतान्त्रिक अधिकार र अवसरहरूबाट बंचित हुन्छन् । लोकतन्त्र व्यवहारमा लागू हुन सक्तैन । यसैले सूचनाको हक सम्बन्धी ऐन कानुन चाहिएको हो ।

विश्वमा लामो लोकतान्त्रिक शासन परम्परा भएका मुलुकहरूमा पनि सरकारी सूचनामा पहुँच र पारदर्शितामा सरकारी प्रशासनिक संयन्त्र अनिच्छुक र असहयोगी देखिएका घटनाहरू बेलाबेलामा देखिन्छन् । भारतमा सूचनाको हक कानुन सन् २००५ मा लागू भएको केही समयमै त्यहाँको व्युरोक्रेसीले सूचनाअधिकार कानुनलाई खुम्च्याउने विधेयक ल्याउन सम्बन्धित मन्त्री र राजनीतिक दलका नेताहरूलाई दवाव दिएको थियो । भारतमा सूचना अधिकारका लागि लडेका नागरिक समाजका अनुभवी अगुवाहरूको विचारमा : "स्पष्टै छ कि कर्मचारीहरूको एउटा हिस्साले सूचनाको हकलाई अप्रासंगिक बनाउने हरसंभव प्रयास गर्छ । सूचनाको हक माग्ने निवेदकहरूलाई दुःख दिन, अपमानित गर्न सक्छन् । सूचनाको दुरूपयोग कसरी रोक्ने भन्ने बहस, विवाद पनि खडा गर्न सक्छन् । यो ऐन लागू हुन नदिन वा यसलाई अधुरो बनाउन कोसिस गर्न सक्छन् । तर नागरिक समाज विचलित नभई यसलाई सामना गर्न तयार हुनुपर्छ । कर्मचारीका अपमानजनक व्यवहारबाट नआत्तिइकन निरन्तर सूचना माग्दै गर्नुपर्छ । नदिए माथिल्लो अधिकारीसँग गुनासो गर्नुपर्छ । सूचना पाउने अधिकार कार्यान्वयन गर्न हरेक तहमा प्रयास जारी राख्नुपर्छ ।" (***सूचनाधिकार नयाँ लोकतन्त्र नयी पत्रकारिता*** (पुस्तक), अरविन्द केजरीवाल, विष्णु राजगढिया, प्रभात खबर इन्स्टिच्युट अफ मिडिया स्टडिज, राँची, झारखण्ड, भारत, जुन, २००६ ।)

- नेपालजस्तो नवलोकतान्त्रिक देशमा जहाँ सरकार मात्रै होइन समाज पनि सैयौं वर्षको सामन्ती व्यवस्था र संस्कारमा हुर्केको छ, जहाँ गोपनीयता सामान्य र खुलापन अपवादको रूपमा रहेको छ, त्यहाँ अन्तरराष्ट्रिय मान्यताअनुसारको सूचनाको हकसम्बन्धी कानुन बन्नु र लागू हुनु एउटा अप्रत्याशित र ठूलो फड्को हो । तर ऐन बन्दैमा सैकडौं वर्षदेखिको संस्कार, विचार र व्यवहारमा परिवर्तन आउँदैन भन्ने कुरा अन्य मुलुकको अनुभवले पनि देखाएकै छ । कुन बहानामा, कुन बेला कस्तो ऐन, नियम, नियमावली, संशोधन वा परिपत्रद्वारा यो ऐनलाई खुम्च्याइन्छ भन्ने कुराप्रति सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि नागरिक समाजका प्रतिनिधिहरू र लोकतान्त्रिक मूल्यमान्यता बोकेका राजनीतिक दलका नेताहरू तथा जनउत्तरदायी प्रशासनका हिमायती कर्मचारीहरू सदा सचेत र प्रयत्नशील हुनु आवश्यक छ ।

- यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरू खोज्नु जरुरी छ । यस्ता उपायहरू कार्यान्वयन गर्नुपर्छ जसले गर्दा कर्मचारीहरू ऐनको भावना र मर्मअनुसार काम गर्न प्रेरित होउन् ।

- राज्यका सबै अंगका निकायहरूमा सेवा प्रवेश गर्दा सेवा प्रवेशीलाई सूचनाको हकबारे जान्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ । यसका लागि सेवा प्रवेश गर्दा लोकसेवा आयोगलगायत अन्य अयोग वा त्यस्ता निकायले लिने परीक्षाका पाठ्यक्रमहरूमा सूचनाको हकसम्बन्धी ऐन नियमका विषयहरू अनिवार्य रूपले समावेश गरिनुपर्छ ।

- सरकारी कार्यालयहरूमा सूचना/अभिलेखहरूको सिर्जना, भण्डारण, संरक्षण, पहुँच र वितरण/संप्रेषण व्यवस्थित गर्नका लागि अभिलेख व्यवस्थापनसम्बन्धी बेग्लै नीति, ऐन, नियम हुनुपर्छ । अभिलेख व्यवस्थापनलाई समन्वय गर्ने, यससम्बन्धी मानक (स्ट्याण्डर्ड) कायम गर्ने, अभिलेख व्यवस्थापनका सम्बन्धमा नियमित रूपमा शिक्षण प्रशिक्षण संचालन गर्ने बेग्लै/निश्चित निकाय हुनुपर्छ । यसका लागि राष्ट्रिय अभिलेखालयको वर्तमान भूमिकालाई परिवर्तन गरी सरकारी कार्यालयका सूचना व्यवस्थापन र प्रशिक्षणको व्यवस्था गर्ने जिम्मेवारी दिन सकिन्छ ।

## ७. तालिम र अभिप्रेरणा (इन्सेन्टिभ)

- सूचना माग्ने कामले एउटा प्रचलित प्रक्रिया भंग हुने, कुनै अनियमिता वा भ्रष्टाचार खुल्ने वा कुनै संभावित नीतिगत निर्देशनमा बाधा पार्ने हुँदा यसबारे लोकसेवक कर्मचारीहरूका प्रतिक्रिया फरकफरक हुन्छन् । कसैले आफै सक्रिय भएर सूचना दिन सक्छन् भने कसैले सूचना नदिन अनेक बहाना बनाउन सक्छन् । तर सूचना दिने जिम्मा पाएका कर्मचारीहरू सूचनाको हकका बारेमा आफै सचेत भएनन् र सूचना सार्वजनिक गर्ने, मागेको सूचना उपलब्ध गराउने काम ठिकसँग गरेनन् भने ऐनको कार्यान्वयनमा बाधा पुग्छ । त्यसैले कर्मचारीहरूलाई सयबारे सचेत र दक्ष बनाउनु आवश्यक छ ।

- गोप्यताको पुरानो र प्रचलित मान्यतामा आमूल परिवर्तन ल्याउनु सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य भएकोले सार्वजनिक निकायका सबै तहका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । तैपनि, पहिलो चरणमा सूचनाको माग पूरा गर्ने जिम्मा पाएका सबै सूचना अधिकारीहरू र तिनका विरुद्ध पहिलो उजुरी सुन्ने पदाधिकारीहरूलाई सूचना मागको निवेदन र उजुरीमाथि कसरी कारवाही गर्ने र कानुनका दफाहरूको कसरी व्याख्या गर्ने भन्ने विषयमा तालिम दिनुपर्छ ।

- सूचनाको माग पूरा गर्ने र कानुनमा व्यवस्था गरिएका सूचनासम्बन्धी अन्य काम गर्ने कर्मचारीलाई उचित अभिप्रेरणा (इन्सेन्टिभ) र पुरस्कारको पनि व्यवस्था हुनु आवश्यक छ ।

## ८. ऐनसँग बाझिने कानुनहरूको संशोधन र खारेजी र कानुन निर्माणमा एकरूपता

सूचनाको हकसम्बन्धी ऐनलाई अवरोध पुर्‍याउने कतिपय कानुन नेपालमा प्रचलित छन् । सरकारी कर्मचारीहरूको सेवा र वृत्तिविकाससँग गहिरो रूपमा सम्बन्ध भएको निजामती सेवा ऐन र नियमावली यसको एउटा उदाहरण हो । सूचना संचार गर्नबाट कर्मचारीहरूलाई रोक्ने कतिपय नियमहरू निजामती सेवाका ऐन/नियमभित्र लुकेका भेटिन्छन् । फलस्वरूप कतिपय कर्मचारीहरूले सूचना खुला गर्नुभन्दा लुकाउँदा आफूलाई सुरक्षित ठान्छन् । सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने थुप्रै ऐन नियमहरू प्रचलनमा छन् । त्यस्ता अवरोधकारी कानुनहरूले निरन्तरता पाइरहेका हुनाले अनिश्चितता सिर्जना गरेका छन् । यसले गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूलाई नयाँ कानुन अन्तर्गत कति सूचना खुला गर्ने र कति गोप्य राख्ने भन्ने निधो गर्न र काम गर्न गाह्रो भइरहेको छ । एउटा ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्को ऐनले अनधिकृत रूपले सूचना सार्वजनिक गर्‍यो भने सजायको भागिदार हुन्छ भन्छ । यस्तोमा कर्मचारीहरू

सजायको कुराप्रति बढी सचेत भएर सूचना नदिनेतिर लाग्ने संभावना बढी हुन्छ । सजायको कुराले त्रास खडा गरेको अवस्था पनि छ । फलस्वरूप सूचनामा पहुँच नदिनु सामान्य र स्वाभाविक बनेको देखिन्छ । सूचनाको हक ऐन लागू भइसकेको अवस्थामा यस्ता कानुन सक्रिय हुनुहुँदैन । सूचनामा पहुँचलाई बढाउन, त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान यस्ता कानुन बदल्नु वा संशोधन गरिनु पर्छ ।

## ९. सहयोगी ऐन कानुनको आवश्यकता

सूचनामा पहुँचको कानुन मात्रै भएर पुग्दैन । त्यसलाई सक्रिय बनाउन अरू कानुनको सहयोग चाहिन्छ । राज्यका सबै कानुनले यसलाई सघाउनु पर्छ । सूचनाको हक ऐनले अरू सबै ऐनलाई ओभरराइड गर्छ भन्ने निश्चित भएपछि मात्रै यो कानुन प्रभावकारी हुन सक्छ । 'अब पहिलेजस्तो अवस्था छैन, सूचनाको हक ऐनअनुसार काम गर्नुपर्छ' भन्ने स्पष्ट संकेत सरकारी संयन्त्रलाई पठाएर मात्रै सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा लागू गर्न सकिन्छ । यसका लागि सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने वा नमिल्ने ऐनका प्रावधानहरूलाई कम्तीमा पनि खुला सरकारको भावनासँग मेल खाने गरी फेर्नु, सुधार्नु, संशोधन गर्नुपर्छ । सूचनाको हकसम्बन्धी ऐनले अरू ऐनलाई निरस्त (Ovrride) गर्नुपर्छ ।

## १०. सूचनाको हक र वर्गीकरणको तगारो

सूचनाको हकसम्बन्धी ऐनमा सूचना दिन नमिल्ने केही विषय तोकिएका छन् । ऐनअनुसार मुख्यसचिवको अध्यक्षतामा गठित समितिले ती विषयका आधारमा केही सूचनालाई केही अवधिका लागि गोप्य राख्न सक्ने व्यवस्था ऐनमा गरिएको छ । तर उक्त समितिले गरेको वर्गीकरण भनी वितरित सूचीमा ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख गरिएका बुँदाभित्र नपर्ने कतिपय सूचनाहरू पनि दिनु नपर्ने सूचनाको वर्गमा पारिएको देखिएको हुँदा सो वर्गीकरणलाई आधार मानी सरकारी निकायहरूले सूचना दिन इन्कार गरेको अवस्थामा सूचनाको हकसम्बन्धी कानुनको मर्म र भावनामा नै कुठाराघात हुने देखिन्छ । यो वर्गीकरणमाथि तत्काल पुनर्विचार गर्नुपर्छ ।

## ११. गोपनीयताको होइन पारदर्शीताको शपथ

नेपालमा विभिन्न पदको लागि लिइने शपथलाई चलन चल्तीमा पद तथा गोपनीयताको शपथ भन्ने गरिन्छ । पदसँग गोपनीयता गाँसिएको वा शपथ भनेकै गोपनीयताका लागि हो भन्ने सोच छ । अब कुनै पनि पदाधिकारीले कामको प्रकृति हेरी ऐनअनुसार गोप्य राख्नुपर्ने कामकुरा मात्रै गोप्य राख्नुपर्छ । पदभार ग्रहण गर्दा नै एकमुष्ठ रूपमा  सूचना सार्वजनिक गर्ने काममा एकमुष्ठ प्रतिवन्ध लगाउन हुँदैन । यसो गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूमा आफ्नो कर्तव्यको बारेमा भ्रम पैदा हुनसक्छ । आफ्नो जिम्मेवारी प्रमुखप्रति हो कि जनताप्रति हो भन्ने दुविधा उत्पन्न हुनसक्छ । आधुनिक लोकतन्त्रमा गोपनीयताको सट्टा अब जनतालाई सबै कुरा खुला गर्ने पारदर्शिताको शपथ लिनुपर्छ । नत्र यसले कर्मचारीहरूलाई सूचना सार्वजनिक गर्ने कामको उल्टो सन्देश दिन्छ ।

## १२. नियमावली प्रभावकारी बन्नुपर्छ

केही देशमा संसद्ले बनाएको सूचनाको हकसम्बन्धी ऐनलाई निस्तेज पार्ने गरी सरकारले नियमावली बनाएको देखिन्छ । संसद्ले बलियो सूचनाको हक ऐन बनाए पनि कर्मचारीहरूले त्यसको प्रभाव घटाउन त्यस्तै प्रभावकारी नियम बनाउन सक्छन् वा सूचना रोक्ने आन्तरिक नियमहरू लागू गर्न सक्छन् । त्यसैले कानुन कार्यान्वयन गर्ने निकायहरू र निगरानी गर्ने निकायहरू सहायक कानुन वा नियमावली बनाएर

सूचनाको हक खोस्ने यस्ता प्रयासबारे सतर्क हुनु आवश्यक छ । सहायक वा थप कानुन वा नियमहरू मूल कानुन लागू गर्न सहयोगीको रूपमा आउनु पर्छ न कि अवरोधकको रूपमा ।

नेपालमा सूचनाको हकसम्बन्धी नियमावली आउँदा ऐनमा 'व्यवस्था गरेबमोजिम वा तोकिएबमोजिम हुनेछ' भनी उल्लेख भएका कतिपय कुराहरूलाई अझै उदारतापूर्वक राख्न सकिने थियो । उदाहरणका लागि ऐनको दफा २२ (२) मा आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने छ भनिएकोमा व्यवस्था गर्ने कामलाई आर्थिक जिम्मेवारीमा सीमित गरेर कर्मचारी नियुक्त गर्ने काम आयोगलाई नै दिन सकिन्थ्यो । त्यस्तै प्रमुख सूचना आयुक्त र आयुक्तहरूलाई दिइने पारिश्रमिक क्रमशः सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदन अदालतका मुख्य न्यायाधीशले पाउने सरह दिने भनी नेपाल सरकारले निर्णय गरेकोमा नियमावली बन्दा त्योभन्दा एकएक तह तलका पदाधिकारीले पाउने पारिश्रमिक पाउने व्यवस्था गरियो । 'तर नियमावली जारी हुँदाका बखत खाईपाई आएको मासिक पारिश्रमिक नै उपलब्ध गराइनेछ' भन्ने प्रावधान तल राखेर अहिले नियुक्त र पछि नियुक्त हुने आयुक्तको तलबमा दोहोरो मापदण्ड बनाइएको छ । सरकारले के कामका लागि कस्तो निकाय आवश्यक ठानेको हो र त्यो निकायलाई कुन हैसियतमा राख्ने भन्ने स्पष्ट निर्णय गर्नुपर्छ र त्यसअनुसार गर्नु गराउनुपर्छ । कर्मचारीहरूको अस्पष्ट र अदूरदर्शी सोच र साँगुरो तर्कको आधारमा तथा निकायका बहालवाला पदाधिकारीहरूलाई हेरेर साथै ऐनको भावना र कुनै पनि निकायको गरिमा बिर्सेर सरकारले नियमावली बनाउनु हुँदैन । आयोगको नियमावली त्यसरी बनेको देखिन्छ । अतः यसमा सरकारले स्पष्ट धारणा सार्वजनिक गरेर नियमावली संशोधन गर्नुपर्छ । यस्ता दोहोरो मापदण्डका बुँदा नियमावलीमा राख्नु हुँदैन ।

## १३. मन्त्रीपरिषद्का निर्णयहरू सार्वजनिक

सार्वजनिक निकायका बैठकहरू अपवादलाई छाडेर सबैजसो बैठक खुला हुनुपर्छ । बन्दकोठाभित्र बैठक गरिए पनि बैठक सकिएपछि, बैठकले गरेका निर्णयहरू (माइन्युट) प्रकाशित हुनुपर्छ । निर्णयमा नागरिकको पहुँच हुनुपर्छ । कुन सदस्यले कता मतदान गर्‍यो भन्ने विस्तृत रूपमा मतदानको रेकर्ड बैठकको माइन्युटमा हुनुपर्छ र त्यो जान्ने अधिकार नागरिकसँग हुने व्यवस्था गरिनुपर्छ ।

विगतमा मन्त्रीपरिषद् बैठकबाट झण्डै चार महिनाभित्र गरिएका सबै निर्णयहरू वेबसाइटमार्फत् सार्वजनिक गरिएका थिए । त्यसले राज्यका अंगहरूलाई खुला र पारदर्शी बनाउने काममा सरकारको प्रतिवद्धता र उत्साह देखाएको थियो । तर त्यसले निरन्तरता पाउन सकेन । राज्यलाई जनताप्रति उत्तरदायी बनाउने सिलसिलामा यो एउटा राम्रो र उदाहरणीय अभ्यास भएको हुनाले यो कामलाई निरन्तरता दिनु जरुरी छ ।

## १४. सूचनाको हक र उपभोक्ताको अधिकार

आधुनिक युगमा सबै नागरिकले राज्य तथा विभिन्न सर्वजनिक तथा निजी निकायहरूबाट कुनै न कुनै सेवा लिइरहेको हुन्छ । त्यस्तै प्रायः सबैजसो मानिसले कुनै न कुनै सेवा प्रदान गरिरहेको हुन्छ । युग जतिजति अगाडि बढ्दैछ त्यतित्यति सबै मानिस उपभोक्ता र सबै मानिस उत्पादक वा सेवा प्रदायक बन्ने अवस्था बढ्दैछ । कुनै पनि वस्तु/सामान वा उत्पादन र सेवा उपभोग गर्नका लागि उपभोक्ताले त्यो उत्पादन वा सेवाको मूल्य र गुणस्तर जान्नु आवश्यक हुन्छ । उपभोक्ताको यो अधिकार हो । त्यसैले उत्पादित सामान वा प्रदान गरिने सेवाका बारेमा पर्याप्त सूचना सामान वा सेवासँगै उपलब्ध गराउनु उत्पादक तथा सेवा प्रदायकहरूको पहिलो कर्तव्य हो । बिरामीले चिकित्सक वा अस्पतालबाट आफ्नो रोग तथा उपचारका बारेमा बुझिने भाषा र अक्षरमा सूचना प्राप्त गर्नु उसको अधिकार हो । बजारमा बेचिने कुनै पनि सामानको उत्पादन र उपयोगिता समाप्त हुने मिति, सामान तयार पार्दा उपयोग गरिएका आधारभूत वस्तु वा पदार्थ साथै त्यसको मूल्य उपभोक्ताले जान्न पाउनुपर्छ । त्यस्तै उपभोक्ताले खानेपानी, विजुली, टेलिफोन आदि हरेक समयमा चाहिने सेवाका बारेमा पनि नियमित र व्यापक रूपमा जानकारी पाउनुपर्छ । प्राकृतिक रूपले

उत्पादित फलफूल, तरकारी, दूध, फुल, मासुजस्ता सामग्रीमा पनि यदि तिनलाई संरक्षण गर्न वा चाँडै खानयोग्य बनाउन वा पशुपंछी तथा बनस्पतिको उत्पादन क्षमता बढाउन कृत्रिम उपाय अपनाइएको छ भने त्यसका बारेमा पनि जानकारी दिइनुपर्छ ।

नेपालमा उपभोक्ता हित संरक्षण गर्ने कानुनहरूमा उपभोक्ताका लागि पर्याप्त सूचना उपलब्ध गराउने प्रभावकारी प्रावधान हुनुपर्छ । साथै उपभोक्ताहरू पनि यसबारे सचेत भएर अधिकार माग्नुपर्छ ।

## १५. सूचनाको हक र शिक्षा क्षेत्र

असल र जिम्मेवार नागरिक बन्ने बनाउने पहिलो स्थान विद्यालय नै हो । यसैले नागरिकका अधिकार र कर्तव्यहरूको ज्ञान विद्यार्थी अवस्थाबाटै सुरु हुनुपर्छ । यसका लागि विद्यालयका हरेक तहका पाठ्यक्रममा सूचनाको हकका बारेमा कुनै न कुनै रूपमा जानकारी दिने कक्षा वा प्रवचनको व्यवस्था हुनुपर्छ ।

साथै विद्यालयका सबै हिसाब किताब, शिक्षक नियुक्ति, विद्यालय संचालक वा स्वामीहरूले कसरी विद्यालय संचालन गर्छन् भन्नेजस्ता कुराहरू विद्यार्थी र अभिभावकहरूले थाहा पाउनुपर्छ । उनीहरूबाट उठाइएको शुल्क के काममा र कसरी खर्च गरिन्छ भन्ने जान्ने अधिकार विद्यार्थी र अभिभावकलाई हुन्छ ।

परीक्षा विद्यार्थीहरूको जीवन, प्रगति र भविष्यसँग जोडिएको अत्यन्तै महत्वपूर्ण काम हो । तर परीक्षा भन्ने बित्तिकै सबै कुरा गोप्य राख्ने सोच र चलनले गर्दा यसमा धेरै विकृति आएको र कतिपय विद्यार्थीको शैक्षिक विकासमा प्रतिकूल प्रभाव परेको देखिन्छ । परीक्षामा सबै कुरा गोप्य राख्ने प्रचलनले विद्यालयहरूबीच अस्वस्थ प्रतिस्पर्धा पनि जन्माएको छ । त्यसैले परीक्षा प्रणालीमा प्रश्नपत्र, प्रश्नपत्र तयार पार्ने व्यक्ति र विधि, उत्तर पुस्तिका जाँच्ने व्यक्तिको बारेमा जानकारी गोप्य राखिएता पनि विद्यार्थीहरूले आफ्नो उत्तरपुस्तिका हेर्न तथा हरेक उत्तरमा उसले पाएको अंक जान्न पाउनुपर्छ ।

## १६. आयोगको स्थायित्वका लागि भौतिक पूर्वाधार निर्माण

राज्यका सम्पूर्ण अंगलाई पारदर्शी र जिम्मेवार बनाउने उद्देश्य लिएको सूचनाको हकसम्बन्धी ऐनलाई संरक्षण, प्रवर्द्धन र प्रचलन गराउने जिम्मेवारी बोकेको राष्ट्रिय सूचना आयोगको गहन दायित्व, यसको कामको प्रकृति र महत्व तथा आमनागरिकसँग यसको निकट सम्बन्धलाई ध्यानमा राखी आयोगको स्थायित्वका लागि आफ्नै कार्यालय भवनको आवश्यकता छ । यसको लागि सरकारले जग्गा उपलब्ध गराउने र भवन निर्माणको लागि योजना थाल्नु जरुरी छ । साथै नेपालका अन्य क्षेत्रमा पनि यसको कार्यालय खोल्नका लागि भौतिक पूर्वाधार तयार गर्नु आवश्यक छ ।

# खण्ड : घ
# परिशिष्ट

## ८. परिशिष्ट

## क : पुनरावेदन, उजुरी र निर्णय

### राष्ट्रिय सूचना आयोगमा परेका उजुरी, पुनरावेदन र निर्णयको विवरण :

| क्र. सं. | पक्ष | विपक्ष | उजुरी/पुनरावेदन को विषय | निर्णय/कारवाही | टिप्पणी |
|---|---|---|---|---|---|
| 1 | २०६५।५।८ भेदभावपूर्ण वर्गीकरणविरुद्ध संघर्ष समितिका संयोजक श्री केशव देवकोटा, काठमाडौं | प्रेस काउन्सिल नेपाल, तिलगंगा, काठमाडौं । | प्रेस काउन्सिल नेपालसँग २०६३।०६४ को पत्रपत्रिका वर्गीकरण सम्बन्धी विवरण माग गरिएको । | २०६५। ५।९ मा वर्गीकरण समितिका अध्यक्षलाई फोन गरी निवेदकलाई समयभित्रै सूचना उपलब्ध गराउन निर्देशन दिइएको । | कार्य सम्पन्न |
| 2 | २०६५।५।१२ श्री ईश्वरीदत्त भट्ट, महेन्द्रनगर नगरपालिका - ६, कञ्चनपुर | स्वास्थ मन्त्रालय र सहयोगी संस्था विश्व स्वाथ्य संगठन नेपाल | सम्बन्धित पदमा भर्ना लिँदाको योग्यता सम्बन्धी विवरण माग गरिएको | २०६५।५।१५मा समय भित्रै सूचना दिन स्वाथ्य मन्त्रालयलाई पत्र पठाएको । | यो निवेदन आयोग गठन हुनभन्दा अघि २०६४।६।६ मा सूचना तथा संचार मन्त्रालयमा प्राप्त भएको रहेछ । २०६५।५।१२ मा माग कर्ताबाट स्मरण पत्र आयोगमा प्राप्त भयो । २०६५।५।१५ मा आयोगले सूचना दिनू भनी पठाएको पत्रको आधारमा मागकर्ताले २०६५।८।१० मा मन्त्रालयसँग माग दोहोर्‍याएको पत्रको बोधार्थ पत्र आयोगमा प्राप्त भएको । २०६५।९।१३ मा स्वा. तथा ज.सं मन्त्रालय स्वासेवि, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कुष्ठरोग महाशाखाले मागिएको सूचना स्पष्ट गरी यथार्थ विवरण लेखी पठाउन सूचना  मागकर्तालाई पत्र पठाएको । २०६५।१०।२७ मा मागकर्ताले सुरु निवेदनको तपसिलका सूचना भनी चार वटा सूचना माग गरेको भनी स्पष्ट गरी पत्र पठाई आयोगलाई जानकारी दिएको । |
| **3** | २०६५।६।६ श्री राजीवकुमार सिंह, गोरखापत्र संस्थान, काठामाडौँ | गोरखापत्र संस्थान, काठमाडौँ | निजको बढुवा सम्बन्धी विज्ञापन र सूचना माग गरेको | गोरखापत्र संस्थानका सम्बन्धित पदाधिकारीलाई झिकाई सूचनाको प्रकृति बुझी सूचना उपलब्ध गराउन निर्णय गरेको । संस्थानका अधिकारीले सूचना दिन स्वीकार गरेको । | २०६५ माघमा सूचना मागकर्ताले मागेका सूचना दिएन, आलटाल गर्‍यो भनी फोनबाट आगोगलाई जानकारी दिएपछि रितपूर्वक सूचना मागी त्यसको बोधार्थ आयोगलाई दिन फोनबाट सुझाव दिइयो । |
| **4** | २०६५।८।१ अधिवक्ता श्री ऋषिराम घिमिरे, विलन्दु गाविस ५, ओखलढुंगा हाल काठमाडौँ, अधिवक्ता श्री कृष्ण पोखरेल सुनवल गाविस १, नवलपरासी, हाल काठमाडौँ | गृहमन्त्रालय, काठमाडौँ | संविधानसभा चुनावको क्रममा सुर्खेत, क्षेत्र नं १ का उम्मेदवार ऋषिप्रसाद शर्माको मृत्युको सम्बन्धमा जाँचबुझ आयोगले ०६५।४।२३ गते बुझाएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि र डिजिटल कपी माग । | २०६५।९।४ मा अयोगको निर्णय : निवेदकले ऐनले निर्दिष्ट गरेको कार्यविधि पूरा नगरेको, अर्थात् सूचना अधिकारीलाई निवेदन दिएको नदेखिएकोले सजाय हुने वा जरिवाना गर्ने अवस्था नदेखिएको हुँदा पुनरावेदन खारेज गरिएको । तर निवेदकको सूचना प्राप्त गर्ने हक सुरक्षित रहेको ठहर । | प्रकृयाको विषयमा निवेदक श्री कृष्ण पोखरेलसँग आयोगको कार्यालयमा छलफल हुँदा निजले प्रकृया पुर्‍याई ल्याउने समझदारी भएको । तर केही घण्टापछि फोन गरी आयोगलाई जुन रूपमा पुनरावेदन दिइएको छ सोही आधारमा कारवाही अगाडि बढाउने भनेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| **5** | २०६५।९।२४<br>श्री पशुपति दास, राजविराज न.पा. ४, सप्तरी | श्री केशो अनिरुद्धवती मावि, राजविराजका प्र.अ. श्री विज्यानन्द झा र स.प्र.अ. श्री खेलानन्द झा | शिक्षकहरूको नियुक्तिसम्बन्धी कागतपत्रको प्रतिलिपि माग | २०६५।१०।१५ मा आयोगले गरेको निर्णय :<br>निवेदकले मागेको सूचना तीन दिनभित्र उपलब्ध गराउनु । सजायको माग दावी गरेकोमा सजाय गर्न नपर्ने कुनै कारण भए ७ दिनभित्र कारणसहितको व्यहोरा लेखी पठाउनु ।<br><br>**सजाय**<br>उक्त निर्णयको जवाफमा मिति २०६५।११।१६ मा विपक्षी विज्यानन्द झाले पठाएको ( २०६६।०१।३०मा प्राप्त) पत्रमा पुनरावेदकले माग गरेबमोजिमको सूचना विपक्षीले नदिएको हुँदा निजलाई रु एक हजार जरिवाना गर्ने । माग गरिएका सबै सूचना सात दिनभित्र आयोगमा पठाउन र नपठाएमा विभागीय कारवाहीको लागि लेखी पठाउने आयोगले निर्णय गर्‍यो । | माग गरिएका सूचनाहरू मिति २०६६ साउन ८ गते आयोगमा प्राप्त भयो । |
| **6** | २०६५।११।५<br>श्री राकेश्वर प्रमानिराज, | पुनरावेदन सरकारी वकीलको | पुनरावेदन परेको नपरेको जानकारी माग । | २०६५।११।११ मा पुनरावेदन सरकारी वकिलको कार्यालय | निवेदकले आफ्नो मुद्दामा सरकारको तर्फबाट पुनरावेदन परेको नपरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | बन्दी वीरगंज कारागार, पर्सा | कार्यालय, पाटन, ललितपुर | | पाटन, ललितपुरलाई पुनरावेदन परे नपरेको जानकारी तीन दिनभित्र दिनु होला भन्ने पत्र पठाइयो । | जानकारी पुनरावेदक सरकारी वकिलको कार्यालयसँग मागेको कुरा कारागार कार्यालय पर्साको मिति २०६५।९।२५ को पत्रबाट खुल्न आएको । |
| **7** | २०६५।११।११ श्री पप्पु मण्डल, पर्सा, बीरगंज कारागारका बन्दी | काठमाडौँ जिल्ला अदालत, काठमाडौँ | अदालतको निर्णयको नक्कल माग । | माग गरेको सूचना दिन आदेश | निवेदकले जिल्ला अदालतको निर्णयउपर पुनरावेदन गर्नका लागि २०६५।१०।१२ मा मुद्दाको मिसिलको नक्कल माग गरी दस्तुर सहित निवेदन दिएकोमा सो नपाएको हुदा मिसिलको नक्कल पाउँ भनी आयोगमा निवेदन दिएको । |
| **8** | २०६६।०१।६ श्री गणेश बहादुर थापा, शंकरदेव क्याम्पस, बीबीए, २०६२ समूह रोल नं. ६० | डा. कमलदीप ढकाल, क्याम्पस प्रमुख, शंकरदेव क्याम्पस, काठमाडौँ | बीबीए कार्यक्रमको आ.व. २०५८/५९ देखि २०६४/६५ सम्मको आर्थिक विवरण । आ. व. २०६४/६५ को बीबीएस, एमबीएस विहानी र एमबीएस साँझ कक्षाको आर्थिक विवरण माग । | विपक्षीलाई झिकाई छलफल गरी दस दिनभित्र माग गरिएको सूचना दिने मंजुरी कागत गराइयो । | २०६६ बैशाख ३० गते मागगरिएको सूचना पाएको जानकारी पुनरावेदक तथा विपक्षीबाट प्राप्त भयो । |
| **9** | २०६६।०२।१९ श्री दुर्गाप्रसाद पन्थी, जिल्ला कृषि विकास कार्यालय कंचनपुर | कृषि तथा सहकारी मन्त्रालय, काठमाडौँ | हालसम्मको कार्यसम्पादन मूल्यांकनसम्बन्धी सूचना माग गरेको । | साउन १९ गते आयोगबाट “पुनरावेदकले माग गरेबमोजिमको पुनरावलोकन समितिको कार्यसम्पादन मूल्यांकनको अंकको जानकारी पुनरावेदकलाई पन्ध्र दिनभित्र दिनु भनी | हालसम्मको कार्यसम्पादन मूल्यांकनसम्बन्धी सूचना माग गरेकोमा आंशिक रूपमामात्रै प्राप्त भएको । सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मात्रै प्राप्त भएको, पुनरावलोकन समितिको प्राप्त नभएको । सूचनाको हकसम्बन्धी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयलाई आदेश दिने" ठहर ।<br>आयोगको आदेशमाथि पुनर्विचार गरियोस् भनी कृषि तथा सहकारी मन्त्रालयले गरेको अनुरोधमा मिति २०६४।४।१९ को निर्णयबमोजिम गर्न ⁄ गराउन मन्त्रालयलाई जानकारी दिने निर्णय । | ऐनबाट नभई निजमती सेवा ऐनबाट प्राप्त भएको । आयोगले विशेषज्ञहरूसँग परामर्श गरेको । २०६६।०३।२१ मा कृषि तथा सूचना मन्त्रालयका सूचना अधिकारीलाई बोलाइएको । असार ३१ मा उपस्थित भई साउन ७ सम्म्म पुनः उपस्थित हुने म्याद थपेको । २०६६।४।१३ मा सूचना अधिकारी उपस्थित भई दिनु पर्ने सूचना दिइसकिको लिखित जवाफ दिएको । |
| **10** | २०६६।०२।२८<br>श्री राकेश्वर प्रमानिराज, बन्दी वीरगंज कारागार, पर्सा | महान्यायाधिवक्ताको कार्यालय, काठमाडौँ | निजको मुद्दा नेपाल सरकारबाट दोहोर्‍याउने निवेदन परे नपरेको सम्बन्धमा पुनरावेदन सरकारी वकिल कार्यालयमा पत्र पठाएकोमा त्यहाँबाट महान्यायाधिवक्ताको कार्यालयमा पत्र लेखिएको, तर निवेदकले माग गरेको सूचना नपाएकोले आयोगमा सूचना माग गरेको । | उपरोक्त मुद्दामा दोहोर्‍याउने निवेदन परे नपरेको जानकारी अविलम्ब उपलब्ध गराई आयोगलाई समेत सोको जानकारी गराउन सूचना अधिकारी, महान्यायाधिवक्ताको कार्यालयलाई मिति २०६६।०२।३१ मा पत्र पठाइयो । | |
| **11** | २०६६।०२।२८<br>श्री मिङमा शेर्पा, बन्दी वीरगंज कारागार, पर्सा | सर्वोच्च अदालत, काठमाडौँ । | डाँका मुद्दामा सर्वोच्च अदालतबाट फैसला भइसकेको तर के कति दण्ड सजाय हुने भनी | माग गरिएको सूचना मागकर्तालाई उपलब्ध गराई सोको जानकारी आयोगलाई गराउन सूचना अधिकारी, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जानकारी माग गर्दा नपाएको हुँदा उक्त सूचना माग गरेको । | सर्वोच्च अदालतलाई २०६६।०२।३१ मा पत्र पठाइयो । | |
| **12** | २०६६।०३।२८<br>प्रभातकुमार गुप्ता, पर्सा जिल्ला, वीरगंज १३ आदर्शनगर, | सर्वोच्च अदालत | मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन दर्ता नगरेको र दरपीठ पनि नगरेको हुँदा सूचनाको हकसम्न्धी ऐन प्रयोग गरी दर्ता वा दरपिठ नगर्नुको कारणको सूचना माग गर्दा नपाएपछि रजिस्ट्रार समक्ष माग गरेको र रजिस्ट्रारले पनि दिन मौखिक रूपमा अस्वीकार गरेको । अतः आयोगबाटै सो मुद्दा दर्ता वा दरपिठ गराइ पाउँ भन्ने माग । | यससम्बन्धमा रजिस्ट्रार संग फोनमा कुरा गर्दा सकारात्मक जवाफ आएको हुँदा निवेदकलाई बोलाई सर्वोच्च अदालतमा उजुरी दर्ता वा दरपिठ गर्न जान भनियो । | निवेदकले सर्वोच्च अदालतमा दिएको उजुरीको सबै कागतपत्र सक्कल सहित उजुरी प्राप्त भएको । २०६६।०४।०२६ मा निवेदक प्रभातकुमार गुप्ताले मुद्दा दोहोर्‍याई पाउँ भन्ने विषयको मुद्दा पुनः दर्ता वा दरपीठ नगरे फेरि आयोगमा आउनेछु भन्ने कागत गरी सम्पूर्ण सक्कल फाइल फिर्ता लगेको । |

## ८. परिशिष्ट

## ख : प्रवर्द्धन कार्यक्रम

### सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि गरिएका प्रवर्द्धनात्मक तथा सचेतनामूलक कार्यक्रमहरूमा सहभागीहरूको नामावली :

मिति : २०६५।८।२०

स्थान : काठमाडौं

नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरूको लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक संकल्प गोष्ठी

| क्र.सं. | नाम, थर | पद | मन्त्रालय/कार्यालय |
|---|---|---|---|
| १ | डा. श्री भोजराज घिमिरे | मुख्य सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | डा. श्री कुलरत्न भूर्तेल | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३ | शंकरप्रसाद पाण्डे | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४ | गङ्गादत्त अवस्थी | का.मु.सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५ | प्रतापकुमार पाठक | का.मु.सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६ | नाथुप्रसाद चौधरी | का.मु.सचिव | उपराष्ट्रपतिको कार्यालय |
| ७ | ताना गौतम | सचिव | उद्योग |
| ८ | माधव पौडेल | सचिव | कानून न्या तथा सं.सभा व्यवस्था |
| ९ | डा. श्री त्रिलोचन उप्रेती | सचिव | कानून न्या तथा (सं.सभा व्यवस्था) |
| १० | शंकरप्रसाद कोइराला | सचिव | जलस्रोत |
| ११ | ज्ञानचन्द्र आचार्य | सचिव | परराष्ट्र |
| १२ | पूर्णप्रसाद कडरिया | सचिव | भौतिक योजना तथा निर्माण |
| १३ | वामनप्रसाद न्यौपाने | सचिव | रक्षा |
| १४ | दीपेन्द्रविक्रम थापा | सचिव | शिक्षा |
| १५ | लीलामणि पौड्याल | सचिव | सूचना तथा सञ्चार |
| १६ | छविराज पन्त | सचिव | संस्कृति तथा राज्य पुनःसंरचना |
| १७ | डा.श्री दीर्घसिंह बम | का.मु.सचिव | स्वास्थ्य तथा जनसंख्या |
| १८ | डा.सुधा शर्मा | का.मु.सचिव | स्वास्थ्य तथा जनसंख्या |
| १९ | जनकराज जोशी | सचिव | राष्ट्रिय योजना आयोगको सचिवालय |
| २० | सुशिल ज.व.रा. | सचिव | निर्वाचन आयोग |
| २१ | भगवतीकुमार काफ्ले | सचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| २३ | मोहन बन्जाडे | सचिव | नेपाल कानून आयोग |
| २४ | अवनीन्द्रकुमार श्रेष्ठ | सचिव | महालेखा नियन्त्रकको कार्यालय |
| २५ | किशोर थापा | का.मु.सचिव | जल तथा शक्ति आयोग |
| २६ | युवराज भुसाल | का.मु.सचिव | प्रशासन पुनःसंरचना आयोग |
| २७ | सुरेशकुमार वर्मा | का.मु.कार्यकारी सचिव | नेपाल ट्रष्टको कार्यालय |
| २८ | केशवराज कणेल | का.मु.सचिव | मुक्त कमैया पुनस्थापन केन्द्रिय समिति |

| | | | |
|---|---|---|---|
| २९ | दिनेशहरि अधिकारी | समन्वयकर्ता | शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय |
| ३० | सुशिल घिमिरे | का.मु.प्र.अधिकृत | राष्ट्रिय सतर्कता केन्द्र |
| ३१ | नारायणगोपाल मलेगो | कार्यकारिणी अधिकृत | काठमाडौं महानगरपालिका |
| ३२ | रत्नकाजी बज्राचार्य | निमित्त सचिव | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| ३३ | कृष्णराज अधिकारी | निमित्त सचिव | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ३४ | सूर्यप्रसाद अधिकारी | निमित्त सचिव | लोकसेवा आयोग |
| ३५ | मधव ढकाल | निमित्त सचिव | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ३६ | उद्धवप्रसाद वास्कोटा | सह-सचिव | श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| ३७ | ईश्वर सिंह थापा | सह-सचिव | वतावरण, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ३८ | गणेशप्रसाद ढकाल | सह-सचिव | वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३९ | डा अन्नपूर्णानन्द दास | सह-सचिव | वन तथा भू-संरक्षण मन्त्रालय |
| ४० | शंकरप्रसाद अधिकारी | सह-सचिव | अर्थ मन्त्रालय |
| ४१ | सोमलाल सुवेदी | सह-सचिव | स्थानीय विकास मन्त्रालय |
| ४२ | ध्रुव शर्मा | उप-सचिव | राष्ट्रपतिको कार्यालय |
| ४३ | शक्ति वस्नेत | प्र.स्व.सं. | प्रधानमन्त्रीको स्वकीय सचिवालय |
| ४४ | डा. गणेशराज जोशी | का.मु. सचिव | राष्ट्रिय सूचना आयोग |

उक्त गोष्ठीमा सहभागी आमसंचारका माध्यम र अन्य संस्थाका प्रतिनिधिहरू

| क्र.सं. | नाम, थर | पद | कार्यालय/संघ संस्था |
|---|---|---|---|
| १ | गोविन्द धिताल | समाचार सम्पादक | नेपाल टेलिभिजन |
| २ | सविन शर्मा | पत्रकार | रेडियो मिरमिरे |
| ३ | बोमलाल गिरी | पत्रकार | उज्यालो नेटवर्क |
| ४ | टंक अर्याल | | आर्टिकल -१९ नेपाल |
| ५ | सविन तुलाधर | फोटो पत्रकार | गोरखापत्र |
| ६ | प्रकाश महत | क्यामराम्यान | नेपाल टेलिभिजन |
| ७ | नरोत्तम पन्त | | |
| ८ | ओम शर्मा | प्रेस सल्लाहकार | प्रधानमन्त्रीको कार्यालय |
